# गाउँ शिक्षा योजना

## (२०८२।०८३ —२०८६।०८७)

**अन्नपूर्ण गाउँपालिका**

**अन्नपूर्ण गाउँ कार्यपालिकाको कार्यालय**

माछापोखरीकास्की ,

२०८२

**पुस्तकः** अन्नपूर्ण गाउँपालिका, प्रथम पञ्चवर्षीय गाउँ शिक्षा योजना (२०८२।०८३ –२०८६।०८७)

**प्रकाशकः** अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
माछापोखरी कास्की ,

**प्रमुख संरक्षकः**

अध्यक्षः श्री विष्णुवहादुर के.सी.

**संरक्षकः**

उपाध्यक्षः श्री चन्द्रकला देबकोटा अधिकारी

प्रमुख प्रशासकीय प्रमुखः श्री चिरञ्जीवी बराल

**गाउँ शिक्षा योजना निर्माण समिति**

१. श्री तुलसीप्रसाद अधिकारी – संयोजक, सामाजिक विकास समिति

२. श्री विष्णुप्रसाद अधिकारी – सदस्यशिक्षा अनुगमन समिति ,विज्ञ एवम् सदस्य ,

३. श्री रामचन्द्र सुवेदी, पूर्व प्र.अ. तथा क्याम्पस प्रमुख माछापुच्छ्रे मा.वि./क्याम्पस, ढिकुरपोखरी - सदस्य

४. श्री यमप्रसाद भण्डारी तत्कालीन प्र.अ. मेश्रम बराह मा.वि. घान्द्रुक तथा हाल शिक्षक, माछापुच्छ्रे मा.वि. ढिकुरपोखरी - सदस्य

५. श्री कृष्णप्रसाद अधिकारी, प्र.अ. माछापुच्छ्रे मा.वि., ढिकुरपोखरी - सदस्य

६. श्री बसन्ती देबकोटा, गाउँ शिक्षा समिति सदस्य तथा प्र.अ., पाउँदुरकोट आधारभूत विद्यालय - सदस्य

७ श्री बलराम भुगाई पूर्व शिक्षा अधिकृत, शिक्षा, युवा तथा खेलकुद शाखा, अन्नपूर्ण गाउँपालिका कास्की ( प्रारम्भिक मस्यौदा तयारीमा) – सदस्य

८. श्री दिपकराज अधिकारी, पूर्व प्र.अ. माछापुच्छ्रे मा.वि. ढिकुरपोखरी ( प्रारम्भिक मस्यौदा तयारीमा) – सदस्य

९. श्री निर्मला खड्का के.सी., शिक्षा अधिकृत, अन्नपूर्ण गाउँपालिका – सदस्य

१०. श्री सरस्वती पुन, शिक्षा अधिकृत, अन्नपूर्ण गाउँपालिका - सदस्य सचिव

विषयवस्तु तथा भाषा सम्पादनः विष्णुप्रसाद अधिकारी

**सर्वाधिकारः** प्रकाशकमा निहित

२०८३ साल बैशाख २८ गतेको गाउँ कार्यपालिकाबाट स्वीकृत

# हाम्रो भनाइ

हामीबिच सीमित साधन र स्रोतमात्र उपलव्ध छन् स्रोतको ,तर हाम्रा आवश्यकता असीमित छन् । त्यसैले उपलव्ध साधन , अधिकतम उपयोग गर्दै निर्दिष्ट समयभित्र अपेक्षित उपलव्धि हासिल गर्न योजना आवश्यक हुन्छ । विना योजनाको काम गन्तव्य विनाको यात्रा र नाउँविनाको डुङ्गा जस्तै हुन्छ । यस्तो हुन गएमा उपलव्ध साधन स्रोत र समयको सदुपयोग नभई , खेरा जाने हुन्छ । यसै कुरालाई दृष्टिगतयस पालिकाको समग्र शैक्षिक क्षेत्रको योजनाबद्ध विकास गर्ने यो गाउँ शिक्षा योजना तयार गरिएको हो ।

शिक्षाको सुव्यवस्थित विकासका लागि के गर्ने, कसरी गर्ने, कहिले गर्ने, कस–कसले केके गर्ने जस्ता पक्षहरूलाई दृष्टिगत गरी तयार पारिएको दस्तावेज शैक्षिक योजना हो । शिक्षा योजनाले कसलाई के कस्तो, कसरी र कति शिक्षा दिने भन्ने प्रश्नहरूको उत्तर प्रदान गर्दछ । शैक्षिक योजना शिक्षा क्षेत्रको दूरदृष्टि/दीर्घकालीन सोच (Vision), ध्येय (Mission), वर्तमान अवस्थाको आँकलन (SWOT analysis), उद्देश्य (Objective), लक्ष्य (Target), नीति (Policy), रणनीति (Strategies), कार्यनीति (Action Policy), कार्यक्रम (Programme), कार्ययोजना (Action Plan), स्रोतको व्यवस्था (Budgeting) र अनुगमन (Monitoring)  को समष्टि रूप हो ।

शिक्षा व्यक्ति समाज र देश विकास तथा समृद्धिको आधार हो ,। त्यसमा पनि व्यक्तिको सर्वाङ्गीण विकास गरी समाज रूपान्तरणमा शिक्षाको विशेष भूमिका हुने गर्दछ । आजको शिक्षाले मूलतः हाम्रो परिवेशमा व्याप्त बेरोजगारीलाई हल गर्दै गुणस्तरीय सहज जीवन निर्वाहमा सघाउन सक्नु परेको छ भने अर्कोतर्फ आजको अर्थतन्त्र,  प्रविधि,  स्वास्थ्य र रोजगारीजस्ता विश्व अन्तरनिर्भरता )Global dependency का बारेमा सचेत नागरिक उत्पादन गर्न सक्नु परेको छ । ( त्यस्तै वर्तमान समाजमा व्याप्त नकारात्मक सोच रनिराशालाई चिर्दै सकारात्मक सोचका साथ नैतिकवान् र उत्तरदायी नागरिक विकासको वातावरण सिर्जना गर्नु छ । त्यसैगरी शिक्षाले समसामयिक परिवेशमा सूचना प्रविधिलगायतका क्षेत्रमा प्रतिस्पर्धी हुँदै विश्व नागरिक )Global Citizenship उत्पादन गर्न सक्नु परेको छ । (अर्थात् व्यक्तिले आफूलाई आफ्नो देश वा समुदायको मात्र सदस्य नभई सम्पूर्ण विश्व समुदायको जिम्मेवार सदस्यका रूपमा बुझ्ने सोच, दृष्टिकोण र व्यवहार विकासमा सहयोग गर्न सक्नुपरेको छ । त्यसैले समकालीन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशअनुसार सक्रिय जीवन बिताउन हाम्रा बालबालिकालाई आवश्यक ज्ञान   सिप र क्षमता विकासका लागि योजनाबद्ध प्रयासको खाँचो ,छ । यसका लागि हाम्रा शैक्षिक योजनाले गुणस्तरीय, व्यावहारिकरोजगारमूलक एवम् , जीवनोपयोगी शिक्षाको माध्यमबाट सिपयुक्त, दक्ष र सिर्जनशील मानव संसाधनको विकास गरी परिवार, समाज र राष्ट्रको आर्थिक समृद्धिमा योगदान पुग्न सक्ने जनशक्ति उत्पादनमा जोड दिनु परेको छ ।

पालिकाको भौगोलिक अवस्था साधन स्रोतको समुचित परिचालन गर्दै प्रथमतः सबै ,उपलव्ध जनशक्ति , बालबालिकाहरूलाई विद्यालयको पहुँचमा पुर्याएर उनीहरूलाई नियमित गराउँदै विद्यालय तहहरू पार गराएर गुणस्तरीय अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा प्राप्तिका चुनौती हाम्रोसामु रहेको छ । त्यस्तै गरिखाने ज्ञान सिप र क्षमतासहितको , माध्यमिक शिक्षामा जोड दिनु परेको छ ।यस सन्दर्भमा विद्यालयहरूलाई आधुनिक सूचना प्रविधिसहितको भौतिक सुविधा तथा शिक्षकको पेसागत क्षमता विकास र कक्षाकोठामा त्यसको समुचित प्रयोगअभिभावक सक्रियता अभिवृद ,ृधि , विद्यालय सुपरिवेक्षण र सहजीकरण आदिका माध्यमबाट विद्यालय शिक्षामा पहुँच र सहभागिता ,समुदाय परिचालन समानता र समावेशिता तथा सान्दर्भिकतासहित परिमाणात्मक मात्र नभई गुणात्मक नतिजा प्राप्त गर्ने चुनौती ,अभिवृद्धि पालिकासमक्ष रहेको छ । यस परिदृश्यमा स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशअनुकूल आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न राष्ट्रले अँगालेको नीति तथा कार्यक्रमसमेतलाई दृष्टिगत गरी शैक्षिक पद्धतिलाई सुव्यवस्थित गरी गाउँपालिकाको समग्र शैक्षिक विकास र उन्नयनका लागि गाउँ शिक्षा योजनाको आवश्यक भएको हो ।

अन्नपूर्ण गाउँपालिका सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक, जातजाति आदि दृष्टिकोणबाट विशिष्ट पहिचान र विशेषतासहितको प्रचुर सम्भावनाहरू बोकेको एक अनुपम स्थल हो । गाउँपालिकाको भूगोल, हावापानी, प्रकृतिक स्रोत र सम्पदा, सामाजिक, सांस्कृतिक, आर्थिक, ऐतिहासिक र वातावरणीय पक्षको पहिचान, संरक्षण, संवर्धन, प्रवर्द्धन र पूर्ण उपयोग गर्ने नीति गाउँपालिकाले अवलम्बन गरेको छ । **शिक्षालाई सिपसँग, सिपलाई श्रमसँग, श्रमलाई रोजगारीसँग,**

**रोजगारीलाई उत्पादनसँग, उत्पादनलाई बजारसँग र बजारलाई आर्थिक उन्नति**सँग जोडी सुन्दर,सभ्य र समृद्ध अन्नपूर्ण निर्माणका लागि टेवा पुर्याउने उद्देश्यसहित यो पाँच वर्षे गाउँ शिक्षा योजना निर्माण गरिएको छ।

राष्ट्रियस्तरमा निर्माण भएको योजनाले स्थानीय आवश्यकता, चासो र सरोकारलगायत भौगोलिक, सामाजिक, सांस्कृतिक र प्राकृतिक विशिष्टतालाई समेट्न सकेको हुँदैन। त्यसैले स्थानीयस्तरका परम्परागत ज्ञान, श्रम, सिप, पेसा, व्यवसाय र प्रविधिलाई संरक्षण र संवर्धन गर्न, स्थानीय सम्पदा, वातावरण, पर्यटकीय स्थल र जैविक विविधताप्रति

जागरूक हुन, स्थानीय स्रोत साधनको अधिकतम परिचालन गर्न र स्थानीय संस्कृति तथा कलाकौशलप्रति सम्मान गर्दै शिक्षा प्रणालीलाई थप व्यवस्थित बनाई सिकाइ अनुकुल वातावरण निर्माणसँगै विद्यार्थीलाई अपेक्षित सिकाइ उपलब्धि र सक्षमता हासिल गराउने ध्येयका साथ  पालिकाले यो गाउँ शिक्षा योजना निर्माण गरी कार्यान्वयनमा अगाडि सारेको हो।

योजनाका विभिन्न परिच्छेदमा विद्यालय शिक्षाका मुख्य तथा अन्तरसम्बन्धित क्षेत्र लगानी र ,सुशासन तथा व्यवस्थापन , ,कार्यनीति ,रणनीति ,उद्देश्य ,अनुगमन तथा मूल्याङ्कन शीर्षकमा उल्लिखित वर्तमान अवस्था ,स्रोत व्यवस्थापन अपेक्षित नतिजा र उपलब्धिजस्ता उपशीर्षकमा गरिएक ,कार्यक्रम ा प्रवधानले विद्यालय शिक्षामा बालमैत्री सिकाइ अनुकुल वातावरण निर्माणका लागि आवश्यक वित्तीय व्यवस्थापनसहित पर्याप्त भौतिक संरचना निर्माण शैक्षिक सुशासन , सम्बद्ध जनशक्तिको क्षमता विकास र प्रयोग हुन गई प्रभावकारी शिक्षण सिकाइका माध्यमबाट अपेक् ,र व्यवस्थापनषित मानव पूँजीको निर्माण गर्न यो योजना उपयोगी हुनेछ भन्ने कुरामा योजना निर्माण समिति पूर्णरूपमा विश्वस्त रहेको छ। योजना निर्माण समिति / उपसमिति गठन, विज्ञहरूसँगको परामर्श, स्थानीय सरोकारवालाहरूसँग सुझाव सङ्कलन एवम् प्रधानाध्यापक, शिक्षक, बुद्धिजीवी, समाजसेवी र संघ/संस्थाका प्रतिनिधिहरूसँग अन्तरक्रिया लगायतका गाउँ शिक्षा योजना निर्माणका लागि निर्धारित चरणहरू पूरा गरी यो पाँच वर्षे योजना निर्माण गरिएको हो।

योजनाको प्रभावकारी कार्यान्वयन भयो भने मात्र अपेक्षित दूरदृष्टिलक्ष्य र उद्देश्यहरू , हासिल हुन सक्दछ। तसर्थ यो योजनाको प्रभावकारी कार्यन्वयनमा सम्बद्ध सरोकारवाला सबै पक्षको सक्रिय सहभागिता हुनु जरुरी छ। यसका लागि सर्वप्रथमतः योजनाका नीति तथा कार्यक्रम कार्यान्वयनका लागि पर्याप्त स्रोत र साधन विनियोजन हुन आवश्यक हुन्छ भने कार्यान्वयन सम्बद्ध सबै पक्षहरूले अपनत्वका साथ कार्यान्वयनका लागि उपयुक्त वातावरण सिर्जना गर्दै सकारात्मक क्रियाशीलता व्यवहारमा देखाउनु पर्ने हुन्छ। तत्पश्चात् योजनाको प्रभावकारी कार्यान्वयनमा शिक्षक विद्यार्थी र , अभिभावकको मुख्य भूमिका अपेक्षित हुन्छ।  यसका लागि शिक्षकले शिक्षण सिकाइ क्रियाकलापका क्रममा नवीनतम् शैलीहरूको अवलम्बन गरी विद्यार्थीहरूको सक्रिय सहभागिता सुनिश्चित हुने गरी सिकाइ सहजीकरण गर्नु पर्दछ।

यो योजना निर्माण प्रक्रियामा सक्रिय रूपमा योगदान पुऱ्याउनु हुने योजना निर्माण समितिका सदस्यहरू, अध्यक्षलगायतका जनप्रतिनिधिहरू, शिक्षाप्रेमी, समाजसेवी, राजनीतिक, आर्थिक र सामाजिक जीवनका प्रबुद्ध व्यक्तित्वहरूप्रति यो समिति हार्दिक आभारसहित विशेष धन्यवाद ज्ञापन गर्दछ। यो योजनालाई पुनरावलोकन गरी प्राविधिक तथा व्यावहारिक दृष्टि कोणबाट अमूल्य सल्लाह सुझाव प्रदान गरी यस स्वरूपमा ल्याउन महत्त्वपूर्ण योगदान दिनु हुने गाउँपालिकाका अध्यक्ष , शिक्षा तथा खेलकुद शाखालगायतका सम्बद्ध ,आर्थिक प्रशासन शाखा ,उपाध्यक्ष तथा प्रशासकीय प्रमुख अधिकृत सम्पूर्ण कर्मचारीहरूप्रति विशेष धन्यवाद प्रकट गर्दछौँ।

अन्त्यमा, यो गाउँ शिक्षा योजनालाई यस गाउँपालिकामा प्रभावकारी रूपमा कार्यान्वयन गर्न जनप्रतिनिधि शिक्षक , योजना निर्माणका क्रममा कुनै कमजोरी र त्रुटि देखिएमा त्यसमा सुधारका लागि सबैसँग रचनात्मक सल्लाह र सुझावको अपेक्षा राख्दछौँ।

**गाउँ शिक्षा योजना निर्माण समिति**

**अन्नपूर्ण गाउँपालिकाकास्की ,**

## अध्यक्षको शुभकामना

नेपालमा वर्तमान संविधानले शिक्षालाई मौलिक हक तथा राज्यको निर्देशक सिद्धान्तमा नागरिकको आधारभूत आवश्यकताका रूपमा प्रत्याभूत गरेको छ । नागरिकलाई गुणस्तरीय शिक्षा प्रदान गर्नु राज्यको सामाजिक दायित्व हो भने नागरिकको नैसर्गिक अधिकार हो। संविधानले विद्यालय शिक्षाको सञ्चालन र व्यवस्थापनको जिम्मेवारी स्थानीय तहको एकल अधिकार क्षेत्रका रूपमा र संघ तथा प्रदेश सरकारको साझा अधिकार क्षेत्रभित्र समावेश गरेकाले तीनै तहका सरकारबिच अपसी सहअस्तित्व, समन्वय र सहकार्यमा शिक्षा क्षेत्रको विकास र सुधार गर्न अवश्यक हुन्छ।

मुलुकले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा गरेका प्रतिवद्धतादिगो विकासको लक्ष्य ,, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई प्रदान गरेका शिक्षाका २३ ओटा अधिकारका साथै संघीय सरकारको विद्यालय शिक्षा क्षेत्र योजनाशिक्षा , नीति २०७६ साह्रौ पञ्चवर्षीय लगायत ,प्रदेशको पञ्चवर्षीय योजना गाउँ पालिकाको आवधिक पञ्चवर्षीय योजना आदिलाई , मार्गदर्शकका रूपमा लिई यो ५ वर्षे गाँउ शिक्षा योजना तयार गरिएको छ।

समाज परिवर्तनको बाहकका रूपमा रहेको शिक्षालाई समयसापेक्ष, वैज्ञानिक, व्यावसायिक र रोजगारमूलक बनाउँदै लोकतान्त्रिक राष्ट्र निर्माणका लागि बलियो आधारशीलाका रूपमा विकास गर्नुपर्ने बेला आएको छ । विद्यालय उमेरका बालबालिकाहरूलाई गुणस्तरीय अनिवार्य तथा निःशुल्क शिक्षाको पहुँच पुर्याउन, शैक्षिक सुशासन र व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउँदै सेवा प्रवाहको अवस्थालाई प्रभावकारी बनाई सबै बालबालिकालाई सिकाइका समतामूलक अवसरहरू सिर्जना गर्न यो पाँच वर्षे गाउँ शिक्षा योजना निर्माण गरिएको हो । पालिकाभित्रका विद्यालय उमेरका सबै बालबालिकाहरूलाई विद्यालय शिक्षाभित्र ल्याई गुणस्तरीय शिक्षा प्रदान गर्दै थप प्रभावकारिता अभिवृद्धि गरी दिगो बनाउने चुनौती रहेको छ । त्यस्तै समुदायमा डिजिटल साक्षरताका साथै निरन्तर सिकाइलाई बढावा दिनु परेको छ । यसरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा देखिएको वर्तमान शिक्षाको व्यवस्थापन र गुणस्तरीयताको चुनौतीहरूलाई सामना गर्दै विकसित भइरहेको नयाँ–नयाँ प्रविधि र ज्ञान विज्ञानको प्रयोगलाई बढावा दिँदै सम्पूर्ण बालबालिका, युवा तथा प्रौढ नागरिकहरूको समेत मौलिक अधिकारको परिपूर्ति गर्न आवश्यक साधन स्रोत र जनशक्तिको , व्यवस्था गर्ने अभिप्रायले यो योजना सरोकारवाला पक्षको सहभागितामा तयार पारिएको हो।

विद्यालय तहका नियमित शैक्षिक कार्यक्रमका अतिरिक्त निरन्तर शिक्षा, विशेष शिक्षा, प्राविधिक शिक्षालय, शिक्षा क्याम्पस, शिक्षाका अन्तरसम्बन्धित मुद्दाहरू, विपद् व्यवस्थापनसँगै समग्र शिक्षाको सुशासन र व्यवस्थापनका पाटोलाई समेटेर तयार पारिएको योजनाले अन्नपूर्ण गाउँपालिकाको शैक्षिक मार्गदर्शन गर्ने कुरामा म विश्वस्त छु। साथै यस योजनाको विकास कार्यमा सहयोग गर्नुहुने उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, योजना निर्माण समितिका संयोजक तथा सदस्यहरू, सबै वडाका वडा अध्यक्षलगायत जनप्रतिनिधिहरू, शिक्षा, युवा तथा खेलकुद शाखाका कर्मचारी ,शिक्षक साथीहरू र सम्पूर्ण सरोकारवाहरूलाई स्मरण गर्न चाहन्छु। यस योजना कार्यान्वयनलाई प्रभावकारी र नतिजामुखी बनाउन शिक्षाको गुणस्तर अभिवृद्धिलाई उच्च प्राथमिकता दिँदै अनुगमन, मूल्याङ्कन र सक्षम व्यवस्थापनद्वारा यसको लक्ष्य र उद्देश्यहरू पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्दछु। साथै योजना कार्यान्यनमा सबै सरोकारवालाको अपनत्व र सक्रिय सहयोग हुने अपेक्षा गरेको छु। अन्तमा यस गाउँ शिक्षा योजनाको सफल कार्यान्वियनका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

**विष्णुबहादुर के.सी.**
**अध्यक्ष**
अन्नपूर्ण गाउँपालिका, कास्की

# उपाध्यक्षको शुभकामना

नेपालको संविधान २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति सुशासन, विकास र समृद्धिको आकाङ्क्षा गरेअनुसार शिक्षालाई वैज्ञानिक प्राविधिक, व्यावसायिक, सिपमूलक र रोजगारमूलक बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनस्रोत तयार गर्न शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउने राज्यको नीति लिएको छ। साथै प्रत्येक संविधानले नागरिकलाई आधारभूत शिक्षाको पहुँचका साथै अनिवार्य र निःशुल्क आधारभूत शिक्षा तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने मौलिक हकको व्यवस्था गरेको छ। उक्त संवैधानिक व्यवस्था कार्यान्वयनमा ल्याउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई प्रदान गरेका शिक्षाका २३ ओटा अधिकार प्रदान गरेको छ। यसका साथै संघीय सरकारको विद्यालय शिक्षा क्षेत्र योजनाशिक्षा , नीति २०७६ साह्रौ पञ्चवर्षीय योजना र गाउँ पालिकाको आवधिक पञ्चवर्षीय योजना आदिले पनि विद्यालय , शिक्षाको व्यवस्थापनका लागि मार्गप्रशस्त गरेका छन्।

विद्यालय तहका शैक्षिक मुद्दा तथा चुनौतीहरूलाई प्राथमिकताका आधारमा समाधान गर्नका निमित्त संघ तथा प्रदेश सरकारका प्रयासका साथै गाउँपालिकाका जनप्रतिनिधि, गाउँ शिक्षा समिति, विद्यालयहरू, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघप्रधानाध्यापक ,, शिक्षक र अन्य सम्बद्ध सरकारी तथा गैरसरकारी संस्थाहरूबाट विभिन्न प्रयत्न हुँदै अएका छन्। यिनै प्रयत्नहरूलाई सुव्यवस्थित रूपमा योजनाबद्ध बनाउन सम्बद्ध सरोकारवाला र विज्ञहरूको अन्तरक्रिया एवम् छलफल सम्पन्न गरी यो गाउँ शिक्षा योजना निर्माण गरिएको छ। यसले पालिकाको शिक्षा सम्बन्धी दूरदृष्टि र अपेक्षित ,कार्यनीति ,रणनीति ,उद्देश्य ,लक्ष्य , उपलव्धि जस्ता पक्षलाई स्पष्ट गरेको छ। साथैयोजना कार्यान्वयनका लागि आवश्यक साधन स्रोतको व्यवस्थापन लगायत अनुगमन र निरीक्षणका पाटोहरूलाई मार्गनिर्देशित गरेको छ। यसले प्रारम्भिक बालविकास र शिक्षा माध्यमिक ,आधारभूत शिक्षा , प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम र अनौपचारिक शिक्षा र आजीवन सिकाई ,शिक्षा जस्ता क्षेत्रहरूका अतिरिक्त विद्यालयको भौतिक पूर्वाधार विकास शैक्षिक ,शैक्षिक समता र समावेशिता ,शिक्षक व्यवस्थापन र विकास ,सूचना प्रविधि , लगानी र स्रोत व्यवस्थापन आदि पक्षमा स्पष्ट मार्ग प्रशस्त गरेको छ। ,सुशासन र व्यवस्थापन

अवको शिक्षाले व्यक्तिलाई कोरा ज्ञान मात्र नभएर विभिन्न प्रकारका सिपसहित समाजमूल्य सिकाउन सकेमा स्थानीय राष्ट्रिय र , ,अन्तर्राष्ट्रिय श्रमवजारमा सहजै समायोजन हुँदै कामको संसारमा प्रवेश पाउने आयआर्जन र आम्दानीको बढोत्तरी भई हामीले कल्पना गरेको समृद्ध र समुन्नत समाजको ढोका खुल्ने हुन्छ। यस्तै विश्वव्यापी रूपमा उठाइएको जीवनोपयोगी सीपहरू, अन्नपूर्ण क्षेत्रका परम्परागत, मौलिक ज्ञान, सिप, संस्कृति र सभ्यताका असल पक्षहरूलाई संरक्षण, संवर्धन गर्दै नयाँ पुस्तामा हस्तान्तरणका माध्यमले शिक्षित, सुसंस्कृत र समृद्ध अन्नपूर्ण गाउँपालिका बनाउने पवित्र सोच बोकेको यो योजनाको सफल कार्यान्वयनका लागि आफ्नो तर्फबाट सबैखाले प्रयत्न गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।अन्तमा योजना निर्माण कार्यमा खटिने समितिका पदाधिकारीहरू तथा अमूल्य सुझाव, सल्लाह र मार्गदर्शन उपलब्ध गराउने सबै व्यक्तित्वहरूप्रति धन्यवाद एवम् कृतज्ञता व्यक्त गर्दै योजनाको ठोस रूपमा कार्यान्वयनमा जुट्नको लागि सबैमा अपिल गर्दछु।

**उपाध्यक्ष**
**चन्द्रकला देबकोटा अधिकारी ,**
अन्नपूर्ण गाउँपालिका, कास्की

# प्रमुख प्रशासकीय अधिकृतको शुभकामना

नेपालको वर्तमान संविधानले संघ, प्रदेश र स्थानीय तहका आआफ्ना अधिकार र कार्यक्षेत्रहरू निर्दिष्ट गरेको छ। संविधानले नै विद्यालय शिक्षाको सञ्चालन र व्यवस्थापनको जिम्मेवारी स्थानीय तहको एकल अधिकार क्षेत्रका रूपमा समावेश गरेकाले विद्यालय शिक्षाको सञ्चालन र व्यवस्थापन मुख्य जिम्मेवारी स्थानीय तहको हो। यस कार्यका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले शिक्षासम्बन्धी २३ वटा काम कर्तव्य र अधिकार प्रदान गर्नुका साथै संघीय तहबाट विद्यालय शिक्षा क्षेत्र योजना , शिक्षा नीति २०७६ साह्रौ पञ्चवर्षीय योजना आदिले शिक्षा क्षेत्रका कार्यलाई मार्गनिर्देशित गरेका छन्। यी नीतिगत तथा , कार्यक्रमगत दस्ताबेजका अतिरिक्त प्रदेशको पञ्चवर्षीय योजना र गाउँपालिकाको पञ्चवर्षीय योजना आदिका आधारमा यो

वि.सं. २०१३ सालदेखि राष्ट्रियस्तरमा तयार गरिएको योजनाले स्थानीय तहका सवै आवश्यकताको सम्बोधन गरी तिनको परिपूर्ति गर्न कठिनाइ भइरहेको सन्दर्भमा २०५७ सालदेखि शिक्षा क्षेत्रमा भएको विकेन्द्रित योजनाको अभ्याससमेतलाई दृष्टिगत गरी विद्यालय शिक्षामा समतामूलक पहुँच, गुणस्तर, सक्षमता, सान्दर्भिकता, समावेशीकरण, सुशासन तथा व्यवस्थापन आदि पक्षको सुनिश्चित गर्नका लागि स्थानीय तहमा उपलब्ध स्रोत र भौतिक, वित्तीय र मानवीय साधनको अधिकतम् परिचालन गर्नुपर्ने वास्तविकतालाई मध्यनजर गर्दै अन्नपूर्ण गाउँपालिकाले यो पञ्चवर्षीय गाउँ शिक्षा योजना निर्माण गरी कार्यान्वयनमा ल्याउन लागेकोमा मलाई अत्यन्तै खुसी लागेको छ।

कुनै पनि ठाउँको समग्र विकासको मूल आधार शिक्षाको विकास हो भन्ने कुरालाई आत्मसात् गरी उपलब्ध ऐन, कानुन, नीति, नियम तथा अन्य दस्तावेजहरूको गहन अध्ययन गरी नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, पञ्चवर्षीय योजनाहरू, विद्यालय शिक्षा क्षेत्र योजना तथा उपलब्ध स्रोतको परिधिमा रहेर स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनीधिहरूसँग चरणवद्ध रूपमा छलफल गरी निर्माण गरिएको यो शैक्षिक योजना गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि महत्त्वपूर्ण दस्तावेज हुनेछ भन्ने मैले विश्वास लिएको छु।

पहिलो अनुभवमा नै योजना निमार्ण गर्नु जटिल एवं चुनौतीपूर्ण भएको सन्दर्भमा योजना निर्माण समितिका सदस्यहरू गाउँपालिका , अध्यक्षज्यू, उपाध्यक्षज्यू, सामाजिक विकास समिति, कार्यपालिका र शिक्षा समितिका आदरणीय पदाधिकारीज्यूहरू, प्रधानाध्यापकज्यूहरू, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीज्यूहरू तथा योजनालाई निखार ल्याउनका लागि आआफ्नो ठाउँबाट अमूल्य सहयोग, सुझाव र पृष्ठपोषण प्रदान गर्नुहुने सम्पूर्ण शैक्षिक सराकारवालाहरूमा हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु।

यस योजनाको प्रभावकारी कार्यान्वयनका लागि प्रशासनिकव्यवस्थापकीय तथा वित्तीय ,रूपमा सक्दो कार्य वातावरण सिर्जना गर्ने प्रतिबद्धतासहित सम्बद्ध सबै सरोकारवालाहरूको सकारात्मक र सक्रिय सहयोगको अपेक्षा गरेको छु। अन्तमा यस योजनाको पूर्ण कार्यान्वयनका लागि शुभकामना पनि व्यक्त गर्न चाहन्छु।

धन्यवाद।

**चिरञ्जीवी बराल**
**प्रमुख प्रशासकीय अधिकृत**
अन्नपूर्ण गाउँपालिका, कास्की

# शिक्षा युवा तथा खेलकुद शाखाको भनाइ

शिक्षा हरेक प्रकारका विकासको मेरुदण्ड हो। हरेक क्षेत्रको विकासका लागि शिक्षाको विकास अपरिहार्य रहेको हुन्छ। अन्य क्षेत्रको विकासका लागि आवश्यक मानव पुँजीलगायत सबै प्रकारको पुँजी, साधन स्रोत र प्रविधिको परिपूर्ति शिक्षाले गर्दछ। त्यसैले शिक्षा क्षेत्रको विकास नभएसम्म अन्य क्षेत्रको विकास अधुरो र अपुरो हुने गर्दछ। यसै कुरालाई दृष्टिगत गरी नेपालको संविधानले राज्यका निर्देशक सिद्धान्त र नीति तथा मौलिक हकमा शिक्षालाई प्राथमिकता प्रदान गरेको छ।

संवैधानिक नीतिले  शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक र रोजगारमूलक बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनस्रोत तयार गर्न शिक्षा क्षेत्रमा राज्यको लगानी अभिबृद्धि गर्दै उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउने उल्लेख गरेको छ। राज्यको उक्त नीतिबमोजिम प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको पहुँचका लागि सो तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने मौलिक हकको व्यवस्था गरेको छ। उक्त संवैधानिक व्यवस्था कार्यान्वयनमा ल्याउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई शिक्षाका २३ ओटा अधिकार प्रदान गरेको छ। यसका साथै संघीय सरकारको शिक्षा नीति २०७६, साह्रौ पञ्चवर्षीय योजना तथा विद्यालय शिक्षा क्षेत्र योजना (SESP) कार्यान्वयनमा रहेको छ। यस अन्नपूर्ण गाउँपालिकाले स्वीकृत गरेको आवधिक पञ्चवर्षीय योजनालाई समेत मध्यनजर गरी उक्त दस्ताबेजका नीति, कार्यक्रम र मापदण्डका आधारमा यो पञ्चवर्षीय गाउँ शिक्षा योजना (२०८२।०८३ –२०८६।०८७) निर्माण भई कार्यान्वयनका लागि अघि सारिएको हो।

यो योजना स्थानीय सराकोरवालाहरूको सहभागितामा विषयविज्ञहरूले गाउँपालिकाको हालको भौगोलिक अवस्था, जनसाङ्ख्यिक संरचना, सामाजिक तथा सांस्कृतिक, आर्थिक र शैक्षिक अवस्थाको विश्लेषण गरी त्यसबाट प्राप्त सूचना र जानकारीका आधारमा पालिकाका मुख्य शैक्षिक समस्या र चुनौतीहरूको विश्लेषण (सवल पक्ष, दुर्वल पक्ष, अवसर र चुनौती) का आधारमा तयार पारिएको हो। यो शिक्षा योजना एक रणनैतिक दस्तावेज हो, जसले गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि मार्गदर्शन गर्ने अपेक्षा गरिएको छ।

जम्मा ७ परिच्छेदमा विकास गरिएको यो योजनामा पहिलो परिच्छेदको परिचयात्मक खण्डमा पालिकाको वर्तमान अवस्था,  मुख्य समस्या तथा चुनौतीको विश्लेषण गरिएको छ भने परिच्छेद दुईमा योजनाका दूरदृष्टि, उद्देश्य, रणनीति, कार्यनीति तथा लक्ष्य निर्धारण गरिएको छ। परिच्छेद तीनमा  शिक्षाका मुख्य उपक्षेत्रहरू प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत शिक्षा,  माध्यमिक शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, अनौपचारिक शिक्षा र आजीवन सिकाइ समावेश र उच्च शिक्षा समावेश गरिएको छ। परिच्छेद चारमा अन्तरसम्बन्धित विषय तथा क्षेत्रका रूपमा पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, विद्यालय भौतिक पूर्वाधार विकास र विद्यालयमा सूचना तथा सञ्चार प्रविधि र युवा खेलकुद तथा अतिरिक्त क्रियाकलाप समावेश गरिएको छ। परिच्छेद ५ मा सुशासन तथा व्यवस्थापन समावेश गरिएको छ। परिच्छेद ६ मा लगानी र स्रोत व्यवस्थापन गरिएको छ। परिच्छेद ७ मा अनुगमन तथा मूल्याङ्कन समावेश गरिएको छ।

यो महत्वपूर्ण दस्तावेज जनप्रतिनिधिहरू, विभिन्न समितिका पदाधिकारीहरू, विद्यालयका प्र.अ., शिक्षक र प्राध्यापक स्थानीय विज्ञ, विषय विज्ञलगायत सम्पूर्ण सरोकारवालाहरूको निरन्तर प्रयासबाट सम्भव भएको हो। त्यसकारण यस योजना निमार्णका क्रममा आवद्ध हुनु भएका सम्पूर्ण सरोकारवाला, विभिन्न तह र तप्काका व्यक्ति तथा संस्थाप्रति शाखाको तर्फबाट हार्दिक आभार प्रकट गर्दछौँ। यसै गरी शैक्षिक योजनाको मर्मलाई बुझेर योजना बनाउन र लागु गर्न तत्परता देखाउनु हुने अध्यक्षज्यू, उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू र अरू जनप्रतिनिधिज्यूहरू, पालिकाका विभिन्न शाखाका साथीहरू,  विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीज्यू, प्रधानाध्यापक, शिक्षकहरूलगायत योजना निर्माण कार्यसँग सम्बद्ध अन्य सम्पूर्ण महानुभावहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ। साथै यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने साधन स्रोत जुटाउन र कार्य वातावरण सिर्जना गरिदिनु सम्बद्ध सबैप्रति विशेष अनुरोध गर्दछौँ। अन्त्यमा, यो योजनाको प्रभावकारी कार्यान्वयन र अर्थपूर्ण नतिजाको लागि यहाँहरूको रचनात्मक सुझावको अपेक्षासहित समग्र गाउँपालिकाको शैक्षिक उन्नयन, बढोत्तरीका लागि यसको सफल कार्यान्वयनको कामना गर्दछौँ।

शिक्षा, युवा तथा खेलकुद शाखा
अन्नपूर्ण गाउँपालिका कास्की

# योजनाको कार्यकारी सारांश

कुनै पनि योजना उपलव्ध साधन र स्रोतको अधिकतम् उपयोग गरी पूर्व निर्धारित समय सीमाभित्र अपेक्षित उपलव्धि हासिल गर्ने अभिप्रायले निर्माण गरिन्छ। नेपालमा योजनाबद्ध विकासको थालनी वि.सं. २०१३ सालबाट सुरु भएको पाइन्छ। नेपाल संघीयतामा प्रवेश गरेसँगै शैक्षिक योजनालाई माथिल्लो तहबाट थोपरिने विषयभन्दा पनि जसका लागि योजना चाहिने हो, उनीहरूको आवश्यकता र चाहना पहिचान गरी उनीहहरूकै सहभागितामा योजना बनाउने अभ्यास प्रारम्भ भएको छ।

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य, सोह्रौँ पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षासम्वन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय संरचनाअनुरूप कार्यान्वयन गर्दै विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न यो गाउँ शिक्षा योजना निर्माण गरिएको हो । यस योजनाले विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधा बिहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्ने दिशामा महत्त्वपूर्ण मार्गचित्र (Roadmap) हुने अपेक्षा गरिएको छ।

## १. पृष्ठभूमि

विद्यालय शिक्षाको सुशासन तथा व्यवस्थापनलाई व्यवस्थित गर्दै सुदृढीकरण गर्न शैक्षिक योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। शिक्षा योजनाले शैक्षिक सेवा प्रभावकारीरूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पहुँच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि मार्गचित्र प्रदान गर्दछ।

नेपालको वर्तमान संविधानले विद्यालय शिक्षालाई स्थानीय तहको एकल अधिकार क्षेत्रमा राखेको छ। तथापि स्थानीय तहबाट विद्यालय शिक्षा सञ्चालन र व्यवस्थापन गर्दा संघीय तथा प्रादेशिक नीति, योजना तथा कार्यक्रमलाई आधार मान्नुपर्ने व्यवस्था रहेको छ। वर्तमान विद्यालय शिक्षाको योजनाबद्ध विकासका लागि संघीय शैक्षिक योजनाका रूपमा विद्यालय शिक्षा क्षेत्र योजना रहेको छ भने प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको योजना तथा कार्यक्रम तय भई कार्यान्वयनमा छन्। त्यसैगरी संघीय तथा प्रादेशिक र पालिकास्तरीय विद्यालय शिक्षासम्बन्धी नीति, कानुन, योजना र कार्यक्रमलाई आधार लिनु पर्ने हुन्छ। साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ र नियमावली, २०७७ पनि गाउँ शिक्षा योजनाका मार्गदर्शक दस्तावेज हुन्। यसैगरी स्थानीय अवस्थाको पहिचान र आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तहस्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ। यसै सन्दर्भमा स्थानीय तह शिक्षा योजना निर्माणका लागि यो ५ वर्षे योजना तयार गरिएको छ।

## २. शिक्षा योजना निर्माणको आवश्यकता

वर्तमान संविधानप्रदत्त शिक्षा सम्बन्धी अधिकार अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) ज. मा उल्लिखित आधारभूत र माध्यमिक शिक्षासम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमनको व्यवस्था भएअनुरूप अन्नपूर्ण गाउँपालिकाले आफ्नो कार्यक्षेत्रको शिक्षा योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्ने महसुस गरी यो योजना तयार गरेको हो। आर्थिक वर्ष २०७९/८० देखि नेपाल सरकारले बदलिँदो परिवेश अनुसार विद्यालय शिक्षामा समता, गुणस्तर तथा सक्षमतालाई सुदृढ गर्ने विषयलाई निरन्तरता दिन, कार्यक्रमहरूको सान्दर्भिकता तथा सुधारको सुनिश्चितता गर्न, प्राथमिकता तथा मुद्दाहरूको सम्बोधन गर्न र नयाँ रणनीतिक कार्यक्रमहरूलाई एकीकृत गर्नका लागि विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयन गरिरहेको छ। यसै सन्दर्भमा यस गाउँपालिकामा पनि गुणस्तरीय विद्यालय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्न शैक्षिक व्यवस्थापन र संस्थागत सुशासनलाई प्रभावकारी बनाउँदै गुणस्तरीय शिक्षाको प्रवर्धन गर्न आ.व. २०८२/८३ देखि २०८६/८७ सम्म कार्यान्वयन हुने गरी यो गाउँ शिक्षा योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने प्रयास गरिएको हो।

यस योजनाले विद्यालयहरूको भौतिक एवम् शैक्षिक पूर्वाधार विकासमा सहयोग पुर्याउनु साथै विगतमा पूरा गर्न नसकिएका विषय र वर्तमान चुनौतीहरूको अन्तर घटाउन सहयोग गर्ने अवसरका रूपमा लिँदै परिवर्तित परिस्थिति अनुसार कार्यान्वयनमा लचकता अपनाउन सकिने गरी नयाँ योजना, कार्यक्रम र भावी कार्यदिशा तय गरेको छ।

## ३. स्थानीय तहमा योजना निर्माणको औचित्य

यो गाउँ शिक्षा तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुका पछाडि निम्नलिखित औचित्य रहेका छन् :

- तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थपित गर्न
- सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न

- कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न
- साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन
- शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन ।

**४. शिक्षा योजना निर्माणका आधार**

यो गाउँ शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाउने प्रयास गर्नुका साथै अन्य सान्दर्भिक सामग्रीको सहयोग पनि लिइएको छः

क) नेपालको संविधान
ख) नेपाल सरकारको सोह्रौँ आवधिक योजना
ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४
घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन, २०७७
ङ) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावलीहरू
च) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan- SESP)
छ) राष्ट्रिय शिक्षा नीति, २०७६ नेपाल सरकार तथा स्थानीय सरकार सम्बद्ध नीति तथा कार्यक्रमहरू
ज) दिगो विकास लक्ष्य तथा राष्ट्रिय कार्यढाँचा
झ) स्थानीय तथा प्रदेशको तहको आवधिक योजना
ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (संशोधनसमेत, २०८१)
ट) राष्ट्रिय जनगणनाको प्रतिवेदन, २०७८
ठ) सम्बद्ध एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) प्रतिवेदन र संघीय फ्ल्यास रिपोर्ट
ड) पालिकाभित्रका विद्यालयका विद्यालय सुधार योजना
ढ) अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

यो शिक्षा योजना निर्माण गर्दा स्थानीय तहका अन्य क्षेत्र जस्तै कृषि, स्वास्थ्य, पूर्वाधार विकास आदि सम्बन्धी योजना तथा कार्यक्रमका साथै विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनालाई कार्यान्वयन सहजीकरण हुने गरी त्यस्ता योजनाबिचको अन्तर्सम्बन्ध कायम गर्दै योजना तर्जुमा गर्ने प्रयास गरिएको छ । यसका लागि सम्बद्ध शाखाहरू र कर्मचारीहरूसँग पनि समन्वय गर्ने प्रयास गरिएको छ । साथै शिक्षा योजना निर्माण गर्दा बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गमैत्री, विभिन्न प्रकोप तथा जलवायु परिवर्तनप्रति उत्थानशील, सफा तथा स्वच्छ भौतिक पूर्वाधार र हरित विद्यालय निर्माण गरी अनुकूल सिकाइ वातावरणको प्रबन्ध तथा त्यसको सबलीकरण गर्ने तर्फ पनि ध्यान दिइएको छ ।

**५. शिक्षा योजना निर्माण प्रक्रिया**

यो शिक्षा योजनाको निर्माणमा मूलतः सहभागितामूलक प्रक्रिया अवलम्बन गर्ने प्रयास गरिएको छ । देहायका विषयलाई ध्यान दिनुपर्छ । यो गाउँ शिक्षा योजना निर्माणको क्रममा ध्यान दिइएका विषय र अवलम्बन गरिएका प्रक्रिया देहाय अनुसार रहेका छन् :

क) गाउँ सभा / गाउँ कार्यपालिकाका बैठकका निर्णय
ख) योजना निर्माण समितिको गठन
ग) स्थानीय तहको शिक्षा क्षेत्रको अवस्था विश्लेषण
घ) विभिन्न तहका सरोकारवालाहरू जस्तै: पालिकाका विभिन्न पदाधिकारी र कर्मचारीहरू, जनप्रतिनिधिहरू, गाउँ शिक्षा समिति, शिक्षा अनुगमन समिति, विद्यालयका प्रधानाध्यापक र शिक्षक प्रतिनिधि, विद्यालय व्यवस्थापन समिति / शिक्षक अभिभावक सङ्घका प्रतिनिधि, गैरसरकारी संस्थाका प्रतिनिधिहरू लगायत अन्य सम्बद्ध पक्षहरूका सुझाव तथा पृष्ठपोषण
ङ) पालिकाका विभिन्न पदाधिकारी र कर्मचारीहरू तथा अन्य तहमा छलफल तथा पृष्ठपोषण
च) योजनाको मस्यौदा तयारी
छ) मस्यौदामाथि सम्बद्ध सरोकारवालाको सुझाव सङ्कलन तथा पृष्ठपोषण
ज) योजनाको अन्तिम मस्यौदा तयारी
झ) मस्यौदा योजनाको लेखाजोखा र सुझाव समायोजन
ञ) कार्यपालिकाबाट योजनाको स्वीकृति र कार्यान्वयन

### ६. योजनाको लेखाजोखा गरी बजेट विनियोजन

प्रस्तुत शिक्षा योजना निर्माण गरिसकेपछि सो योजनाका उद्देश्य प्राप्तिका लागि तय गरिएका रणनीति तथा कार्यक्रम अनुसारका अपेक्षित उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यअनुसार लगानी तथा स्रोत व्यवस्थापनका सम्भावित उपायसहित बजेट विनियोजन गर्ने प्रयास गरिएको छ ।

### ७. योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक संयन्त्रको व्यवस्था गरी योजना कार्यान्वयनको सुनिश्चतता प्रदान गर्ने प्रयत्न यस योजनामा गरिएको छ । तथापि यस योजनालाई कार्यान्वयनका क्रममा प्राप्त अनुभव र सिकाइ (Lession Learned) का आधारमा थप परिमार्जन गर्दै कार्यान्वयन गर्न सकिने गरी लचिलो बनाउने प्रयास गरिएकाले योजना कार्यान्वयन गर्दै जाँदा प्राप्त हुने अनुभव, पृष्ठपोषण र सिकाइ समेतलाई दृष्टिगत गरी थप परिमार्जनसहित कार्यान्वयन गर्न सकिने छ ।

## संक्षिप्त शब्दावली

आ.व. : आर्थिक वर्ष
एसइइः सेकेन्डरी एजुकेसन इक्ज्यामिनेसन (माध्यमिक शिक्षा परीक्षा)
एसएलसीः स्कुल लिभिङ सर्टिफिकेट इक्ज्यामिनेसन (विद्यालय तह उत्तीर्ण परीक्षा)
कि.मि : किलोमिटर
गाविस : गाउँ विकास समिति
गापा : गाउँपालिका
गैससः गैरसरकारी संस्था
प्रावाशिवः प्रारम्भिक बाल विकास तथा शिक्षा
प्र.अ. : प्रधानाध्यापक
पाविकेः पाठ्यक्रम विकास केन्द्र
विक्षेवियोः विद्यालय क्षेत्र विकास योजना (एसएसडिपी)
विशिक्षेयोः विद्यालय शिक्षा क्षेत्र योजना (एसइएसपी)
वि.व्य.स. : विद्यालय व्यवस्थापन समिति
शि.अ.स .: शिक्षक अविभावक सङ्घ
शि के.वि.स्रो.मा.: शिक्षा तथा मानव स्रोत विकास केन्द्र
शैव्यसुप्रः शैक्षिक व्यवस्थापन सूचना प्रणाली
शै .स.: शैक्षिक सत्र
सकाः सहयोगी कार्यकर्ता
सिउः सिकाइ उपलब्धि
सासिकेः सामुदायिक सिकाइ केन्द्र
CB-EGRA : Classroom Based Early Grade Reading Assessment
CEHRD : Center For Education and Human Resource Development
ECD : Early Childhood Development
EMIS : Educational Management Information System
ICT : Information and Communication Technology
PMEC : Prioritized Minimum Enabling Condition

# विषयसूची

हाम्रो भनाइ
शुभकामनाहरू
**योजनाको कार्यकारी सारांश**
१. पृष्ठभूमि
२. योजना निर्माणको आवश्यकता
३. योजना निर्माणको औचित्य
४. शिक्षा योजना निर्माणका आधार
५. योजना निर्माण प्रक्रिया
६. योजनाको लेखाजोखा गरी बजेट विनियोजन
७. योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन
- संक्षिप्त शब्दावली

**परिच्छेद १ : परिचय**
१.१ वर्तमान अवस्था
 १.१.१ भौगोलिक अवस्थिति
 १.१.२ जनसाङ्ख्यिक संरचना
 १.१.३ सामाजिक तथा सांस्कृतिक अवस्था
 १.१.४ शैक्षिक अवस्था
१.२ शैक्षिक सवल पक्ष, समस्या, चुनौती र अवसरहरू
 १.२.१ सवल पक्षहरू
 १.२.२ शिक्षा क्षेत्रका मुख्य समस्याहरू
 १.२.३ शिक्षा क्षेत्रका मुख्य चुनौतीहरू
 १.२.४ शिक्षा क्षेत्रका अवसरहरू
**परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण**
२.१ दूरदृष्टि
२.२ लक्ष्य
२.३ उद्देश्य र रणनीति
२.४ अपेक्षित मुख्य उपलब्धि
२.५ मुख्य कार्यसम्पादन सूचक र परिमाणात्मक लक्ष्य
**परिच्छेद ३ : शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र**
३.१ प्रारम्भिक बालविकास र शिक्षा
३.२ आधारभूत शिक्षा
३.३ माध्यमिक शिक्षा
३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम
३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ
३.६ उच्च शिक्षा
**परिच्छेद ४ : अन्तरसम्बन्धित विषय क्षेत्रहरू**
४.१ पाठ्यक्रम र मूल्याङ्कन
४.२ शिक्षक व्यवस्थापन र विकास
४.३ शिक्षामा समता र समावेशीकरण
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम
४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

४.६  विद्यालय भौतिक पूर्वाधार विकास
४.७  शिक्षामा सूचना प्रविधि
४.८   युवा, खेलकुद तथा अतिरिक्त क्रियाकलाप
**परिच्छेद ५ : सुशासन तथा व्यवस्थापन**
५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास
५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध
५.३ अनुगमन तथा मूल्याङ्कन
**परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन**
**परिच्छेद ७ : अनुगमन तथा मूल्याङ्कन**

**अनुसूचीहरू**

**अनुसूची १ : वडागत जनसंख्या बिवरण**
**अनुसूची २ : वडागत बिद्यालय बिवरण**
**अनुसूची ३ : शिक्षक दरवन्दी बिवरण**
**अनुसूची ४ : बिद्यार्थी संख्या बिवरण**
**अनुसूची ५ : कक्षा ८ को तुलनात्मक नतिजा**
**अनुसूची ६ : एस ई ई र एस एल सी को तुलनात्मक शैक्षिक नतिजा**
**अनुसूची ७ : योजना निर्माणका क्रममा कैद गरिएका तस्विरहरु**
**अनुसूची ८ : योजाना अध्यान समितिको बिवरण**
**अनुसूची ९ : शिक्षा, युवा तथा खेलकुद शाखाको जनशक्ति बिवरण**

**सन्दर्भ सामग्रीहरू**

# परिच्छेद एक : परिचय

## पृष्ठभूमि

शिक्षा व्यक्ति समाज र देश विकासको मेरुदण्ड हो । व्यक्तिको सर्वाङ्गीण विकास गर्दै समाज रूपान्तरणमा शिक्षाको विशेष भूमिका हुने गर्दछ । शिक्षाले स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशअनुकूल सिपयुक्त, दक्ष र सिर्जनशील मानव संसाधनको विकास गरी परिवार, समाज र राष्ट्रको आर्थिक र सामाजिक समृद्धिमा महत्त्वपूर्ण योगदान पुर्‍याएको हुन्छ । अन्नपूर्ण गाउँपालिका सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक, जातजाति आदिका दृष्टिले विशिष्ट पहिचान र विशेषतायुक्त छ । साथै प्राकृतिक स्रोत र सम्पदा, सामाजिक, सांस्कृतिक, आर्थिक, ऐतिहासिक र वातावरणीय दृष्टिले समेत प्रचुर सम्भावनाहरू बोकेको एक अनुपम पालिका पनि हो ।

त्यसैले शिक्षाका माध्यमले यस पालिकाको विशिष्ट पहिचान र विशेषातासहित ऐतिहासिक ,भौगोलिक, सामाजिक, आर्थिक तथा प्राकृतिक विविधतालाई आत्मसात् गर्दै परम्परागत रैथाने ज्ञान, सिप, प्रविधिलाई उजागर गर्न आवश्यक हुन्छ । त्यस्तै स्थानीय सम्पदा, वातावरण, पर्यटकीय स्थल र जैविक विविधता पहिचान गरी संरक्षण, संम्वद्वन प्रवद्वन र विकास गर्दै मौलिक जीवनशैली, नैतिक संस्कार र स्वस्थ बानी विकासमा शिक्षाले दृष्टि पुर्‍याउनु परेको छ । यसका लागि शिक्षाको वृद्धि र विकासका लागि सुव्यवस्थितरूपमा उपलव्ध साधन र स्रोतको उच्चतम प्रयोग गरी कार्य सम्पादन गर्नका लागि गाउँ शिक्षा योजना आवश्यक हुन्छ ।

यस पृष्ठभूमिलाई दृष्टिगत गर्दै यस पालिकाको वर्तमान शैक्षिक अवस्थाको सिंहावलोकन गरी शैक्षिक गुणस्तर तथा नतिजामा देखिने सुधार ल्याउने उद्देश्यका साथ यो योजना निर्माण गरिएको हो । संघीयताको अवधारणा अनुसार आफ्नो क्षेत्रको शिक्षाको आफैं विकास गर्नुपर्ने जिम्मेवारीलाई योजनाबद्ध रूपमा पूरा गर्ने सन्दर्भमा पालिकाले शिक्षा क्षेत्रमा हालसम्म गरेको र भावी दिनमा गर्ने लगानीको समुचितरूपमा उच्च प्रतिफल पाउनका लागि यो योजना निर्देशित हुने छ ।

## १.१ वर्तमान अवस्था

### १.१.१ भौगोलिक अवस्थिति

नेपालको प्रशासनिक विभाजनअनुसार अन्नपूर्ण गाँउपालिका गण्डकी प्रदेशको कास्की जिल्लामा रहेको छ । अन्नपूर्ण गाँउपालिका भौगोलिक हिसाबले ८३°४२'०"E देखि ८३°५७'०"E पूर्व देशान्तर सम्म र २८°३६'४५"N देखि २८°१५'१५"N सम्म उत्तरी अक्षांश सम्म अवस्थित छ। ४१७.७४ वर्ग किलोमिटर क्षेत्रफल रहेको यस पालिकाको उत्तरमा मनाङ, पश्चिमतर्फ म्याग्दी पर्वत र दक्षिणमा पर्वत र पोखरा महानगरपालिका र पूर्वमा माछापुच्छ्रे गाँउपालिका रहेका छन्। नेपाल सरकारको निर्णय अनुसार मिति २०७३।११।२७ गते साविकका गाविसहरू ढकुरपोखरी, सल्यान, लुम्ले, दाङसिङ र घान्द्रुक भदौरे तामागी गाँउविकास समितिका वडा नं १ र २ समेत समावेश गरी अन्नपूर्ण गाँउपालिका घोषणा गरिएको थियो।

उत्तरतर्फको मनमोहक हिमश्रृङखला पहाडी र हिमाली बस्ती तथा अन्य क्षेत्रका बस्ती एवम् जंगल र जलाधार क्षेत्र यस गाँउपालिकाका आभूषण हुन्। यस गाँउपालिकाको धरातलीय स्वरूप पहाडी र हिमाली क्षेत्र भिरालो रहेका कारण समथल जमिनको कमी भएता पनि पहाडी क्षेत्रको भिरालो जमिनको प्रकृति मिलेको हुनाले खेती योग्य उर्वर जमिन रहेको छ। यस पालिकाको कुल क्षेत्रफल ४१७.७४ वर्ग कि.मि.मध्ये १६३.५५ वर्ग कि.मि. अर्थात् ३९.१६ प्रतिशत भूभाग वनजंगलले ओगटेको छ।

यस गाँउपालिकाँ कृषि, पर्यटन र पूर्वाधारः अन्नपूर्ण समृद्धिको आधार" भन्ने नाराका साथ पालिकाको सर्वतोमुखी विकासका लागि प्रयासरत रहेको छ। मध्य पहाडी लोकमार्गले बिचबाट चिरेर गएको यस गाँउपालिकामा प्राकृतिक स्रोत साधन र पूर्वाधारसहित केही महत्वपूर्ण बस्ती र बजार केन्द्रहरूसमेत रहेकाले यो पालिका मानवीय विकास एवं समग्र विकासका दृष्टिले प्रचुर सम्भावना बोकेको नगरोन्मुख गाँउपालिका हो। तथापि अन्नपूर्ण गाँउपालिका बढी पानी पर्ने पहाडी क्षेत्रमा पर्ने भएकाले वर्षातको अवधिमा बाढी पहिरोको जोखिम उच्च रहेको छ । साथै हिउदको समयमा अति चिसो हुने हुँदा जनजीवन प्रभावित हुने गरेको छ ।

## पालिकाको नक्सा




## १.१.२ जनसाङ्ख्यिक संरचना

भौगोलिक रूपमा विविधता भएको यस गाउँपालिकमा बहुजाति, बहुभाषिक, बहुधार्मिक तथा बहुसाँस्कृतिक दृष्टिले पनि विविधता रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार यस पालिकाको कुल जनसंख्या २२,०९९ रहेको छ । उक्त जनसंख्यामध्ये महिलाको संख्या ११,४१३ रहेको छ भने पुरूषको जनसंख्या १०,६८६ रहेको छ । कुल जनसंख्यामा ब्राह्मण/क्षेत्रीको जनसंख्या ३६.७ प्रतिशत, दलितको जनसंख्या ३३.७ प्रतिशत, जनजातिको जनसंख्या २४.५ प्रतिशत र सन्यासीको जनसंख्या १.१ प्रतिशत रहेको छ भने सोमध्ये अपाङ्गता भएका व्यक्तिको जनसंख्या ५.४ प्रतिशत रहेको छ । कुल जनसंख्यामा ५ देखि १६ वर्षको जनसंख्याको प्रतिशत २०.५२ रहेको छ । उक्त जनगणना अनुसार यस अन्नपूर्ण गाउँपालिकाको जनसंख्या वृद्धिदर घट्दो क्रममा देखिन्छ जस अनुसार पालिकाको जनसंख्या घट्दो दर -५.६२ प्रतिशत रहेको छ । वडागतरूपमा अन्नपूर्ण गाउँपालिकाको संरचना अनुसूची १ मा राखिएको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार जम्मा घरधुरी ६०४९ भएको यस गाउँपालिकाको जनसङ्ख्यामध्ये तुलनात्मक रूपमा बाह्मण/क्षेत्रीको जनसङ्ख्या अरूको भन्दा बढी रहेको छ भने त्यसपछि क्रमशः दलित र जनजातिको जनसङ्ख्या रहेको तथ्याङ्कले देखिएको छ । बसाइसराइँको दृष्टिकोणबाट यस पालिकाबाट बसाइ सरी अन्यत्र जाने जनसङ्ख्याको दर विगत केही वर्षदेखि बढ्दो क्रममा भएको पाइन्छ ।

## १.१.३ सामाजिक तथा सांस्कृतिक अवस्था

पर्यटन क्षेत्र अन्नपूर्ण गाउँपालिकाको अर्थतन्त्रको विकासका लागि उच्च सम्भावना बोकेको क्षेत्र हो। रमणीय प्राकृतिक एवम् सांस्कृतिक सम्पदा र विविधताको कारण यस क्षेत्रमा पर्यटन क्षेत्रको तुलनात्मक लाभ रहेको छ।मध्य पहाडी राजमार्गले अधिकांश वडाहरूलाई छोएर गएकाले सडक पूर्वाधारबाट लिन सकिने लाभको क्षेत्रलाइ उपयोग गर्न सहज देखिन्छ। यो गाउँपालिका पर्यटन विकासको प्रचुर सम्भावनाका क्षेत्रहरू भएको पालिका हो । जस्तै अन्नपूर्ण हिमाल, घान्द्रुक, घोडेपानी पदमार्ग, अन्नपूर्ण वेसक्याम्प, Hidden Lake, हिउँचुली,गंगापूर्ण हिमाल समेत रहेकाले पर्यटकीय क्षेत्रको समुचित विकास गरी पालिकावासीको आयआर्जनको विकास गर्न सकिन्छ। गाउँपालिका क्षेत्रभित्र नागडाँडा, काँडे, लुम्ले, भदौरे सल्यान, ठूलाखर्क (अष्ट्रेलियन क्याम्प) नयाँपुल, बिरेठाँटी, घान्द्रुक जस्ता स्थानहरू पर्यटकीय बजार केन्द्रको रूपमा विकास गर्न सकिन्छ।

विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ। दशै, तिहार, तीज, कृष्णजन्माष्टमी, ल्होसार, बुद्धजयन्ती, ट्होंटे, फागुपूर्णिमा, तोरन ल्ह आदि यहाँका प्रमुख चाडपर्वको रूपमा रहेका छन्। यस पालिकाको पूर्वी भेगमा ब्राह्मण क्षेत्री समुदायको बाहुल्य बसोवास छ भने पश्चिमी क्षेत्रमा गुरूङ्ग मगर समुदाय तथा दलित बाहुल्य बसोवास रहेको छ। यस गाउँपालिकाको घान्द्रुक गाउँ तथा अन्नपूर्ण क्षेत्र यहाँको प्रमुख पर्यटकीय भएकाले यस क्षेत्रले अन्तरिक मात्र नभई बाह्य पर्यटकलाई समेत अकर्षित गर्न सफल छ।

## १.१.४ आर्थिक अवस्थाको विश्लेषण

यस पालिकाको आर्थिक संरचना मुख्यतः कृषि, पशुपालन, पयर्टन, होटल व्यवसाय, होमस्टे आदिमा आधारित छ । परम्परागत कृषि यहाँको प्रमुख व्यवसायका रूपमा रहेको छ, जसअन्तर्गत अन्नबाली, तरकारी, फलफूल, पशुपन्छीपालन, मौरीपालन, दूध उत्पादन जस्ता साना स्तरका कृषि-आधारित गतिविधिहरू सञ्चालन भइरहेका छन् । हालैका दिनहरूमा त्यसैले कृषि क्षेत्रको उत्पादकत्वलाई बजारीकरण गर्ने उद्देश्य अनुरूप कृषि उपज सङ्कलन तथा बिक्री केन्द्र सञ्चालन गर्ने प्रयास भएको छ ।

आर्थिक क्रियाकलापका दिष्टिले घरेलु तथा साना उद्योगहरू जस्तै खाद्य प्रशोधन, सामान्य रूपमा निगालो तथा बेतबाँसबाट दैनिक उपयोगमा आउने सामग्री निर्माण, सिलाइ-कटाइ जस्ता सामान्य क्रियाकलाप हुने गरेका छन् । त्यस्तै व्यापारतर्फ स्थानीय बजार, साना व्यापारिक प्रतिष्ठान र सेवा व्यवसायले रोजगारी सिर्जना गरिरहेको भए पनि पूँजी, सिप, प्रविधि र लगानी वातावरणको कमजोरीले यस क्षेत्रको समुचित विस्तार हुन सकेको देखिँदैन ।

पर्यटन सम्भावनाको दृष्टिले यस पालिकामा रहेका प्राकृतिक, धार्मिक र सांस्कृतिक सम्पदाले आन्तरिक पर्यटन प्रवर्द्धनको अवसर प्रदान गरेका छन् । पहाडी र हिमाली क्षेत्रमा होटल, होमस्टे, ट्रेकिङ, स्थानीय संस्कृति र प्राकृतिक सौन्दर्यमा आधारित पर्यटन गतिविधिले आयआर्जन र रोजगारी सिर्जनामा योगदान पुऱ्याएको छ । तथापि आन्तरिक पर्यटन तथा बाह्य पर्यटनलाई थप आकर्षित बनाउन पूर्वाधार विकास, प्रवर्द्धन र व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ । रोजगारीका अवसरहरू सीमित भएकाले श्रमशक्तिको उल्लेखनीय हिस्सा आन्तरिक तथा वैदेशिक रोजगारीमा संलग्न रहेको छ । विप्रेषणले घरायसी अर्थतन्त्रमा योगदान पुऱ्याए पनि दीर्घकालीन उत्पादनशील क्षेत्रमा यसको न्यून प्रयोग हुनु चुनौतीका रूपमा रहेको देखिन्छ ।

समग्रमा यस स्थानीय तहको आर्थिक विकासका लागि कृषिमा आधुनिकीकरण, साना तथा मध्यम खालका उद्यम प्रवर्द्धन, पर्यटन विकास र सिपमूलक रोजगारी सिर्जनालाई एकीकृत रूपमा अघि बढाउनु आवश्यक देखिन्छ।

## १.१.५ शैक्षिक अवस्था

| उपक्षेत्र | अवस्थाको विश्लेषण |
|---|---|
| **१. प्रारम्भिक बालविकास तथा शिक्षा** | प्रारम्भिक बालविकास तथा शिक्षा बालबालिकाको समग्र विकासको आधार हो । यस स्थानीय तहमा प्रारम्भिक बालविकास केन्द्रहरूको सङ्ख्या ५८ रहेको छ भने ती केन्द्रहरूमा समेटिएका बालबालिकाको सङ्ख्या ९४७ रहेको छ । केन्द्रहरूको भौगोलिक वितरण र सेवा प्रवाहको गुणस्तरमा एकरूपता नरहेको अवस्था छ ।<br>भौगोलिक विकटता, बाटोघाटो र आर्थिक विपन्नता आदिका कारण समुदायहरूमा पर्याप्त पहुँच पुग्न सकेको छैन । त्यस्तै अपाङ्गता-मैत्री पूर्वाधार, विशेष सिकाइ सामग्री र समावेशी शिक्षण अभ्यासको अभाव पनि यसका प्रमुख कारण हुन् ।<br>प्रारम्भिक बालविकास केन्द्रहरूमा कार्यरत सहजकर्ताको सङ्ख्या केन्द्रबाट प्राप्त अनुदानबाट ४९, गाउँपालिका अनुदानबाट ८ जना गरी जम्मा ५७ जना रहेको छ । साथै संस्थागत विद्यालयले pre-nursery, nursery, LKG, UKG जस्ता छुट्टाछुट्टै कक्षामा बालकक्षा शिक्षक व्यवस्थापन गरेका छन् भने केही सामुदायिक विद्यालयले आफ्नै आन्तरिक स्रोतबाट पनि सहजकर्ताको व्यवस्थापन गरी प्रारम्भिक बाल शिक्षाको अवसर प्रदान गरेको पाइन्छ । अधिकांश सहजकर्ताले आधारभूत तालिम प्राप्त गरे पनि खेलमा आधारित सिकाइ, बालमनोवैज्ञानिक, सूचना प्रविधियुक्त र समावेशी शिक्षण विधिमा निरन्तर जस्ता पक्षमा |

| | |
|---|---|
| | कमजोर रहने गरेकाले उनीहरूको क्षमता अभिवृद्धि आवश्यक देखिन्छ । यस पालिकामा सहजकर्ता बालबालिका अनुपात १:१६ रहेको छ ।<br><br>पूर्वाधारको दृष्टिले सुरक्षित, बालमैत्री कक्षाकोठा, खानेपानी, शौचालय, खेल सामग्री तथा सिकाइ कुनाको उपलब्धता केन्द्रगत रूपमा असमान छ । सूचना तथा सञ्चार प्रविधिको प्रयोग न्यून रहेको छ र डिजिटल सिकाइ सामग्री सीमित केन्द्रहरूमा मात्र प्रयोगमा आएका छन् ।<br><br>जलवायु तथा वातावरणीय दृष्टिले केही केन्द्रहरू बाढी, पहिरो, अत्यधिक चिसोको जोखिममा रहेका छन्, जसले बालबालिकाको नियमितता र स्वास्थ्यमा असर पुऱ्याएको छ । यस्ता केन्द्रहरू रहेको समुदायमा सुरक्षित पूर्वाधार र वातावरणीय सचेतना कार्यक्रमको आवश्यकता देखिन्छ ।<br><br>समग्रमा यस स्थानीय तहमा प्रारम्भिक बालविकासमा पहुँच विस्तार भए तापनि समावेशिता, गुणस्तर, पूर्वाधार र वातावरणीय सुरक्षामा थप सुधार आवश्यक छ भने लक्षित कार्यक्रम, सहजकर्ताको क्षमता विकास र बालमैत्री वातावरण निर्माणमार्फत् प्रारम्भिक शिक्षाको गुणस्तर सुदृढ गर्न सकिने सम्भावना देखिन्छ । |
| **२. आधारभूत शिक्षा** | आधारभूत शिक्षा (कक्षा १-८) सबै बालबालिकाको मौलिक अधिकार र जीवनोपयोगी सिकाइको आधार हो । यस पालिकामा आधारभूत तहका विद्यालयहरूको सङ्ख्या ३७ रहेको छ भने अध्ययनरत विद्यार्थीको सङ्ख्या २८७४ रहेको छ । यस तहमा समग्रमा भर्ना दरमा सुधार देखिए तापनि कक्षा दोहोरिने, कक्षा छाड्ने र सिकाइ उपलब्धिमा विषयगत र कक्षागत भिन्नता रहेको देखिन्छ । त्यस्तै लैङ्गिक दृष्टिले आधारभूत तहमा बालक र बालिकाको सहभागिता तुलनात्मक रूपमा सन्तुलित रहेको देखिन्छ ।<br><br>यस पालिकामा विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाको सङ्ख्या नगन्य रहेको छ । विद्यालयहरूको भौगोलिक वितरण सामान्यतया पहुँचयोग्य रहेको र भौगोलिक विकटताका कारण केही बसोबास क्षेत्रमा पहुँचमा समस्या देखिन्छ । यस तहमा विद्यार्थी-शिक्षक अनुपात औसत १:११ रहेको छ भने गणित, विज्ञान र अङ्ग्रेजी विषयमा विषयगत शिक्षकको अभाव देखिन्छ ।<br><br>यस तहमा विद्यार्थी सङ्ख्या न्यून भएका विद्यालयहरूमा बहुकक्षा (Multi-grade) तथा बहुकक्षा-बहु स्तर (Multi-grade Multi-level) शैक्षणिक विधि प्रयोग गरी शिक्षण सिकाइमा प्रभावकारिता ल्याउनु पर्ने देखिन्छ । यसका लागि समुचित तालिम, शिक्षण सामग्री र व्यवस्थापन गर्न कठिन भएकाले प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसकिएकाले व्यवस्थित रूपमा लागू गर्न सकेमा पहुँच र लागत-प्रभावकारितामा पर्याप्त सुधार गर्ने सम्भावना देखिन्छ ।<br><br>पूर्वाधारको दृष्टिले सुरक्षित कक्षाकोठा, बालमैत्री शौचालय, खानेपानी, पुस्तकालय र खेलकुद सुविधाको उपलब्धता विद्यालयगत रूपमा असमान छ । सिकाइ सामग्री तथा स्थानीय सन्दर्भअनुकूल पाठ्यसामग्रीको उपलब्धता सीमित रहेको छ । सूचना तथा सञ्चार प्रविधिको प्रयोग अझै न्यून छ, जसले प्रविधिमा आधारित सिकाइ विस्तारमा चुनौती सिर्जना गरेको छ ।<br><br>जलवायु तथा वातावरणीय दृष्टिले केही विद्यालयहरू बाढी, पहिरो, अत्यधिक चिसो जस्ता जोखिममा रहेका छन्, जसले शैक्षिक नियमितता र पूर्वाधारमा असर पार्ने गरेको छ । सुरक्षित विद्यालय पूर्वाधार, विपद् पूर्वतयारी र जलवायु परिवर्तन अनुकुलन तथा उत्थानशीलता शिक्षाको आवश्यकता देखिन्छ।<br><br>समग्रमा यस स्थानीय तहमा आधारभूत शिक्षामा पहुँच विस्तार भए तापनि समावेशिता, सिकाइ गुणस्तर, शिक्षक व्यवस्थापन, पूर्वाधार तथा जलवायु-अनुकूल विद्यालय विकासमा अझै सुधार आवश्यक देखिन्छ । लक्षित समावेशी कार्यक्रम र गुणस्तर सुधारका पहलमार्फत् आधारभूत शिक्षालाई सुदृढ बनाउन सकिने सम्भावना देखिन्छ । |
| **३. माध्यमिक शिक्षा** | माध्यमिक शिक्षा (कक्षा ९-१२) विद्यार्थीहरूको जीवनोपयोगी सिप, विश्लेषणात्मक सोच र भविष्यको अवसरका लागि आधार तयार गर्ने महत्वपूर्ण चरण हो । यस पालिकामा माध्यमिक विद्यालयहरूको सङ्ख्या १७ रहेको छ । तीमध्ये एक प्राविधिक धार, एक नमुना विद्यालय र एक निजी, सार्वजनिक साझेदारी (PPP model) मा सञ्चालित विद्यालयसमेत रहेका छन् । विद्यालयमा अध्ययनरत विद्यार्थीको सङ्ख्या ८७९ |

| | |
|---|---|
| | रहेको छ । यस तहमा भर्ना दरमा सुधार भए तापनि कक्षा छोड्ने दर र सिकाइ उपलब्धिमा विविधता रहेको पाइन्छ ।<br>लैङ्गिक दृष्टिले माध्यमिक तहमा बालक र बालिकाको सहभागिता क्रमशः ५१ प्रतिशत र ४९ प्रतिशत रहेको छ । यस तहमा विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाको सङ्ख्या नगन्य रहेको छ । माध्यमिक तहमा शिक्षक-विद्यार्थी अनुपात औसत १:१३ रहेको छ । विषयगत शिक्षक विशेष गरी गणित, विज्ञान, अङ्ग्रेजी तथा प्राविधिक विषयमा सीमित उपलब्ध छन्, जसले सिकाइ गुणस्तरमा असर पुऱ्याउने गरेको छ ।<br>पूर्वाधारको दृष्टिले सुरक्षित कक्षाकोठा, बालमैत्री शौचालय, खानेपानी, पुस्तकालय, विषयगत प्रयोगशाला र खेलकुद सुविधाको उपलब्धता विद्यालयगत रूपमा असमान छ ।<br>जलवायु तथा वातावरणीय दृष्टिले केही विद्यालयहरू बाढी, पहिरो, अत्यधिक चिसो जस्ता जोखिममा रहेका छन्, जसले शैक्षिक नियमितता र पूर्वाधारमा असर पुऱ्याउने गरेको छ । यस तहमा सुरक्षित पूर्वाधार, वातावरणीय शिक्षा र जलवायु परिवर्तन अनुकुलन तथा उत्थानशीलता कार्यक्रम आवश्यक देखिन्छ ।<br>समग्रमा यस स्थानीय तहमा माध्यमिक शिक्षामा पहुँच विस्तार भए तापनि समावेशिता, सिकाइ गुणस्तर, शिक्षक व्यवस्थापन, पूर्वाधार र सूचना प्रविधि विस्तारमा सुधार आवश्यक छ । साधन स्रोतसहित लक्षित योजना र गुणस्तर सुधारका पहलमार्फत् माध्यमिक शिक्षाको प्रभावकारिता वृद्धि गर्न सकिने देखिन्छ। |
| **४. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम** | यस गाउँपालिकामा एउटा मात्र अन्नपूर्ण बहुप्राविधिक शिक्षालय सञ्चालनमा रहेको छ । यो प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् अन्तर्गत सञ्चालित आङ्गिक शिक्षालय हो । यसमा ६० जना विद्यार्थी अध्ययनरत छन् । उक्त शिक्षालयमा तीन वर्षे डिप्लोमा तहको कार्यक्रमअन्तर्गत बाली विज्ञान र पशु विज्ञान विषयको अध्ययन अध्यापन हुदै आएको छ । यस शिक्षालय प्रमुखसहित २० जना प्रशिक्षक तथा कर्मचारी कार्यरत रहेका छन् । यस शिक्षालयमा प्रयोगात्मक विधिलाई प्राथमिकतामा राखी सिपमा आधारित अभ्यासको कमीले अपेक्षित गुणस्तरीय जनशक्ति उत्पादनमा समस्या रहेको छ । प्रयोगात्मक विधिबाट अध्ययन अध्यापन कार्यलाई सुदृढ गराई सिपमूलक र व्यावहारिक शिक्षा प्रदान गर्न सकेमा यसको प्रभावकारितामा वृद्धि हुने देखिन्छ । |
| **५.अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ** | अनौपचारिक शिक्षा र आजीवन सिकाइले सबै उमेर समूहका नागरिकलाई जीवनोपयोगी सिप, साक्षरता र आर्थिक अवसर प्रदान गर्ने महत्त्वपूर्ण माध्यमका रूपमा काम गर्दछ । यस स्थानीय तहमा दुई वटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेका छन् । यी केन्द्रबाट डिजिटल साक्षरता, सिप विकास तालिम, विद्यालय बाहिर रहेका बालबालिकाको तथ्याङ्क सङ्कलन लगायतका कार्यक्रमहरू भएका छन् । पालिकाभरिमा सीमित सङ्ख्यामा मात्र रहेकाले पालिकाको भौगोलिक विकटताका कारण ती केन्द्रबाट पर्याप्त पहुँच नपुगेकाले सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या बढाई आयआर्जन तथा सिपमूलक कार्यक्रमलाई विस्तार गर्नुपर्ने देखिन्छ । यसले दीर्घकालीनरूपमा समुदायमा जीवनभर सिकाइको वातावरण र दिगो विकास सुनिश्चित गर्न सहयोग पुऱ्याउने अपेक्षा गर्न सकिन्छ । |
| **६. उच्च शिक्षा** | अन्नपूर्ण गाउँपालिकामा उच्च शिक्षातर्फ एउटा मात्र स्नातक तहको क्याम्पस सञ्चालनमा रहेको छ । यसमा ४१ जना विद्यार्थी अध्ययनरत छन् । उक्त क्याम्पसमा शिक्षाशास्त्र तर्फ चार वर्षे कार्यक्रमअन्तर्गत गणित, अङग्रेजी, नेपाली, स्वास्थ्य तथा शारीरिक शिक्षा जस्ता विषय अध्ययन अध्यापन भएका छन् । यस क्याम्पसमा एक जना क्याम्पस प्रमुख, छ जना आंशिक प्राध्यापक र दुई जना कर्मचारीसहित जम्मा नौ जना कार्यरत रहेका छन् । पूर्णरूपमा सूचना प्रविधिको प्रयोग भई अध्ययन अध्यापन भएता पनि आर्थिक, भौतिक जस्ता समस्या रहनुका साथै पर्याप्त विद्यार्थी भर्ना तथा टिकाउने कार्य प्रमुख चुनौतीको रूपमा रहेको छ । यसको थप विकासका लागि दिगो आयस्रोतको खोजी गर्ने, छुट्टै भवन निर्माण गर्ने र आवश्यक भौतिक सुविधा परिपूर्ति हुन सकेमा शैक्षिक गुणस्तरमा अभिवृद्धि गर्दै विद्यार्थीको आकर्षण बढाउँदै टिकाउदर उच्च बनाउन आवश्यक देखिन्छ । |

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको कुल साक्षरता दर ७९.२ प्रतिशत रहेको छ। सोमध्ये पुरुषको साक्षरता दर ८६.८ प्रतिशत र महिलाको साक्षरता दर ७२.२ रहेको छ। यस गाउँपालिकाको प्रारम्भिक बाल शिक्षा प्राप्त गर्ने जनसङ्ख्या ३.९६ प्रतिशत रहेको छ। साथै ५ वर्ष वा सोभन्दा माथि उमेरको प्राथमिक शिक्षा हासिल गर्ने जनसङ्ख्या सबैभन्दा बढी २७.५७ प्रतिशत रहेको छ भने निम्नमाध्यमिक तहको शिक्षा हासिल गर्ने जनसङ्ख्या २०.९५ प्रतिशत रहेको छ। त्यसरी एस.इ.इ. तह उत्तीर्ण गर्ने जनसङ्ख्या १०.३५ प्रतिशत रहेको छ भने उच्च माध्यमिक तह उत्तीर्ण गर्ने जनसङ्ख्या १५.४८ प्रतिशत छ। प्रवीणता तह वा सोसरह उत्तीर्ण गर्ने जनसङ्ख्या १३.०४ प्रतिशत रहेको दखिन्छ। स्नातकोत्तर वा सोभन्दा माथिको तह उत्तीर्ण गर्ने जनसङ्ख्या १.३५ प्रतिशत रहेको देखिन्छ। शैक्षिक स्तर निर्धारण नभएको जनसङ्ख्या २.१६ प्रतिशत छ भने अन्य शैक्षिक योग्यता हासिल गर्ने ०.०३ प्रतिशत रहेको छ। यस पालिकामा पूर्व प्राथमिक कक्षादेखि उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरू सञ्चालनमा रहेका छन्। साधारण माध्यमिक विद्यालयदेखि प्राविधिक शिक्षा प्रदान गर्ने विद्यालयहरू सञ्चालनमा रहेका छन्।

समग्रमा यस स्थानीय तहको शिक्षा क्षेत्रमा पहुँच र समावेशिता विस्तार भए तापनि गुणस्तरीय सिकाइ, प्रभावकारी समावेशी पहुँच, शिक्षक क्षमता, पूर्वाधार सुधार, सूचना तथा प्रविधि (ICT) को पहुँच र वातावरणीय जोखिम व्यवस्थापन मुख्य चुनौती बनेका छन्। यसका लागि तथ्याङ्कमा आधारित लक्षित कार्यक्रम, समावेशी नीतिहरू, बालमैत्री वातावरण निर्माण, शिक्षक क्षमता अभिवृद्धि र स्थानीय समुदायको सक्रिय सहभागिता आवश्यक छ। यी पहलहरू सफलतापूर्वक कार्यान्वयन भएमा स्थानीय तहमा दिगो, गुणस्तरीय र समावेशी शिक्षा प्रणाली विकास गर्न सकिने सम्भावना छ।

## १.२ शैक्षिक सबल पक्ष, समस्या, चुनौती र अवसरहरू

### १.२.१. सबल पक्षहरू

यस स्थानीय तहले शिक्षा क्षेत्रमा समावेशिता, गुणस्तर र पहुँच विस्तारका लागि विभिन्न असल अभ्यासहरू कार्यान्वयन गर्दै आएको छ। प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्म बालबालिकाको समग्र विकास सुनिश्चित गर्न सुरक्षित, बालमैत्री कक्षाकोठा निर्माण गर्न प्रयास गरिएको छ। प्रारम्भिक तहमा खेलमा आधारित, बालमनोवैज्ञानिक सिकाइ र अभिभावक सहभागिता कार्यक्रम सञ्चालन गरिएका छन्, जसले बालबालिकाको नियमित उपस्थिति र सिकाइ प्रभावकारिता बढाउन सहयोग पुऱ्याउन मदत गरेका छन्।

आधारभूत र माध्यमिक तहमा लैङ्गिक समानता सुनिश्चित गर्दै बालक र बालिकाको सहभागिता सन्तुलन कायम गरिएको छ। दलित, अपाङ्गता भएका, आदिवासी/ जनजाति समूहको सहभागिता बढाउन लक्षित कार्यक्रम सञ्चालन भएका छन्। शिक्षक व्यवस्थापनमा सुधार गर्दै विषयगत दक्ष शिक्षकको नियुक्ति र निरन्तर पेसागत विकास कार्यक्रम सञ्चालन गरिएका छन्। शिक्षक-विद्यार्थी अनुपात सुधार गर्ने, तालिम र क्षमता अभिवृद्धि मार्फत् सिकाइ गुणस्तर वृद्धि गर्ने पहलहरू केही हदसम्म सफल देखिएका छन्। प्राविधिक धार सञ्चालित विद्यालयलाई सुदृढीकरण गर्न प्रयत्न गरिएको छ। घान्द्रुक पर्यटकीय क्षेत्र भएको र त्यहाँको मुख्य पेसा होटल व्यवसाय रहेकाले समुदायको आवश्यकता र मागलाई मध्यनजर गरी अन्नपूर्ण गाउँपालिका वडा नं १० स्थित श्री मेश्रम बराह माध्यमिक विद्यालयमा कक्षा ११/१२ तर्फ होटल म्यानेजमेन्ट विषय थप गरिएको छ।

पूर्वाधार र सिकाइ वातावरण सुधारका लागि अधिकांश विद्यालयहरूमा पुस्तकालय, प्रयोगशाला, खेलकुद सामग्री र सूचना तथा सञ्चार प्रविधिका उपकरण उपलब्ध गराइएका छन्। विद्यालय भवनमा हरित र वातावरणीय सचेतनामूलक कार्यक्रम लागू गरेर जलवायु जोखिम न्यूनीकरणमा कदम चालिएको छ। साथै अनौपचारिक शिक्षा र आजीवन सिकाइ कार्यक्रममार्फत् डिजिटल साक्षरता,अभिभावक शिक्षा र विद्यालय बाहिर रहेका बालबालिकाहरूको तथ्याङ्क सङ्कलन गरी शैक्षिक पहुँच विस्तार गर्न योगदान पुऱ्याइएको छ। अध्यक्षसँग विद्यार्थी भेटघाट अभियान, विषयगत शिक्षकसँग अन्तरक्रिया, नतिजा विश्लेषण, शिक्षक सम्मान, हाम्रो विद्यालय हामी बनाउँछौँ जस्ता कार्यक्रम सचालन गरिनुका साथै गरिब तथा जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्तिको व्यवस्थाले गर्दै सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गरी सामुदायिक विद्यालयलाई आकर्षक केन्द्र बनाउने प्रतिबद्वताजस्ता अभियान प्रशंसनीय छन्।

स्थानीय तहले विद्यालय व्यवस्थापन समिति र अभिभावक/ समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्दै योजना, अनुगमन र मूल्याङ्कन प्रक्रियामा सुधार गर्दै गएको छ। विद्यालय र समुदायबिच सहकार्य बढाएर सिकाइ गुणस्तर सुधार, समावेशी शिक्षा विस्तार र बालबालिकाको नियमित उपस्थिति सुनिश्चित गर्ने प्रयास गरिएको छ। यसरी लागू गरिएका असल अभ्यासहरूले स्थानीय तहमा समावेशी, गुणस्तरीय, बालमैत्री र दिगो शिक्षा प्रणाली विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

### १.२.२ शिक्षा क्षेत्रका मुख्य समस्याहरू

बिगतदेखि पालिकाको शैक्षिक सुधारका लागि विभिन्न प्रयास हुँदाहुँदै पनि सबैका लागि गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न नसकिनु विद्यालय भर्ना भएका विद्यार्थीको निरन्तरता कायम गर्दै ,अपेक्षितरूपमा सिकाइ उपलब्धि हासिल हुन नसक्नु, तहगत र विषयगतरूपमा सबै विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसकिनुप्राविधिक धारलाई विद्यालय शिक्षाको मूल , धारका रूपमा विकास गर्न नसकिनुका साथै निरन्तरता दिन नसकिनुसंवैधानिक व्यवस्था तथा प्रचलित शिक्षासम्बन्धी क ,ानुनअनुसार शिक्षा सम्बन्धी अधिकार कार्यान्वयनका लागि पर्याप्त स्रोतको व्यवस्था हुन नसक्नु तोकिएको शैक्षिक सत्रमा तह पार गर्नेको सङ्ख्या , व्यवस्थापनमा सुशासनको प्रत्याभूति हुन नसक्नु जस्ता विषयहरू विद्यालय शिक्षाका प्रमुख समस्याका रूपमा रहेका छन् । समग्रमा यस गाउँपालिकाका शिक्षा सम्बन्धी मुख्य समस्याहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

१ . विद्यालय शिक्षामा पहुँचमा विस्तार भए पनि शैक्षिक गुणस्तर ,समताकार्य ,दक्षता र लागत प्रभावकारिता नआउनु
२. आधुनिक सूचना प्रविधिको भरपर्दो विस्तार गरी विद्यालय शिक्षामा नतिजा देखिने गरी त्यसको वास्तविक प्रयोग गर्न नसकिनु
३. शिक्षकमा शिक्षण पेसाप्रति सकारात्मक सोच विकास भई सोअनुसार अपेक्षित व्यवहार प्रदर्शन हुन नसक्नु
४ . स्थानीय भौगोलिक परिवेशका कारण विद्यार्थी सङ्ख्याका आधारमा उपलव्ध शिक्षक दरबन्दी न्यायोचित र समतामूलक रूपमा वितरण गर्न नसकिनु
५. आधारभूत तहमा विद्यालय दोहोर्याउने र कक्षा छाड्ने दर अपेक्षितरूपमा घटाउन नसकिएको
६. सबै विद्यालयमा पर्याप्त र सुरक्षित तथा बालमैत्री शैक्षिक तथा भौतिक पूर्वाधारको विकास गर्न नसकिएको
७. स्थानीय पाठ्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसकिनुका साथै स्थानीय पाठ्यपुस्तक विकास गरी प्रयोगमा ल्याउन नसकिएको
८. साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसरहरू पर्याप्त ,मात्रामा उपलव्ध गराएर पठन संस्कृतिको विकास गर्न नसकिएको
९. सबै शिक्षकलाई शिक्षण सिकाइको आवश्यकता पहिचान गरी तालिम उपलव्ध गराउन नसकिनुका साथै तालिममा प्राप्त ज्ञान सिप कक्षाकोठामा अपेक्षितरूपमा प्रयोग हुन नसकेको ,
१०. नक्साङ्कनका आधारमा विद्यालयको समायोजन तथा पुनर्वितरण गरी लगानीको पूर्ण सदुपयोग गर्न नसकिएको
११. प्राविधिक तथा व्यावसायिक धारको शिक्षा व्यावहारिक बनाउँदै पढ्दै कमाउँदै गर्न सक्ने गरी कार्यान्वयन गर्न नसक्दा यसप्रति क्रमशः विद्यार्थीको रुचि घट्दै गएको
१२. सूचना तथा सञ्चारलगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गरी सिकाइमा प्रभावकारिता ल्याउन नसकिएको
१३. समग्रमा विद्यार्थीको सिकाइ उपलब्धिमा अपेक्षित सुधार गर्न नसिकनुका साथै त्यसप्रति शिक्षक र व्यवस्थापन पक्षलाई जवाफदेही बनाउन नसकिएको
१४. विद्यालय निरीक्षण तथा सुपरिवेक्षणको भरपर्दो संयन्त्र बन्न नसक्नुका साथै कक्षाकोठाको शिक्षाणसिकाइ सम्बन्धी समस्या समाधानमा जोड्न नसकिएको
१५. छात्रवृत्ति तथा अन्य सहायता प्रणालीलाई वास्तविक गरिव, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूको पहिचान र यकिन गरी उनीहरूमा केन्द्रित गर्न नसकिएको
१६. सामुदायिक सिकाइ केन्द्रहरूको संस्थागत क्षमता विकास गरी प्रभावकारीरूपमा सञ्चालन गर्न नसकिएको
१७ . सामुदायिक विद्यालयका अधिकांश अभिभावकहरूले आफ्ना बालबालिकाहरूको शिक्षाप्रति पर्याप्त मात्रामा चासो दिन नसक्दा विद्यार्थीको सिकाइ उपलव्धिमा खासै सुधार आउन नसकेको
१८. संघ सहकार्यलाई सुदृढ गरी संस्थागत गर्न नसकिएको ,प्रदेश र स्थानीय सरकारका निकायबिच प्रभावकारी समन्वय ,
१९. विद्यालय शिक्षासम्बन्धी अधिकांश समस्याहरू आर्थिक पक्षसँग सम्बन्धित भएको तर पालिकामा पर्याप्त स्रोत नहुँदा शिक्षामा लगानी बढाउन नसकिएको
२०. विद्यालय शिक्षा सम्बद्ध शैक्षिक प्रशासन र व्यवस्थापनलाई उत्तरदायी जवाफदेही र सुशासनयुक्त बनाउन नसकिएको ,
२१. विद्यालयसँग प्रत्यक्षरूपमा सम्बन्धित निकायहरू विद्यालय व्यवस्थापन समितिशिक्षक अभिभाव ,क संघ जस्ता सरोकारवालाहरूको सक्रिय सहभागिता र अपनत्वको भावनाको अशातीतरूपमा विकास हुन नसकेको

२२. विद्यालय तहको परिवर्तित तथा संशोधित पाठयक्रम र पाठ्यपुस्तक प्रबोधीकरण प्रभावकारी नहुँदा पाठ्यक्रमको मर्मअनुसार शिक्षण हुन नसकेको

२३. रोजगारमूलक शिक्षालाई प्रवर्धन गर्दै स्थानीयरूपमा युवा शक्तिको प्रतिभा पलायन रोक्न नसकिएको

२४. संस्थागत विद्यालयमा लिइने शुल्क र त्यसका आधारमा विद्यार्थीलाई प्रदान गर्नुपर्ने सेवा सुविधा तथा शिक्षकको सेवा सुविधाका सम्बन्धमा नियमित निरीक्षण तथा अनुगमन गरी प्रचलित कानुनअनुसार नियमन गर्न नसकिएको ।

### १.२.३ शिक्षा क्षेत्रका मुख्य चुनौतीहरू

अन्नपूर्ण गाउँपालिकाको सन्दर्भमा शिक्षा क्षेत्रमा देखिएका प्रमुख चुनौतीहरू निम्नानुसार पहिचान गरिएको छः

१. विद्यालयहरूमा कक्षागत, विषयगतरूपमा आवश्यक शिक्षक दरवन्दी व्यवस्था गर्नु

२. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बाल विकास तथा शिक्षाको अवसर सुनिश्चित गर्न प्रारम्भिक बाल विकास तथा शिक्षा केन्द्र / कक्षाको समायोजन तथा पुनर्वितण गरी मापदण्डअनुसार सञ्चालन गर्नु

३. नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी विद्यालय शिक्षामा सबै प्रकारका बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता गर्नु

४. विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री, अपाङ्गमैत्री र लैङ्गिकमैत्री बनाउनु

५. शिक्षक तयारी तथा विकासलाई प्रभावकारी बनाई शिक्षा पद्धतिको कार्यकुशलता र सक्षमता अभिवृद्धि गर्नु

६. माध्यमिक तहमा स्थानीय आवश्यकअनुसार व्यावसायिक तथा प्राविधिक शिक्षालाई जोड्दै पढ्दै कमाउँदै गर्न सक्ने बनाउन उपयुक्त संरचना तथा कार्यक्रम तय गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु

७. सूचना तथा सञ्चारलगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्नु

८. विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाई शैक्षिक गतिविधिलाई निरन्तरता दिनु

९. छात्रवृत्ति तथा अन्य सहायता प्रणालीलाई वास्तविक गरिव, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूको पहिचान र यकिन गरी उनीहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा नियमत तथा सक्रिय रूपमा सहभागी भई सिकाइ उपलब्धि सुधारमा सहयोग हुने गरी व्यवस्थापन गर्नु

१०. विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त बनाई विविधताअनुकुल समावेशी र समतामूलक बनाउनु

११. साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि गर्नु र विद्यालयमा नियमित उपस्थित भई पढाइ निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गर्नु

१२. विद्यालय तथा सामुदायिक सिकाइ केन्द्रहरूको संस्थागत क्षमता विकास गरी प्रभावकारीरूपमा सञ्चालन गर्नु

१३. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शैक्षिक व्यवस्थापन शिक्षणसिकाइ प्रक्रिया तथा विद्यार्थी मूल्याङ्कन ,शिक्षक विकास , प्रक्रियालाई कामयावी बनाउनु

१४. सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण तथा विश्वास कायम गर्नु

१५. विद्यालय शिक्षामा प्रभावकारी तथा उत्तरदायी जवाफदेही र सुशासनयुक्त विद्यालय प्रशासन तथा व्यवस्थापन , प्रणालीको विकास गर्नु

१६ . संघप्रदेश र स्थानीय तह ,का निकायबिच प्रभावकारी समन्वयसहकार्य र उत्तरदायी कार्यढाँचा सुदृढ गरी संस्थागत गर्नु , ।

यसरी यस पालिकाको शैक्षिक सुधार तथा विकासका लागि विभिन्न चुनौतीहरू विद्यमान छन् । लैङ्गिक, भाषिक, भौगोलिक, आर्थिक, शारीरिक अपाङ्गता, जनजाति आदिको विविधताका कारण सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न कठिन, जनसाङ्खिकीय प्रवृत्ति विशेषतः जन्मदरको न्यूनता तथा बढ्दो बसाइसराइँका साथै कतिपय छरिएर रहेको बसोबास र भौगोलिक विकटताका कारण व्यावहारिक विद्यालय नक्साङ्कन तथा समायोजन कार्यले पूर्णता पाउन कठिन भइरहेको छ । विद्यालय शिक्षक दरवन्दीलाई न्यायोचित वितरण गर्न कठिनाइ सिर्जना भएको छ । विद्यालय शिक्षाकेन्द्रित आर्थिक व्यस्थापन हुन नसक्दा निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन पूर्णरूपमा गर्न कठिनाइ भएको छ । दक्ष र उत्प्रेरित जनशक्तिको अभावमा शिक्षणसिकाइ हुन सकिरहेको छैन । विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको नियमित व्यवस्थापन प्रभावकारी प्रयोग गर्न साधन स्रोत र , माध्यमबाट सिकाइ अवसर प्रदान गर्न आपतकालीन व्यवस्थापन सम्बन्धी ज्ञान सिप र स्रोतसाधनको कमी महसुस हुने गरेको छ । त्यस्तै जनसाङ्ख्यिक समूहहरूको विविधताका कारण निरन्तर तथा आजीवन सिकाइ कार्यक्रम सञ्चालन गरी शिक्षामा समान

अवसर सुनिश्चित गर्न सकिएको छैन ।  सबै विद्यालयमा तोकिएअनुसारको भौतिक पूर्वाधारको निर्माण र हरित विद्यालयका रूपमा विकास गर्न पर्याप्त स्रोत उपलब्ध हुन सकेको छैन।

शैक्षिक सुधार केन्द्रित कार्यक्रमका लागि पर्याप्त आर्थिक स्रोतको अभाव अभिभावक तथा स्थानीय ,उत्प्रेरित जनशक्तिको कमी , समुदायको निष्क्रियता आदि समस्या छन् । सार्वजनिक विद्यालयप्रति अभिभावकको आकर्षण तथा विश्वास अभिवृद्धि गर्न नसकिँदा सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या घट्दै जानु चिन्ताको विषय बन्न पुगेको छ । विद्यालय व्यवस्थानलाई प्रभावकारी बनाउन उत्तरदायीजवाफदेही र सुशासनयुक्त विद्यालय प्रशासन तथा व्यवस्थापन प्रणाली संस्थागत गर्ने कार्य पनि कठिन महसुस भए ,को छ । यसका लागि संघ सहकार्य र उत्तरदायी कार्यढाँचा सुदृढ गरी ,प्रदेश र स्थानीय सरकारका निकायबिच प्रभावकारी समन्वय , संस्थागत स्थायित्व प्रदान गर्नु पनि शिक्षा योजनाको मुख्य कार्यभारभित्र पर्न आएको छ ।

विद्यालयको शिक्षा क्षेत्रमा माथि उल्लेख गरिएका समस्या र चुनौतीहरू भए पनि वर्तमान समयमा धेरै अवसरहरू पनि विद्यमान छन् । तथापि हामीसँग उपलब्ध भएका आर्थिक, भौतिक स्रोत साधन र जनशक्तिको दक्षतापूर्ण र प्रभावकारी व्यवस्थापन गरी उक्त चुनौतीहरू सामना गर्न सम्बद्ध सबै पक्ष जागरूक र सक्रिय हुन आवश्यक देखिन्छ ।

### १.२.४ शिक्षा क्षेत्रका अवसरहरू

अन्नपूर्ण गाउँपालिकाको कार्यक्षेत्रअन्तर्गत विद्यालय शिक्षाको समुचित विकासका लागि वर्तमान परिवेशमा निम्न लिखित अवसरहरू उपलब्ध छन्:

१. संवैधानिक रूपमा विद्यालय शिक्षा स्थानीय तहको कार्यक्षेत्रमा प्राप्त भएकाले विद्यालयको निकट रही शैक्षिक व्यवस्थापन गर्न सहज भएको । स्थानीय तहलाई विद्यालय शिक्षाको व्यवस्थापन सम्बन्धी अधिकार प्राप्त भएकाले स्थानीय तहबाट वास्तविक समस्याको पहिचान गरी समाधानका उपयुक्त उपाय पत्ता लगाई कार्यान्वयन गर्न स्वतन्त्रता रहेको,

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पनि संविधानअनुसार प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षाको कार्यान्वयनको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको

३ . संविधानको मर्मअनुसार निशुल्क र गुणस्तरीय विद्यालय शिक्षा प्रदान गर्न आवश्यक कानुनी तथा नीतिगत प्रबन्धका साथ राष्ट्रिय प्रतिबद्धता व्यक्त भएको । यसका लागि शिक्षा नीतिअनिवार्य तथा निशुल्क शिक्षा ऐन ,२०७६ ,, २०७५ , बालबालिका सम्बन्धी ऐन, २०७५ जस्ता कानुन जारी हुनुका साथै विद्यालय शिक्षाको मार्गदर्शक योजनाका रूपमा विद्यालय शिक्षा क्षेत्र योजना २०७९–२०८८ र साहौं योजना २०८१।०८२)– २०८५।०८६(  तथा दिगो विकास लक्ष्य २०२१)– २०३०कार्यान्वयनमा (  आएको  ,

४. आधारभूत तहमा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि संवैधानिक, कानुनी तथा नीतिगत आधार तयार प्राप्त भएको  ,

५. विद्यालय शिक्षाको विकास र शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि गाउँपालिकालाई जिम्मेवार बनाई तीनै तहका सरकारको सहकार्य तथा समन्वयका साथै तीनै तहबाट लगानी हुन सक्ने अवस्था  रहेको ,

६ . गाउँपालिकाले शिक्षा विकासका लागि आवश्यक नीति तथा कार्यक्रमसहित बजेट विनियोजन गर्न प्रतिवद्ध भएको र यसका लागि तीन तहका सरकारले आवश्यक स्रोत र साधन विनियोजन गर्ने अभ्यासमा बढावा हुँदै गएको ,

७. संघीय तथा प्रादेशिक तह समेतबाट पाठ्यपुस्तक, शिक्षक व्यवस्थापन,  शिक्षक तालिम,  मूल्याङ्कन प्रणालीको व्यवस्थापन हुनुका साथै छात्रवृत्ति,  दिवा खाजा  ,( कक्षा ५ सम्म)स्यानिटरी प्याडको व्यवस्थालगायत प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध हुने गरेको ,

८. स्थानीय आवश्यकताका आधारमा स्थानीय सहभागितामा पाठ्यक्रम निर्माण भई कार्यान्वयनमा आएको,

९. प्राविधिक शिक्षाका लागि कृषि तथा भेटरीनरी तथा कम्प्युटर इन्जिनियरिङ विषयमा प्राविधिक तथा व्यावसायिक शिक्षाको सुरुवात भएको ,

१०. विद्यालय शिक्षालाई थप प्रभावकारी बनाउन विद्यालय अनुगमन व्यवस्थालाई जोड दिइएको ,

११. पालिकाभर विद्यालय शिक्षाको पहुँच पुगेकाले विद्यालय बाहिर बालबालिका रहने अवस्था न्यून भएको ,

१२. विद्यालयहरूमा सुविधा सम्पन्न प्रयोगशाला, सूचना तथा सञ्चार प्रविध ल्याब शौचालय आदिको प्रबन्ध ,पुस्तकालय , ,क्रमशः हुँदै गएको

१३. उपलब्ध साधन स्रोतको उच्चतम प्रयोग गर्न विद्यालय गाभ्न, तह घटाउन र समायोजन गर्न सुरु गरिएको,

१४. पालिका तहको विद्यालय भर्नादर, टिकाउ दर र  शिक्षामा समावेशीकरण जस्ता पक्षहरूमा क्रमशः सुधार देखिएको,

१५. सामुदायिक विद्यालय गुणस्तर सुधारप्रतिको चासो र जनअपेक्षा बढ्दै जानुका साथै नतिजामा क्रमशः उत्साहजनक सुधार हुँदै गएको।

यसरी विद्यालय शिक्षामा विभिन्न प्रकारका समस्या र चुनौतीहरूका बावजुद पनि विभिन्न प्रकारका नीतिगत संरचनागत तथा , कार्यक्रमगत व्यवस्थाले विद्यालय शिक्षाको समुचित विकासका लागि सहयोगी वातावरण बन्न गई विभिन्न अवसरहरूको सिर्जना भएको छ। संघीय राज्य व्यवस्थासँगै पुनर्संरचित शासन व्यवस्थाबाट विद्यालय शिक्षासम्बन्धी अधिकार र जिम्मेवारी विकेन्द्रित भई स्थानीय तहमा प्राप्त भएकाले शैक्षिक सुधारका लागि ठुलो अवसर प्राप्त हुन गएको छ। संक्षिप्तमा भन्नुपर्दा संवैधानिक तथा कानुनी आधारहरू प्राप्त हुनु, स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाका अधिकार स्थानीय तहमा प्रदान गर्नु, शिक्षामा लगानी क्रमशः वृद्धि हुँदै तीन तहको सरकारबाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुनु, सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुनु, स्थानीय पाठ्यक्रमका माध्यमबाट स्थानीय तहमा भएको रैथाने ज्ञान, सिप र प्रविधिलाई आन्तरिकीकरण गर्ने अवसर सिर्जना हुनु जस्ता पक्षलाई स्थानीय तहको शिक्षा क्षेत्रको अवसरका रूपमा लिन सकिन्छ। उक्त अवसरलाई विद्यालय शिक्षा विकासका लागि समयमै सदुपयोग गर्न सकिएमा यस पालिकाको शैक्षिक गुणस्तर विकासले गति लिने अपेक्षा गर्न सकिन्छ।

# परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

परिच्छेद एकमा उल्लिखित यस अन्नपूर्ण गाउँपालिकाको समग्र अवस्थाको समीक्षा गर्दै पहिचान गरिएका वर्तमान समस्या, मुख्य चुनौती तथा अवसरहरूले यस गाउँपालाकाका लागि विद्यालय शिक्षाको आगामी पाँच वषको मार्ग पहिचान गर्ने आधार प्रदान गरेको छ । यस पालिकाको शैक्षिक योजनाको माध्यमबाट अनिवार्य तथा नि:शुल्क आधारभतू शिक्षा, नि:शुल्क माध्यमिक शिक्षा र सर्वसुलभ आधारभतू साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइमा योजनाको अन्त्यसम्म प्राप्त गर्ने उपलव्धिहरूलाई समेट्ने गरी यस परिच्छेदमा प्रस्तुत योजनाको दूरदृष्टि उद्देश्य र ,लक्ष्य ,रणनीतिहरू ,अपेक्षित मुख्य उपलव्धि र कार्यसम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य प्रस्तुत गरिएको छ।

## २.१ दूरदृष्टिः "गुणस्तरीय, समावेशी, सिपमूलक, प्रविधिमैत्री शिक्षाः अन्नपूर्ण गाउँपालिकाको प्रतिबद्धता"

**२.२ लक्ष्यः** शिक्षामा सबैको समतामूलक पहुँचसहित शिक्षालाई सिप श्रमलाई उत्पादन र उत्पादनलाई समृद्धिसँग ,सिपलाई श्रम , जोड्दै आत्मनिर्भर, नैतिकवान् र गुणस्तरीय जनशक्ति उत्पादन गर्ने।

**२.३ उद्देश्यहरूः** गुणस्तरीय विद्यालय शिक्षालाई अधिकारका रूपमा स्थापित गरी समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्दै गरिखाने शिक्षा प्रदान गर्नु यस योजनाको मुख्य उद्देश्य हुनेछ। समग्रमा यस योजनाका उद्देश्य र रणनितिहरू निम्नानुसार हुनेछन्:

१. विद्यालय उमेर पूर्वका सबै बालबालिकाहरूलाई गुणस्तरीय बालविकास तथा शिक्षाको अवसर प्रदान गर्नु
२. सबै बालबालिकालाई समान पहुँच, सहभागिता, सान्दर्भिकता र गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु
३. बालमैत्री तथा प्रविधिमैत्री सिकाइ वातावरण सिर्जना गर्दै पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ उपलब्धि हासिल गर्नु
४. विद्यालयमा सुशासन प्रवर्धन गरी बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास गर्नु
५. सबै युवा तथा प्रौढहरूलाई खुला तथा वैकल्पिक सिकाइ कार्यक्रम, साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर उपलब्ध गराउनु,
६. महामारी लगायत आपत्कालीन तथा सङ्कटापन्न परिस्थितिमा बालबालिकाको शिक्षा प्राप्तिको सुनिश्चित गर्नु।

## २.४ उद्देश्य र रणनीतिहरू

| उद्देश्य | रणनीति |
|---|---|
| १. विद्यालय उमेर पूर्वका सबै बालबालिकाहरूलाई गुणस्तरीय बाल विकास तथा शिक्षाको अवसर प्रदान गर्नु | १. प्रारम्भिक बालविकास शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्ग बनाई सबै बालबालिकाहरूका लागि अनिवार्य गर्ने, |
| | २. प्रारम्भिक बाल विकास कार्यक्रमको नक्साङ्कन, समायोजन, पुनर्वितरण तथा आवश्यक भएमा नयाँ स्थानमा प्रारम्भिक बाल विकास केन्द्र/कक्षा स्थापना गर्ने, |
| | ३. निर्धारित मापदण्ड अनुरूप सरसफाइ, बसाइ व्यवस्था मलाई खेल तथा सिकाइ सामग्री तथा मनोरञ्जन सामग्रीसहित मनोरञ्जक र बालमैत्री कक्षाकोठा व्यवस्थापन गर्ने |
| | ४. प्रारम्भिक बालविकास उमेर समूहका बालबालिकाको अभिभावकलाई बाल स्याहार, पोषणलगायत सकारात्मक अभिभावक शिक्षा प्रदान गर्ने, |
| | ५. बालबालिकाको पोषण तथा स्वास्थ्यसम्बन्धी आवश्यकता पूरा गर्न बालविकास केन्द्रमा दिवा खाजा तथा नियमित स्वास्थ्य परीक्षणको प्रबन्ध गर्ने |
| | ६. प्रारम्भिक बालविकास सहजकर्ताका लागि उपयुक्त तालिम तथा क्षमता विकासको प्रबन्ध गर्ने, |
| | ७. प्रारम्भिक बाल शिक्षाको अनुभवसहित सबै बालबालिकाहरूलाई कक्षा १ मा भर्ना गर्ने। |
| २. सबै बालबालिकालाई समान पहुँच, सहभागिता, सान्दर्भिकता र गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु | १. विद्यालय उमेर समूहका बालबालिका यकिन गरी भर्ना र नियमितताको सुनिश्चतता गर्ने, |
| | २. विद्यालय पहुँच नपुग्ने क्षेत्रका बालबालिकालाई लक्षित कार्यक्रम सञ्चालन गर्ने, |
| | ३. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि अभिभावक र समुदायको सहभागिता सुनिश्चित गर्ने, |
| | ४. गाउँपालिका क्षेत्रभित्र बसोवास गर्ने गरिब, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सक्रियरूपमा सहभागी भई अपेक्षित सिकाइ उपलव्धि प्राप्त गर्न आवश्यक पर्ने सहयोग प्रणाली लागु गर्ने, |

| | |
|---|---|
| | ५. योजनावद्धरूपमा मनोवैज्ञानिक, नवीनतम शैक्षिक सामाग्री तथा विधिको प्रयोग गरी प्रविधिमैत्री शिक्षणमा जोड दिने, |
| | ६. विद्यालय अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामुखी पारदर्शी र प्रभावकारी बनाउने, |
| | ७. शैक्षिक तथा मनोसामाजिक परामर्श, जीवनोपयोगी सिप तथा व्यवहारकुशल सीप विकास गर्ने । |
| ३. बालमैत्री तथा प्रविधिमैत्री सिकाइ वातावरण सिर्जना गर्दै पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ उपलब्धि हासिल गर्नु | १. विद्यालयमा सुरक्षित, बालमैत्री र अपाङ्गता-मैत्री वातावरण निर्माण गर्ने, |
| | २. डिजिटल सामग्री र प्रविधिमा आधारित सिकाइका लागि आवश्यक उपकरण र प्रविधि उपलब्ध गराई सिकाइ सुधार कार्यक्रम सञ्चालन गर्ने, |
| | ३. विद्यार्थी केन्द्रित, प्रविधि तथा बालमैत्री, नवीन विधि र परियोजनामा आधारित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिने, |
| | ४. विषयगत तथा कक्षागत शिक्षकको दरबन्दी सुनिश्चित गर्दै शिक्षक-विद्यार्थी अनुपात सुधार गरी सक्षम शिक्षक व्यवस्थापन गर्ने, |
| | ५. सिकाइ उपलब्धिको नियमित अनुगमन र रिपोर्टिङ प्रणाली विकास गर्दै निरन्तर सुधार कार्यक्रम सञ्चालन गर्ने, |
| | ६. शिक्षकको पेसागत विकासमा जोड दिँदै शिक्षक कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई नतिजामुखी र सुधारमुखी बनाउने, |
| | ७. पृष्ठपोषण र सवलीकरणका लागि पुरस्कार, सम्मान, छात्रवृत्ति तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरी शिक्षक र विद्यार्थीको उत्साह अभिवृद्धि गर्ने, |
| | ८. सहपाठ्यक्रम तथा अतिरिक्त क्रियाकलापमार्फत् सिर्जनशीलता, नेतृत्व र आत्मविश्वास विकास गर्ने, |
| | ९. स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास तथा कार्यान्वयन गरी प्रभावकारी कार्यान्वयनका लागि स्थानीय स्तरमा सहयोग र सहजीकरण संयन्त्र क्रियाशील बनाउने । |
| ४. विद्यालयमा सुशासन प्रवर्धन गरी बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास गर्नु | १. विद्यालय प्रशासन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति, ऐन, कानुन र कार्यक्रम तथा मापदण्ड विकास एवम् कार्यान्वयन गर्ने, |
| | २. पालिका र अन्तर्गतका शिक्षा सम्बद्व विभिन्न संरचनाको गठन/निर्माण र सुदृढीकरण गर्ने, |
| | ३. विद्यालयको वार्षिक योजना, बजेट, खर्च विवरण र शैक्षिक उपलब्धि सार्वजनिक गरी पारदर्शिता तथा जवाफदेहिता प्रणाली विकास गर्ने, |
| | ४. शिक्षक उत्तरदायित्व र कार्यसम्पादन मूल्याङ्कन प्रणाली सुदृढ गर्दै शिक्षक व्यवस्थापन र अनुगमन प्रणाली मजबुत गर्ने, |
| | ५. गुनासो व्यवस्थापन संयन्त्र स्थापना गरी कार्यान्वयन गर्ने । |
| ५. सबै युवा तथा प्रौढहरूलाई खुला तथा वैकल्पिक सिकाइ कार्यक्रम, साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर उपलब्ध गराउनु, | १. आवश्यकता, माग र स्रोतका आधारमा स्थानीय समुदायसँगको सहकार्यमा सामुदायिक सिकाइ केन्द्रहरूको आवश्यकतानुसार समायोजन, पुनर्संरचना तथा पुनर्वितरण गरी सामुदायिक सिकाइ केन्द्रलाई सुदृढ गर्ने, |
| | २. लक्षित समूहका लागि साक्षरता, निरन्तर र जीवनपर्यन्त शिक्षाका लागि आवश्यक स्रोतसाधन सुनिश्चित गरी कार्यक्रम सञ्चालन गर्ने, |
| | ३. स्थानीय पुस्तकालय,वाचानालय र ज्ञान केन्द्रको स्थापना गरी पठन संस्कृतिको विकास गर्ने, |
| | ४. विद्यालय शिक्षाबाट बञ्चित बालबालिका र किशोर-किशोरीका लागि समुदाय र स्थानीय संस्थासँग सहकार्य गरेर वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने । |
| ६. महामारी लगायत आपत्कालीन तथा सङ्कटापन्न परिस्थितिमा बालबालिकाको शिक्षा प्राप्तिको सुनिश्चित गर्नु | १. महामारी, विपद्, प्राकृतिक प्रकोप, द्वन्द्व वा अन्य सङ्कटका लागि योजनासहित सावधानी तथा पूर्व तयारी गर्ने, |
| | २. समुदाय तथा विद्यालय क्षेत्रमा आइपरेका महामारीलगायत आपत्कालीन अवस्थामा उद्धार, राहत र पुर्नस्थापना गर्ने, |
| | ३. विद्यालयहरूले आ-आफ्ना विद्यालयको सङ्कटापन्नताको मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत् योजना तयार गर्न हरेक विद्यालयको क्षमता विकास गर्ने, |

| | |
|---|---|
| | ४. सिकाइ सामग्री तथा स्रोतको अग्रिम व्यवस्थापन सहित वैकल्पिक सिकाइ माध्यमको विकास र प्रयोग गरी शैक्षिक क्षति न्यूनीकरण गर्ने, |
| | ५. तनाव, डर, आघातमा परेका बालबालिकाका लागि परामर्श सेवा, मनोसामाजिक सहयोग तथा संरक्षण कार्यक्रम सञ्चालन गर्ने । |

## २.५ अपेक्षित मुख्य उपलब्धि

योजनाको अन्त्यसम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छः

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुनेछ । परिणामस्वरूप प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा एकमा भर्ना हुनेको शत प्रतिशत पुगेको हुनेछ ।

२. सबै बालबालिका आधारभूत शिक्षाको पहुँचमा सहभागी भएको हुनेछ ।

३. आधारभूत शिक्षा पूरा गर्ने बालबालिकाले जीवनउपयोगी सिपसहित न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका हुनेछन् ।

४. माध्यमिक तहमा भर्नादर वृद्धि हुने र भर्ना भएका विद्यार्थीमध्ये उक्त तहको शिक्षाको चक्र पूरा गर्ने दरमा उल्लेख्यरूपमा सुधार भएको हुनेछ ।

५. माध्यमिक तहमा प्राविधिक शिक्षाको आवश्यकता, औचित्य र सम्भाव्यताको अध्ययन गरी प्राविधिक सिप हासिल गर्न चाहने विशेषरूपमा लक्षित विद्यार्थीहरूका लागि गुणस्तरीय, सान्दर्भिक, श्रम बजारअनुकूल र आवश्यकतामा आधारित प्राविधिक शिक्षा प्रदान गर्न सक्ने गरी क्षमता सुदृढ भएको हुनेछ ।

६. राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमले तोकेका न्यूनतम सिकाइ उपलब्धि हासिल भएको हुनेछ ।

७. न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता भई बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुनेछ ।

८. सबै विद्यालयहरूमा पर्याप्त सङ्ख्यामा योग्य, तालिम प्राप्त सक्षम, उत्साहित, सक्रिय, उत्प्रेरित तथा पेसाप्रति प्रतिबद्ध तथा कार्यसम्पादनप्रति जिम्मेवार शिक्षकको व्यवस्था भएको हुनेछ ।

९. अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि भई सबै युवा तथा प्रौढहरूले कार्यमूलक साक्षरता तथा निरन्तर शिक्षा हासिल गरिरहेका हुने छन् ।

१०. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिलगायतका प्रविधिको प्रयोगमा विस्तार तथासहज उपयोग भई शिक्षण सिकाइ कार्यमा भरपुर प्रयोग भएको हुनेछ।

११. विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन र पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धबाट बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार हुनेछ ।

१२. लैङ्गिकता, सामाजिक तथा अर्थिक अवस्था, अपाङ्गता, जातीय, भाषिक पृष्ठभूमि आदिका आधारमा विद्याथ् भर्ना, कक्षा सहभागिता तथा सिकाइ उपलव्धिजस्ता शैक्षिक सूचकमा हुने विद्यमान असमानताहरू हटेको हुनेछ ।

१३. सबै विद्यालयहरूमा बालमैत्री, अपाङ्गतामैत्री, प्रकोप उत्थानशील तथा सुरक्षित वातावरणसहित भौतिक पूर्वाधार भएको हुने छ ।

१४. विद्यार्थीको सिकाइप्रति प्रत्येक विद्यालयलाई उत्तरदायी बनाउने प्रणालीको व्यवस्था भएको हुनेछ ।

१५. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना मार्फत् शैक्षिक तथा शैक्षणिक योजनाको कार्यान्वयनमा प्रभावकारिता तथा सक्षमता सुनिश्चित भएको हुनेछ ।

१६. विद्यालय शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील हुनेछ ।

१७. शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई विद्यालय तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम भएको हुनेछ ।

## २.६ मुख्य कार्यसम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य

यस योजनाका मुख्य कार्यसम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य निम्न बमोजिम निर्धारण गरिएको छः

**तालिका २.६.१**

**मुख्य कार्य सम्पादन सूचक तथा लक्ष्य**

| सि.न. | सूचक | एकाइ | आधार वर्ष २०८१/८२ | लक्ष्य २०८६/८७ | कैफियत |
|---|---|---|---|---|---|
| १. | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | |
| ११. | कुल भर्नादर | प्रतिशत | ८६.५ | १०० | |
| १२. | खुद भर्नादर | प्रतिशत | ६०.७ | ८० | |
| १३. | न्यूनतम योग्यता पुगेका सहजकर्ता | प्रतिशत | १०० | १०० | |
| १४. | आधारभूत तालिम प्राप्त सहजकर्ता | प्रतिशत | ६० | १०० | |
| १५. | कक्षा १ का नवप्रवेशी मध्ये प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिका | प्रतिशत | ८७.५ | ९५ | |
| १६. | आधारभूत मापदण्ड पूरा गरेका प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र | सङ्ख्या | ३५ | ५८ | |
| १७. | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र सञ्चालन | सङ्ख्या | ५८ | ६० | |
| १.८ | दिवा खाजा प्राप्त बालबालिका | प्रतिशत | ५०० | ६०० | |
| १.९ | अभिभावक र व्यवस्थापन समितिलाई अभिमुखीकरण | प्रतिशत | १०० | १०० | |
| ११.० | प्रारम्भिक बालशिक्षामा शैक्षिक पूर्वाधार, सिकाइ क्षेत्र तथा खेल सामग्रीहरूको पूर्वाधार निर्माण | सङ्ख्या | ८० | १०० | |
| २. | **आधारभूत शिक्षा** | | | | |
| २.१ | कुल भर्नादर (१-५) | प्रतिशत | ११९.६ | १०५ | |
| २.२ | खुद भर्नादर (१-५) | प्रतिशत | ९६.१ | ९९ | |
| २.३ | कुल भर्नादर (१-८) | प्रतिशत | १२०.४ | १०५ | |
| २.४ | खुद भर्नादर (१-८) | प्रतिशत | ९४.९ | ९८ | |
| २.५ | कक्षा १-८ को खुद भर्नादरमा लैङ्गिक समता | अनुपात | ०.८ | १.०० | |
| २.६ | कक्षा १-५ मा दोहोऱ्याउने दर | प्रतिशत | ५.८ | १.०० | |
| २.७ | कक्षा १-५ मा छाड्ने दर | प्रतिशत | ८.८ | २.०० | |
| २.८ | कक्षा १-५ मा उत्तीर्ण दर | प्रतिशत | ८५.४ | ९० | |
| २.९ | कक्षा ६-८ मा दोहोऱ्याउने दर | प्रतिशत | २.० | ० | |
| २.१० | कक्षा ६-८ मा छाड्ने दर | प्रतिशत | ४.८ | १.०० | |
| २.११ | कक्षा ६-८ मा उत्तीर्ण दर | प्रतिशत | ९३.२ | ९५ | |
| २.१२ | कक्षा ५ सम्म टिकाउदर | प्रतिशत | ८५.९ | ९२ | |
| २.१३ | कक्षा ८ सम्म टिकाउदर | प्रतिशत | ८५.३ | ९२ | |
| २.१३ | आधारभूत शिक्षाको तह पूरा गर्ने दर | प्रतिशत | ९३.२ | ९५ | |
| ३. | **माध्यमिक शिक्षा** | | | | |
| ३१. | कक्षा ९-१० को कुल भर्नादर | प्रतिशत | ९५.३ | १०० | |
| ३२. | कक्षा ९-१० को खुद भर्नादर | प्रतिशत | ७३.० | ८० | |
| ३३. | कक्षा ९-१२ को कुल भर्नादर | प्रतिशत | ६८.७ | ७५ | |
| ३४. | कक्षा ९-१२ को खुद भर्नादर | प्रतिशत | ५२.४ | ६० | |
| ३.५ | कक्षा ११-१२ को कुल भर्नादर | प्रतिशत | ३४.६ | ४० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.६ | कक्षा ११-१२ को खुद भर्नादर | प्रतिशत | २६.० | ३० | |
| ३.७ | कक्षा ९-१२ को खुद भर्नादरमा लैङ्गिक समता | अनुपात | ८६.० | १०० | |
| ३.८ | कक्षा ९-१० मा दोहोऱ्याउने दर | प्रतिशत | १.९ | ० | |
| ३.९ | कक्षा ९-१० मा छाड्ने दर | प्रतिशत | ४.० | १.०० | |
| ३.१० | कक्षा ९-१० मा उत्तीर्ण दर | प्रतिशत | ९१.१ | ९५ | |
| ३.११ | गाँउपालिकामार्फत् न्यूनतम दरबन्दी सुनिश्चित गर्नका लागि थप शिक्षक व्यवस्थापन | सङ्ख्या | १ | आवश्यकता बमोजिम | |
| ३.१२ | पाठ्यपुस्तक प्राप्त गर्ने विद्यार्थी | प्रतिशत | १०० | १०० | |
| ३.१३ | प्राविधिक धारका विद्यालय | सङ्ख्या | १ | १ | |
| ३.१४ | अगुवा (लिड) विद्यालय | सङ्ख्या | ० | १० | |
| ३.१५ | नमुना विद्यालय | सङ्ख्या | १ | १ | |
| ३.१६ | आदर्श विद्यालय | सङ्ख्या | १ | २ | |
| **४.** | **विद्यालय व्यवस्थापन र नियमन** | | | | |
| ४१. | २०५ दिन पठनपाठन भएको सुनिश्चित भएका विद्यालय | सङ्ख्या | ५४ | ५४ | |
| **५.** | **अनैपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | | | | |
| ५१. | डिजिटल तथा वित्तीय साक्षरता कक्षा सञ्चालन | सङ्ख्या | ० | ५ | |
| ५२. | सामुदायिक पुस्तकालय एवम् सिकाइ केन्द्र सञ्चालन तथा सहयोग | सङ्ख्या | २ | २ | |
| **६.** | **पाठ्यक्रम र मूल्याङ्कन** | | | | |
| ६.१ | पाठ्यक्रम तथा पाठ्यसामग्रीको अभिमुखीकरण तथा कार्यान्वयन | प्रतिशत | ८० | १०० | |
| ६.२ | स्थानीय पाठ्यक्रम विकास | कक्षा | १-५ | १-८ | |
| ६.३ | सिकाइ उपलब्धि परीक्षण | पटक | ० | ५ | |
| ६.४ | स्थानीय पाठ्यपुस्तक विकास | कक्षा | ० | १-८ | |
| **७.** | **शिक्षक विकास र व्यवस्थापन** | | | | |
| ७.१ | महिला शिक्षक प्रतिशत )आधारभूत तह( | प्रतिशत | ४९.६ | ५० | |
| ७.२ | महिला शिक्षक प्रतिशत (माध्यमिक तह) | प्रतिशत | ९.५२ | १२ | |
| ७.३ | शिक्षक क्षमता विकास तालिम | सङ्ख्या | २५० | ३१५ | |
| ७.४ | व्यवस्थापन तालिम | प्रतिशत | ० | १०० | |
| ७.५ | शिक्षक सहयोग समूह गठन र परिचालन | समूह | ५ विषयगत | ७ विषयगत | |
| ७.६ | शिक्षक सहयोग र पृष्ठपोषण पद्धतिको विकास | पटक | ० | १७ | |
| ७.७ | १ महिना भन्दा बढी सञ्चित विदा र सुत्केरी शिक्षकको सट्टा शिक्षक व्यवस्थापन | सङ्ख्या | ५ | आवश्यकता बमोजिम | |
| **८.** | **सूचना तथा सञ्चार प्रविधि** | | | | |
| ८.१ | पूर्वाधार विकास | विद्यालय | १७ | २५ | |
| ८.२ | इन्टरनेट कनेक्टिभिटी | विद्यालय | ५४ | ५४ | |
| ८.३ | सूचना प्रविधि ल्याब | विद्यालय | १७ | ३० | |
| ८.४ | सूचना प्रविधि सम्बन्धित क्षमता विकास | प्रतिशत | ७० | १०० | |
| **९.** | **शासकीय प्रवन्ध तथा व्यवस्थापन** | | | | |
| ९.१ | प्रधानाध्यापकसँग कार्यसम्पादन करार | विद्यालय | ० | २२ | |
| ९.२ | कर्मचारीहरूको क्षमता विकास | प्रतिशत | ७५ | १०० | |
| ९.३ | प्रतिवेदन प्रणालीको सुदृढीकरण | प्रतिशत | ६० | १०० | |
| ९.४ | शिक्षा समिति बैठक | पटक | | नियमानुसार | वार्षिक |

| | | | | | |
|---|---|---|---|---|---|
| ९.५ | शिक्षा सम्बन्धी कानुन तथा मापदण्ड विकास | सङ्ख्या | ५ | आवश्यकता बमोजिम निर्माण | निर्माण तथा परिमार्जन |
| ९.६ | विद्यालय सुधार योजना निर्माण | सङ्ख्या | ५४ | ५४ | |
| ९.७ | सामाजिक परीक्षण | सङ्ख्या | ५४ | ५४ | |
| ९.८ | EMIS व्यवस्थापन | सङ्ख्या | ५४ | ५४ | |
| ९.९ | विद्यालय कार्यसम्पादन परीक्षण | सङ्ख्या | ० | ५४ | |
| **१०.** | **शिक्षा क्षेत्रको बजेट प्रतिशत** | | | | |
| १०.१ | पालिकाको कुल बजेटमा शिक्षा क्षेत्रको प्रतिशत (ससर्तसहित) | प्रतिशत | ४२.७ | ६० | |
| १०.२ | पालिकातर्फको बजेटमा शिक्षा क्षेत्रको प्रतिशत (ससर्त बाहेक) | प्रतिशत | ३.३ | ६ | |

# परिच्छेद तीन: शिक्षाका मुख्य उपक्षेत्र

## पृष्ठभूमि

अन्नपूर्ण गाउँपालिकाको शैक्षिक सुधारका लागि निर्माण गरिएको यस शैक्षिक योजनाको यस परिच्छेदमा वर्तमान विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरूलाई व्यवस्थित गरिएको छ। यस परिच्छेदमा विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरूको वर्तमान स्थितिको समीक्षा गरी सम्बन्धित उपक्षेत्रको विकासको निमित्त अवलम्बन गर्नुपर्ने उद्देश्य तथा रणनीतिहरूको विस्तृतीकरण गरिएको छ। साथै यस खण्डमा उक्त उपक्षेत्रहरूलाई परिचय, वर्तमान अवस्था, समस्या, चुनौती, अवसर, लक्ष्य, उद्देश्यहरू, रणनीतिहरू, उपलब्धिहरू, नतिजाहरू र मुख्य क्रियाकलापहरू र लक्ष्य निर्धारण जस्ता उपशीर्षकहरूमा विभाजन गरी विश्लेषण गर्ने प्रयत्न गरिएको छ। यसरी विश्लेषण गर्नका लागि मूलतः नेपालको संविधानले निर्देशित गरको दृष्टिकोण, मौलिक अधिकार, शिक्षा सम्बन्धी नीति, दिगो विकासको लक्ष्य, अन्तर्राष्ट्रिय क्षेत्रमा गरिएका शिक्षासम्बन्धी प्रतिवद्धता, वर्तमान विद्यालय शिक्षासम्बन्धी कानुनहरू, सोह्रौँ योजना र विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को नीतिगत प्रावधानलाई समेत महत्त्वपूर्ण आधार मानिएको छ। यसैका आधारमा यस उपक्षेत्रहरूमा बर्तमान अवस्थाको समीक्षा गरी मुख्य समस्या र चुनौती पहिचान गर्नुका साथै योजनाका लागि उद्देश्य, रणनीतिहरू, नतिजा आँकलन, प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू तहगत रूपमा नै समावेश गरिएको छ। यस योजनामा समावेश गरिएका उपक्षेत्रहरूमा १. प्रारम्भिक बालविकास र शिक्षा, २. आधारभूत शिक्षा, ३. माध्यमिक शिक्षा, ४. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम ५. अनौपचारिक शिक्षा र आजीवन सिकाइ र ६. उच्च शिक्षा रहेका छन्।

**३ १ प्रारम्भिक बाल विकास तथा शिक्षा.**

### ३.२.१ परिचय

प्रारम्भिक बाल विकास र शिक्षा बालबालिकाहरूलाई आधारभूत शिक्षाका लागि तयार गराउने कार्यक्रम हो। यो कार्यक्रम विद्यालय जाने उमेर पूर्व अर्थात् ४ वर्ष (४८-६० महिना) बालबालिकाहरूको शारीरिक, मानसिक तथा बौद्धिक, सामाजिक, संवेगात्मक जस्ता सर्वाङ्गीण विकासका साथै कक्षा १ का लागि आवश्यक आधारभूत सिकाइ सिपहरू विकासको तयारीको अवधि हो। नेपालको वतर्मान संविधानको धारा ३९ को बालबालिकाको हकको उपधारा (२) मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने छ भन्ने उल्लेख हुनुका साथै उपधारा (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुने छ भन्ने उल्लेख छासो व्यवस्था कार्यान्वियन गर्न नेपालको अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा नीति २०७६ मा चार वर्ष उमेर पुगेका बालबालिकाको लागि एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने कुरा उल्लेख छ। नेपालको सोह्रौं योजनामा पनि प्रारम्भिक बाल विकास र शिक्षा कार्यक्रमलाई जोड दिइएको सन्दर्भमा यस गाउँ शिक्षा योजनामा पनि सो कार्यक्रमलाई समावेश गरिएको छ। प्रारम्भिक बाल विकास राष्ट्रिय रणनीति (सन् २०२०-२०३०) ले ४ वर्षका बालबालिकाका लागि प्रारम्भिक बाल शिक्षादेखि कक्षा ३ सम्मका बालबालिकाको विकास तथा सिकाइका लागि मार्गचित्र प्रदान गरेको छ।

माथि उल्लिखित नीतिगत व्यवस्थाबाट कक्षा १ मा भर्ना हुने बालबालिकाहरूले अनिवार्यरूपमा एक वर्षको पूर्व प्राथमिक शिक्षा पूरा गरेको हुनुपर्ने व्यवस्था कार्यान्वयनको लागि विद्यालय शिक्षा क्षेत्र योजनामा समेत आवद्ध गरिएको छ। यस कार्यक्रमलाई सबै बालबालिकाहरूको पहुँचमा पुर्याउनका लागि सरकारी तथा गैरसरकारी संस्था, स्थानीय सरकार, सामुदाय, विद्यालयहरू तथा आम सरोकारवालाहरूको हातेमालो र रचनात्मक सहयोग हुन आवश्यक छ। यस योजना अवधिका लागि प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रमका उद्देश्य, नीतिहरू, कार्यक्रम कार्यान्वयनका प्रमुख नतिजा र योजना प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू तल्लो शीर्षकमा उल्लेख गरिएको छ।

### ३.२.२ वर्तमान अवस्था

यस पालिकाअन्तर्गत जम्मा ५८ प्रारम्भिक बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन्। उक्त केन्द्रहरूमध्ये सामुदायिक विद्यालयमा आधारित ४३, समुदायमा आधारित ३, विद्यालयमा आधारित निजी स्रोतमा सञ्चालित ८ र संस्थागत विद्यालयमा आधारित ४ बालविकास केन्द्र रहेका छन्। शैक्षिक तथ्याङ्क, २०८२ अनुसार प्रारम्भिक बालविकास केन्द्रमा विद्यार्थी भर्ना दर ८६.५ प्रतिशत पुगेको छ। पहुँच तथा सहभागितामा प्रारम्भिक बाल शिक्षा तथा विकासमा प्रशंसनीय प्रगति भएको भए तापनि

विशेष गरी भौगोलिकरूपमा दुर्गम बस्तीका समुदायका बालबालिका अझै प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रमको दायरामा समेटिन सकेका छैनन् । यस पालिकाको प्रारम्भिक बाल विकास तथा शिक्षाको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ३.२

**प्रारम्भिक बाल विकाससम्बन्धी विवरण २०८२**

| सि.नं. | विवरण | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १. | बालविकास केन्द्र सङ्ख्या | ५८ | |
| २. | विद्यार्थी सङ्ख्या | ९४७ | |
| ३. | केन्द्र र विद्यार्थी अनुपात | १:१६ | |
| ४. | कुल भर्नादर | ८६.५ | |
| ५. | खुद भर्नादर | ६०.७ | |
| ६. | ससर्त अनुदानको प्रारम्भीक बालविकास केन्द्र नभएका विद्यालय सङ्ख्या | ६ | |
| ७. | न्यूनतम पूर्वाधार पूरा भएका बालविकास केन्द्र सङ्ख्या | ३५ | |
| ८. | तालिम प्राप्त सहजकर्ता सङ्ख्या | २९ | |

माथिको तालिकाअनुसार विद्यालय सङ्ख्याका आधारमा बाल विकास केन्द्र सञ्चालनमा रहेको भए तापनि विद्यार्थी सङ्ख्या न्यून नै रहेको देखिन्छ। केही बालविकास केन्द्रमा न्यूनतम पूर्वाधार समेत पुगेको छैन। अधिकांश सहजकर्ताहरूले एक पटक तालिम प्राप्त गरे पनि अद्यावधिक ज्ञान सिपबाट प्रशिक्षित हुन सकेका छैनन् । यस पालिकाको वडागतरूपमा बाल विकास केन्द्रको वितरण अवस्था तलको तालिका दिइएको छः

**तालिका ३.२**

**वडागत सामुदायिक बालविकास तथा शिक्षा केन्द्र वितरण**

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | ५ | ४ | ६ | ६ | ६ | २ | ६ | ७ | ५ | ७ | ४ | ५८ |

माथिका तालिकाबाट हेर्दा प्रारम्भिक बालविकास केन्द्रको वितरण सबै वडा भएको देखिए तापनि वितरणमा समानता देखिँदैन। आवश्यकताका आधारमा बालविकास केन्द्रको पुनःर्वितरण गर्नु पर्ने देखिन्छ।

**३.२.३ उद्देश्य**

यस योजनाले प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका निम्नलिखित उद्देश्यहरू लिएको छ :

१. गुणस्तरीय प्रारम्भिक बाल शिक्षा तथा विकासमा चार वर्ष उमेरका सबै बालबालिकाहरूको पहुँच तथा सहभागिता भएको तथा तह पूरा गरेको सुनिश्चित गर्नु,

२. प्रारम्भिक बाल शिक्षा तथा विकासमा सहभागी चार वर्षका सबै बालबालिकाहरूमा शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक विकास तथा विद्यालयका लागि तयारी सुनिश्चित गर्नु।

**३.१.४ रणनीतिहरू**

योजनाका उद्देश्यहरू प्राप्त गर्न निम्नलिखित रणनीतिहरू अबलम्बन गरिने छ :

१. प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण तथा आवश्यक भएमा नयाँ स्थानमा प्रारम्भिक बाल विकास केन्द्र/कक्षा स्थापना गर्ने साथै कुनै विद्यालयको अनुमति स्थगन वा समायोजन भएमा बालबालिका उपलब्ध भएसम्म बालविकास केन्द्र यथावत सञ्चालनमा रहने,

२. प्रारम्भिक बाल विकास तथा शिक्षा केन्द्रमा बालबालिकाहरू भर्ना भएको सुनिश्चित गर्न, हिंसादुर्व्यवहारबाट सुरक्षित राख्न , समुचित प्रबन्ध गर्ने,

३. विपद् तथा आपतकालीन अवस्थामा समेत वैकल्पिक सिकाइ व्यवस्था गरी पूर्व प्राथमिक शिक्षालाई निरन्तरता दिने,

४. प्रारम्भिक बाल विकास तथा शिक्षाका न्यूनतम मापदण्डको कार्यान्वयन तथा परिपालना गराउन अनुगमन गरी साधन स्रोतसहित सहजीकरण प्रदान गर्ने ,

५. सिकाइका लागि भौतिक तथा शैक्षिक वातावरणलाई बालमैत्री, समावेशी, लैङ्गिक/अपाङ्गतामैत्री बनाउन प्रारम्भिक बाल विकास केन्द्र/कक्षालाई आवश्यक सहयोग पुर्याउने,

६. बालबालिकाको पोषण तथा स्वास्थ्यसम्बन्धी आवश्यकता पूरा गर्न विद्यालयमा दिवा खाजाको प्रबन्धका साथै सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य र समन्वय गरी सुरक्षित पानी, सरसफाइ तथा स्वच्छता जाँच परीक्षण तथा सिफारिस सेवा प्रदान गर्ने,

७. प्रारम्भिक बाल विकास तथा शिक्षाका बालबालिकाहरूमा व्यक्तिगत, सरसफाइ तथा सामाजिक सिप जस्ता समूह सिकाइ अभ्यासको प्रवर्धन गर्ने,

८. बालबलिकाहरूको आवश्यकताअनुसार भाषिक विकास तथा सञ्चारका लागि माध्यम भाषाका रूपमा परिचित भाषाको प्रयोगमा सहजीकरण गर्न मातृभाषा वा स्थानीय भाषामा स्रोतसामग्रीहरूको विकास गरी प्रयोग गर्ने ।

### ३.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**(क) उपलब्धि**

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बाल विकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने,

२. पाँच वर्ष पुग्दा सबै बालबालिकाहरूले गुणस्तरीय प्रारम्भिक बाल विकास तथा शिक्षा पूरा गरी कक्षा एकका लागि तत्पर भएको हुने,

३. प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण भएर आवश्यक स्थानमा प्रारम्भिक बाल विकास केन्द्र/कक्षा सञ्चालन भएको हुने,

४. विपद् तथा आपतकालीन अवस्थामा समेत वैकल्पिक सिकाइ प्राप्त भएको हुने,

५. प्रारम्भिक बाल शिक्षा तथा विकास सेवाका न्यूनतम मापदण्ड पूरा भएको हुने,

६. बालबालिकाको पोषण तथा स्वास्थ्यसम्बन्धी सेवा उपलब्ध भएको हुने,

७. मातृभाषा वा स्थानीय भाषामा स्रोतसामग्रीहरूको विकास तथा प्रयोग भएको हुने ।

**(ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/ ८२) | २०८२/ ८३ | २०८३/ ८४ | २०८४/ ८५ | २०८५/ ८६ | २०८६/ ८७ |
|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकासमा कुल भर्ना सङ्ख्या | ९४७ | ९५५ | ९६३ | ९७१ | ९७९ | ९९० |
| २. | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या | ३५ | ३८ | ४२ | ४८ | ५४ | ५८ |
| ३. | कुल भर्नादर | ८६.५ | ९० | ९३ | ९६ | ९८ | १०० |
| ४. | न्यूनतम योग्यता पुगेका शिक्षक प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ५. | आधारभूत तालिम प्राप्त शिक्षक सङ्ख्या | ३५ | ३८ | ४२ | ४८ | ५४ | ५८ |
| ६. | कक्षा १ का नवप्रवेशीमध्ये प्रा.बा.वि.को अनुभव प्राप्त बालबालिका | ८७.५ | ९० | ९३ | ९५ | १०० | १०० |
| ७. | दिवा खाजा प्राप्त सामुदायिक बालविकास केन्द्रका बालबालिका प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ८. | अभिमुखीकृत अभिभावक र व्यवस्थापन समिति सदस्य सङ्ख्या | २०० | ३०० | ४०० | ५०० | ६०० | ७०० |

**(ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/ ८३ | २०८३/ ८४ | २०८४/ ८५ | २०८५/ ८६ | २०८६/ ८७ | जम्मा | |
| १. | बालविकास केन्द्रको नक्साङ्कन तथा पुनर्वितरण | केन्द्र | हरेक वर्ष नक्साङ्कन गरी आवश्यकताअनुसार पुनर्वितरण तथा थप गरिने | | | | | | नक्साङ्कन, तथा पुनर्वितरण तथा थप भएको हुने |
| २. | बालविकास केन्द्रको सबलीकरण | केन्द्र | ५ | ६ | ८ | ६ | ६ | ३१ | सबै ५८ वटा सबलीकरण भएको हुने |
| ३. | शिक्षक/सहजकर्ताको क्षमता विकास | जना | ५ | ६ | ८ | ६ | ६ | ३१ | सबै तालिम प्राप्त हुने |
| ४. | शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा अभिलेखीकरण | बालबालिकाको सङ्ख्यालाई निरन्तररूपमा सत्यापन गरी शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा अद्यावधिक गरिने | | | | | | | बालबालिकाको सङ्ख्यालाई सत्यापनसहित तथ्याङ्क अद्यावधिक भएको हुने |
| ५. | पोषणयुक्त दिवा खाजाको व्यवस्था | वटा | ५८ | ५८ | ५८ | ५८ | ५८ | ५८ | सबै प्रा.बा.वि.तथा शि. मा पोषणयुक्त दिवा खाजाको व्यवस्था भएको हुने |
| ६. | प्रा. बा. वि. शि. का न्यूनतम मापदण्ड प्रबोधीकरण | पहिलो वर्षमा सबै प्रा. बा. वि.शि. केन्द्रमा र तत्पश्चात नयाँ खोलिने केन्द्रहरूमा | | | | | | | प्रा. बा. वि. शि. का न्यूनतम मापदण्ड प्रबोधीकरण भएको हुने |
| ७. | पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन गरी न्यूनतम मापदण्डमा सुधार गर्ने | वटा | ३५ | ३८ | ४२ | ४८ | ५४ | ५८ | पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन गरी न्यूनतम मापदण्डमा सुधार भएको हुने |
| ८. | परिवार, समुदाय, गैर सरकारी सङ्घसंस्थाहरू तथा निजी क्षेत्रसँगको सहकार्य | निरन्तर | √ | √ | √ | √ | √ | √ | परिवार, समुदाय, गैर सरकारी सङ्घसंस्थाहरू तथा निजी क्षेत्रसँगको सहकार्य भएको हुने |
| ९. | अनाथ, असहाय, अपाङ्गता पहिचान गरी थप सेवा उपलब्धता | निरन्तर | √ | √ | √ | √ | √ | √ | परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्थाहरू तथा निजी क्षेत्रसँगको सहकार्य भएको हुने |
| १०. | बालविकास केन्द्रमा छुट्टै सुरक्षित तथा अपाङ्गतामैत्री शौचालयको व्यवस्था | वटा | २९ | ३४ | ४० | ४८ | ५४ | ५८ | बालविकास केन्द्रमा छुट्टै सुरक्षित तथा अपाङ्गतामैत्री शौचालयको व्यवस्था भएको हुने |
| ११. | सहजकर्ता तथा शिक्षकको सेवा तथा सुविधामा वृद्धि | प्रचलित स्केलअनुसार न्यूनतम तलव भत्ता नघट्ने गरी क्रमशः सबै बालविकास केन्द्रका सहजकर्ता तथा शिक्षकको सेवा तथा सुविधा उपलब्ध हुने | | | | | | | सहजकर्ता शिक्षकको सेवा तथा सुविधामा वृद्धि |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | भएको हुने |
| १२. | सहजकर्ता तथा शिक्षकको योग्यता, क्षमता र पेसागत विकास | पटक | १ | १ | १ | १ | १ | 5 | सहजकर्ता तथा शिक्षकको योग्यता, क्षमता र पेसागत विकास भएको हुने |
| १३. | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन तथा कुपोषित बालबालिकालाई आवश्यक प्रबन्ध | पटक | ३ | ३ | ३ | ३ | ३ | 15 | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य अभिलेख व्यवस्थापन,वृद्धि अनुगमन तथा र कुपोषित बालबालिकालाई आवश्यक प्रबन्ध भएको हुने |
| १४. | बालविकास केन्द्र सम्बद्ध अभिभावक शिक्षा | पटक | १ | १ | १ | १ | १ | 5 | अभिभावक अभिमुखीकृत भएका हुने |
| १५. | उत्कृष्ट केन्द्र, सहजकर्ता तथा शिक्षक र अभिभावक सम्मान | सङ्ख्या | १।१ | १।१ | १।१ | १।१ | १।१ | 5।5 | उत्कृष्ट केन्द्र, सहजकर्ता तथा शिक्षक र अभिभावक सम्मानित भएका हुने |
| १६ | परिवार, समुदाय, निजीक्षेत्र तथा गैर सरकारी सङ्घसंस्थाहरूको सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि | निरन्तर | √ | √ | √ | √ | √ | √ | सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि भएको हुने |
| १७ | प्रारम्भिक बालविकास सहजकर्ताको थप कोटाको व्यवस्थापन | सङ्ख्या | ८ | विद्यार्थी सङ्ख्याका आधारमा आवश्यकता अनुसार | | | | | प्रारम्भिक बालविकास सहजकर्ताको कोटा थप भई व्यवस्थापन भएको हुने |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

आधारभूत शिक्षा भन्नाले सामान्यतया कक्षा १ देखि ८ सम्मको शिक्षालाई बुझाउँछ । आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकासका साथै गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग गर्दछ । आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन तथा सामाजिक समायोजनमा महत्त्वपूर्णरूपमा सहयोग पुर्याउँदै आधारभूत ज्ञान, सिप तथा अभिवृत्तिको विकास गर्दछ । त्यस्तै यस तहको शिक्षाले थप सिकाइ तथा माध्यमिक शिक्षाका लागि तयारी गर्दै निरन्तर सिकाइका लागि समेत मार्गप्रशस्त गर्दछ ।

आधारभूत शिक्षाका प्रारम्भिक वर्षहरू (कक्षा १-३) मा बालबालिकाहरूले आधारभूत सिकाइ सिपहरू (गणित, साक्षरता, व्यवहारकुशल सिप, अन्तरवैयक्तिक सिप) सिक्छन्। यसले उनीहरूलाई भविष्यको सिकाइमा मद्दत गर्दछ। यस क्रममा प्रारम्भिक बाल विकासको अनुभवसहित कक्षा १ मा भर्ना भएका बालबालिकाहरूले भविष्यमा बढी सिक्ने सम्भावना देखिएको छ, जसले विद्यालयको तयारीका लागि यो मुख्य सूचक हो।

नेपालको संविधानले सबैका लागि अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गरेको छ। सबै बालबालिकाको गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्नु राज्यको दायित्व हो। अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ का अनुसार बालबालिकाहरूलाई विद्यालय पठाउन अभिभावक पनि जिम्मेवार छन् भने अनिवार्य तथा निशुल्करूपमा गुणस्तरीय शिक्षा प्रदान गर्न सरकारका तीनै तह जिम्मेवार छन्। यस सन्दर्भमा यहाँ आधारभूत शिक्षाको सन्दर्भ, चुनौती तथा अवसरहरूको पुनरावलोकन गरिएको छ। यसका आधारमा उद्देश्य, रणनीति, लक्षित प्रतिशत तथा मुख्य क्रियाकलापहरूको रूपरेखा प्रस्तुत गरिएको छ ।

### ३ २.२. वर्तमान अवस्था

यस पालिकाको आधारभूत तहमा ९४.९ प्रतिशत खुद भर्नादर रहेको छ । यो दर राष्ट्रिय दरभन्दा ०.८ प्रतिशतले बढी रहेको छ । आर्थिक रुपले विपन्न, अपांगता, भौगोलिकरूपमा दुर्गम तथा सङ्कटापन्न अवस्थामा रहेका बालबालिकाहरूको गुणस्तरीय आधारभूत शिक्षामा पहुँच कम छ। आधारभूत तहमा कक्षा १-५ मा दोहोर्याउने दर ५.८ र कक्षा ६-८ मा दोहोर्याउने दर २.० रहेको छ। विशेष गरी कक्षा १ मा कक्षा दोहोर्याउने दर अरू कक्षामा भन्दा बढ्दो छ। लैङ्गिक ,स्थान ,सामाजिक-आर्थिक स्तर ,अपाङ्गता आदिका कारणले यी बालबालिकाहरूको पहुँच तथा सहभागितामा वृद्धि हुन सकेको छैन।

आधारभूत शिक्षामा भर्ना भई अपेक्षित सिकाइ उपलब्धि हासिल गराउनु सबैभन्दा ठुलो चुनौतीका रूपमा रहेको छ भने प्रारम्भिक कक्षाहरूमा पढाइ र गणितको सिकाइ उपलब्धि न्यून छ। एउटा वाक्य पनि पढ्न नसक्ने वा आधारभूत गणितीय समस्या समाधान गर्न नसक्ने विद्यार्थीको सङ्ख्या अधिक रहेको छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सञ्चालन गरेको विद्यार्थीहरूको उपलब्धि परीक्षणअनुसार तल्लो कक्षाका विद्यार्थीको सिकाइ उपलब्धि विद्यालय क्षेत्र विकास योजनाकालदेखि नै वृद्धि हुन सकेको छैन।

शिक्षक, प्र.अ., वि.व्य.स. पदाधिकारीहरू विद्यार्थीको सिकाइप्रति उत्तरदायी हुने तथा आधारभूत विद्यालयहरूमा अनुकूल सिकाइ वातावरण बनाउन सुनिश्चित गर्ने प्रणालीको विकास हुनु आवश्यक छ। कतिपय विद्यालयहरूमा न्यूनतम शिक्षकसमेत व्यवस्थापन हुन सकेको छैन । आधारभूत तह कक्षा ६-८ मा न्यूनतम विषयगत शिक्षकको व्यवस्था हुनु सकेको छैन ।

जनसाङ्ख्यिक परिवर्तन, बसाइँसराइ, बस्तीको स्वरूपमा आएको परिवर्तनका कारण आधारभूत तहका धेरै विद्यालयहरूको नक्साङ्कन गरी समायोजन गर्न आवश्यक छ। विद्यालयका भौतिक तथा शैक्षिक अवस्था पहुँचयोग्य तथा समावेशी (बाल / लैङ्गिक/अपाङ्गतामैत्री) बनाउन थप प्रयास आवश्यक छ। यसै गरी पोषण, स्वास्थ्य, खानेपानी आदि जस्ता बालबालिकाहरूको विकास तथा सिकाइमा प्रभाव पार्ने सेवाहरूलाई विस्तार तथा एकीकरण गर्नु आवश्यक छ।

यस पालिकामा जम्मा सञ्चालित ५४ विद्यालयमध्ये सामुदायिक विद्यालय सङ्ख्या ५१ रहेको छ ।सबै विद्यालयमा आधारभूत तह सञ्चालन भएको छ । पालिकाको आधारभूत शिक्षासँग सम्बन्धित प्रमुख शैक्षिक सूचकहरू तलको तालिकामा प्रस्तुत गरिएको छः

**आधारभूत शिक्षा कक्षा (१-८) सम्बन्धी सूचकहरू**

| सि.नं. | विवरण | सङ्ख्या/दर | कैफियत |
|---|---|---|---|
| १. | कुल भर्नादर (१-५) | ११९.६ | |
| २. | खुद भर्नादर (१-५) | ९६.१ | |
| ३. | कुल भर्नादर (१-८) | १२०.४ | |
| ४. | खुद भर्नादर (१-८) | ९४.९ | |
| ५. | कक्षा ५ पूरा गर्ने दर | ८५.४ | |
| ६. | कक्षा ५ को टिकाउ दर | ८५.९ | |
| ७. | कक्षा ८ पूरा गर्ने दर | ९३.२ | |
| ८. | कक्षा ८ को टिकाउ दर | ८५.३ | |
| ९. | विद्यालय बाहिर रहेको आधारभूत तह उमेर समूहको जनसङ्ख्या | २.० | |
| १०. | कक्षा दोहोऱ्याउने दर (१-५) | ५.८ | |
| ११. | कक्षा दोहोऱ्याउने दर (६-८) | २.० | |
| १२. | कक्षा छाड्ने दर (१-५) | ८.८ | |
| १३. | कक्षा छाड्ने दर (६-८) | ४.८ | |
| १४. | कक्षा उत्तीर्ण दर (१-५) | ८५.४ | |
| १५. | कक्षा उत्तीर्ण दर (६-८) | ९३.२ | |

स्रोत : FLASH REPORT 2081/2082

माथिका तालिकाबाट कक्षा १-५ को कुल भर्ना दर ११९.६ र कक्षा १-८ को कुल भर्ना दर १२०.४ देखिन्छ भने खुद भर्ना दर क्रमशः ९६.१ र ९४.९ देखिन्छ। यो दर हेर्दा कुल भर्ना दर घटाउनु पर्ने र खुद भर्ना दर बढाउनु पर्ने देखिन्छ। त्यसैगरी कक्षा ८ पूरा गर्ने दर ९३.२ रहेको छ।

### ३.२.३ उद्देश्य

आधारभूत शिक्षा कक्षा (१-८) का उद्देश्यहरू यसप्रकार रहेका छन्:

१. आधारभूत विद्यालय उमेरका सबै बालबालिकाहरूलाई समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गर्नु,

२. आधारभूत तहमा अध्ययनरत सबै बालबालिकाहरूको सिकाइ उपलब्धि सुधार गरी गुणस्तरीय शिक्षा प्रदान गर्नु,

३. आधारभूत विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु ,

४. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय व्यवस्थामा सुधार गर्नु र विद्यालय शिक्षा पद्धतिलाई समावेशी, उत्थानशील (Resilient) र जवाफदेही बनाउनु।

### ३.२.४ रणनीतिहरू

१. सबै बालबालिकालाई पहुँचयोग्य शैक्षिक सुविधा तथा समान अवसर प्रदान गर्न औचित्यपूर्णरूपमा विद्यालयको वितरण सुनिश्चित गर्न विद्यालय नक्साङ्कन गरी पुनर्वितरण र समायोजन गर्ने,

२. सबैका लागि अनिवार्य तथा निःशुल्क विद्यालय शिक्षा सुनिश्चित गर्न खास गरी विपन्न, सुविधाविहीन, विभिन्न कठिन परिस्थितिमा रहेका, दलित, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी हुन सहयोग हुने गरी छात्रवृत्ति तथा सहयोग प्रणालीको प्रभावकारी कार्यान्वयनमा सुधार ल्याउने,

३. विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाहरूको विवरण सङ्कलन गरी अनिवार्यरूपमा आधारभूत तहको शिक्षामा समाहित गर्ने,

४. स्थानीय स्वास्थ्यसम्बन्धी र अन्य सरकारी तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य तथा समन्वय गरी आधारभूत तहका बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सहयोग पुग्ने गरी विद्यालयमा दिवा खाजाको प्रबन्ध गर्ने,
५. आधारभूत तहका बालबालिकालाई सुरक्षित पानी, सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य र पोषण सेवाका साथै योग र ध्यानसम्बन्धी शिक्षा प्रदान गर्ने,
६. आधारभूत तह पार गर्दा हरेक विद्यार्थीले जीवनोपयोगी र व्यवहार कुशलसिप हासिल गराउने,
७. कक्षा १-३ को एकीकृत पाठ्यक्रमअनुसार साक्षरता तथा गणितीय सिपको विकास गरी आधारभूत सक्षमतामा सुधार गर्ने,
८. सिकाइ क्रियाकलापमा बालबालिकाहरूको सहभागिताका लागि भौतिक तथा शैक्षिक वातावरण सुधार गरी विद्यालयलाई भय, विभेद, दुर्व्यवहारमुक्त, समावेशी बालमैत्री तथा सुरक्षित बनाउने,
९. विद्यालय शिक्षालाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकूल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधताअनुकूलको माध्यम भाषाको उपयोग तथा सामाजिक सांस्कृतिक विविधताको सम्मान हुने गरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने,
१०. विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी सोका आधारमा सिकाइ सहजीकरणको प्रक्रिया तथा जवाफदेहितामा सुधार गर्ने,
११. मापदण्डअनुसार विषयगतसहित पर्याप्त सङ्ख्यामा योग्य, उत्प्रेरित र सक्षम शिक्षक व्यवस्थापन गर्ने,
१२. शिक्षकको अनुपस्थिति वा अन्य कुनै कारणले विद्यार्थीको सिकाइमा पर्ने बाधा न्यून गर्न स्वयम् सेवी वा सट्टा शिक्षकबाट कक्षा सञ्चालन गर्ने,
१३. एकीकृत पाठ्यक्रमको कार्यान्वयन तथा शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई व्यवस्थित गर्न शिक्षकको शैक्षणिक तथा डिजिटल सिपको विकास गर्ने,
१४. आपत्कालीन तथा सङ्कटको परिस्थितिमा सिकाइको निरन्तरता सुनिश्चतता गर्ने गरी विद्यालय तथा शिक्षकहरूको क्षमता विकास गर्ने,
१५. सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम भौतिक तथा शैक्षिक आवश्यकता परिपूर्ति गर्ने,
१६. भौगोलिक दृष्टिले टाढा र आर्थिकरूपले विपन्न परिवारका बालाबलिकाका लागि आवाससहितको शिक्षा तथा सिकाइ व्यवस्था गर्ने,
१७. विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी सोका आधारमा सिकाइ सहजीकरणको प्रक्रिया तथा जवाफदेहीतामा सुधार गर्ने,
१८. आधारभूत तहमा न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिकरूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही हुने प्रणाली विकास गर्ने,
१९. सबै आधारभूत विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गरी बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने,
२०. शिक्षक तथा प्रधानाध्यापकहरूको क्षमता विकास, उत्प्रेरणा र व्यवस्थापन तथा सूचना सञ्चार प्रविधिसँग परिचित गराई शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने,
२१. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण गर्ने,
२२. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्न स्थानीय स्वास्थ्य इकाइ तथा संघसंस्थाको सहकार्यमा स्थानीय तहले विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने,
२३. विद्यार्थीलाई विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने।

### ३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**(क) उपलब्धि**

१. पाँच देखि बाह्र वर्ष उमेर समूहका सबै बालबालिका विद्यालयमा भर्ना भई सबैले आधारभूत शिक्षाको चक्र पूरा गरेका हुने,
२. विद्यार्थीको समग्र शैक्षिक उपलब्धिमा उल्लेख्य सुधार भई आधारभूत तहका सबै विद्यार्थीहरूले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका हुने ,
३. लैङ्गिक, सामाजिक-आर्थिक अवस्था, अपाङ्गता, जातिगत, भाषिक पृष्ठभूमि, प्रादेशिक, क्षेत्रीय वा अन्य कुनै पनि आधारमा विद्यार्थीको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा हुने सबै प्रकारका विभेद न्यूनीकरण भएको हुने,
४. न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता र आवश्यक सङ्ख्यामा सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था भई बालमैत्री र समावेशी वातावरणमा सिकाइ भएको हुने।

**(ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८6/८७ |
|---|---|---|---|---|---|---|---|
| १. | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | ४ | ० | ० | ० | ० | ० |
| २ | आधारभूत तह (कक्षा १-८) मा  तालिम प्राप्त शिक्षकको सङ्ख्या | १०० | २५ | २५ | २५ | ३० | ३० |
| ३. | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको सङ्ख्या | २६ | २ | ३ | २ | २ | २ |
| ४. | कुल भर्नादर (कक्षा १-५) | ११९.६ | ११८ | ११५ | ११२ | १०८ | १०५ |
| ५. | खुद भर्नादर (कक्षा १-५) | ९६.१ | ९६.८ | ९७.२ | ९७.५ | ९८.२ | ९९ |
| ६. | कुल भर्नादर (कक्षा १-८) | १२०.४ | ११६ | ११४ | १११ | १०८ | १०५ |
| ७. | खुद भर्नादर (कक्षा १-८) | ९४.९ | ९५.२ | ९६.२ | ९६.२ | ९७.४ | ९८ |
| ८. | कक्षा १-८ को खुद भर्नादरमा लैङ्गिक समता अनुपात | ०.८ | १ | १ | १ | १ | १ |
| ९. | कक्षा १-५ मा दोहोर्‍याउने दर | ५.८ | ४.५ | ४.० | ३.० | २.० | १.० |
| १०. | कक्षा १-५ मा छाड्ने दर | ८.८ | ८.० | ७५. | ६.५ | ५०. | ४.० |
| ११ | कक्षा १-५ मा उत्तीर्ण दर | ८५.४ | ९० | ९२ | ९३ | ९४ | ९५ |
| १२ | कक्षा ६-८ मा दोहोर्‍याउने दर | २.० | १.८ | १.५ | १.० | ०.५ | ० |
| १३ | कक्षा ६-८ मा छाड्ने दर | ४.८ | ४.० | ३.५ | ३.० | २.५ | २.० |
| १४ | कक्षा ६-८ मा उत्तीर्ण दर | ९३.२ | ९४ | ९४.५ | ९४.८ | ९५ | ९५.५ |
| १५. | कक्षा ८ सम्म टिकाउदर | ८५.३ | ८६.५ | ८७.६ | ८८.८ | ८९.६ | ९२ |
| १६. | आधारभूत शिक्षाको तह पूरा गर्ने दर | ९३.२ | ९४ | ९४.५ | ९४.८ | ९५ | ९५.५ |
| १७. | १ महिना भन्दा बढी सञ्चित विदा र सुत्केरी शिक्षकको सट्टा शिक्षक सङ्ख्या | ५ | आवश्यकताअनुसार | | | | |

**(ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | |
| १. | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | केन्द्र | हरेक वर्ष नक्साङ्कन गरी आवश्यकताअनुसार पुनर्वितरण तथा थप गरिने | | | | | | नक्साङ्कन, तथा पुनर्वितरण तथा समायोजन भएको हुने |
| २. | मापदण्डअनुसार शिक्षक व्यवस्थापन | सङ्ख्या | सङ्घीय र प्रादेशिक नीतिअनुसार भूगोल, विद्यार्थी सङ्ख्या र आवश्यकता समेतका आधारमा व्यवस्थापन गरिने | | | | | | मापदण्ड अनुसार शिक्षक व्यवस्थापन भएको हुने |
| ३. | शिक्षकको पेसागत क्षमता अभिवृद्धि | सङ्ख्या | ३० | ३० | ३० | ३० | ३२ | १५२ | शिक्षकको पेसागत क्षमता अभिवृद्धि भएको हुने |
| ४. | दिवा खाजा प्राप्त गर्ने बालबालिका कक्षा (१-५) | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | कक्षा १-५ का सबै बालबालिकाले दिवा खाजा प्राप्त गरेको हुने |
| ५. | स्यानीटरी प्याड प्राप्त गर्ने छात्रा कक्षा (६-८) | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | कक्षा ६-८ का छात्राहरूले स्यानीटरी प्याड प्राप्त गरेको हुने |
| ६. | आधारभूत तह उत्तीर्ण परीक्षा (कक्षा ८) | प्रतिशत | ७० | ७८ | ८५ | ९३ | १०० | | सबै विद्यार्थी आधारभूत तह कक्षा ८ उत्तीर्ण हुने |
| ७. | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वियन भएको हुने |
| ८. | शिक्षक विकास तथा सहायता प्रणालीको पुनर्संरचना | पटक | १ | १ | १ | १ | १ | ५ | शिक्षक विकास तथा सहायता प्रणालीको पुनर्संरचना भएको हुने |
| ९. | विद्यालय सम्बद्ध पदाधिकारीहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | विद्यालय सम्बद्ध पदाधिकारीको क्षमता विकास भएको हुने |
| १०. | अपाङ्गता भएका तथा विपन्न विद्यार्थीलाई सहयोग/ छात्रवृत्ति | जना | ५० | ५० | ५० | ५० | ५० | २५० | अपाङ्गता भएका तथा विपन्न विद्यार्थीलाई सहयोग/ छात्रवृत्ति प्रदान भएको हुने |
| ११. | पाठ्यपुस्तक व्यवस्था | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | समयमा पाठ्यपुस्तक वितरण भएको हुने |
| १२. | अभिभावक अभिमुखीकरण र सहभागिता | पटक | १ | १ | १ | १ | १ | ५ | अभिभावक अभिमुखिकरण भई सक्रिय भएको हुने |
| १३. | अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | अतिरिक्त क्रियाकलाप सञ्चालन भएको हुने |
| १४. | उत्कृष्ट शिक्षक, वि.व्य.स. तथा शि.अ.सं का पदाधिकारी र विद्यार्थीलाई सम्मान | जना | ८ | ८ | ८ | ८ | ८ | ४० | विद्यालय सम्बद्ध सरोकारवाला उत्प्रेरित भएको हुने |
| १५. | विषयगत तालिम तथा पाठ्यक्रम प्रवोधीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | पाठ्यक्रम प्रबोधीकरण भएको हुने |
| १६. | विद्यालयमा भौतिक पूर्वाधार विकास कार्यक्रम (बालउद्यान सहित) | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | लक्षित विद्यालयमा भौतिक पूर्वाधार विकास भएको हुने |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १७. | विद्यार्थी सिकाइ उपलब्धि तथा विद्यालय कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | सबै विद्यालयमा विद्यार्थी सिकाइ उपलब्धि तथा विद्यालय कार्यसम्पादन परीक्षण भएको हुने |
| १८. | विद्यालय अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | सबै अभिभावक अभिमुखीकृत भएको हुने |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

माध्यमिक शिक्षा (कक्षा ९-१२) ले आधारभूत मूल्य मान्यतासहितको कला, विज्ञान तथा प्रविधिसँग सम्बन्धित ज्ञान, सिप, अभिवृत्तिसहितको सक्षमतायुक्त जनशक्तिको विकास गर्ने लक्ष्य लिएको छ। यस तहको शिक्षाले नागरिकलाई विश्वबजारमा प्रवेश गर्न र उच्च शिक्षा हासिल गर्न सक्षम बनाउने आधार प्रदान गर्छ। यसै दृष्टिकोणका आधारमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप ,२०७६ को विकास गरी यसका आधारमा २०७७ देखि नयाँ पाठ्यक्रमको कार्यान्वयन गरियो। नेपालको संविधानले माध्यमिक शिक्षा नि:शुल्क पाउने अधिकारको प्रत्याभूतिका साथै सबै नागरिकलाई गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न सरकारका तीनै तहलाई जिम्मेवार बनाएको छ।

### ३.३.२ वर्तमान अवस्था

माध्यमिक शिक्षामा विद्यार्थी भर्ना तथा प्रतिस्पर्धामा उल्लेख्य प्रगति भएको भए तापनि माध्यमिक तहको उमेर (१३-१६ वर्ष) समूहका सबै बालबालिकालाई विद्यालय पहुँचभित्र ल्याउन सकिएको छैन। माध्यमिक शिक्षामा विशेष गरी न्यून सामाजिक-आर्थिक अवस्था, अपाङ्गता, दुर्गम क्षेत्रका बालबालिकाको सहभागिता तथा टिकाउ दर कम रहेको छ। माध्यमिक तहको सबै कक्षाका परीक्षाको नतिजाले गणित, नेपाली र विज्ञान जस्ता मुख्य विषयहरूमा न्यूनतम सिकाइ उपलब्धि पनि हासिल हुन नसकेको देखाएको छ (शैगुपके, २०२०) । यस पालिकामा आधार वर्षको नतिजामा अङ्ग्रेजी, गणित र विज्ञान जस्ता विषयमा अपेक्षित सिकाइ उपलब्धि प्राप्त हुन सकेको छैन।

दिगो जीवनयापनका लागि शिक्षाको सक्षमता र सान्दर्भिकता अभिवृद्धि गर्न माध्यमिक शिक्षामा जीवनोपयोगी सिकाइलाई एकीकृत गर्न आवश्यक देखिएको छ। सोहीअनुसार शिक्षकलाई शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको व्यापक तथा प्रभावकारीरूपमा प्रयोग गरी नयाँ ज्ञान, सिप तथा प्रविधियुक्त बनाउनु परेको छ।

विद्यालय क्षेत्र विकास योजनाको अवधिमा माध्यमिक विद्यालयहरूलाई शिक्षण सहयोग अनुदानअन्तर्गत उपलब्ध गराइएको अङ्ग्रेजी, गणित र विज्ञान विषयका शिक्षक सङ्ख्या अपर्याप्त छ। विद्यालय शिक्षा क्षेत्र योजनाअन्तर्गत यी पदहरूलाई स्थायी पदमा रूपान्तरण गर्नु आवश्यक छ। भौतिक सुविधा, प्रयोगशालालगायतका सुविधाको पहुँचमा सुधार आएको भए तापनि ठुलो सङ्ख्यामा विद्यालयहरूमा यी सुविधा पुर्याउन बाँकी नै छ।

विद्यालयबाहिर रहेका माध्यमिक विद्यालय उमेरका बालबालिकाहरू विशेष गरी कमजोर सामाजिक-आर्थिक अवस्था, अपाङ्गता, दुर्गम क्षेत्रका बालबालिकाको सहभागिता तथा उनीहरूलाई टिकाइराख्ने कार्य चुनौतीपूर्ण छ।

माध्यमिक तहमा विद्यार्थी सिकाइ उपलब्धि निरन्तररूपमा कमजोर रहनु प्रमुख चुनौतीका रूपमा रहेको छ। आवश्यक सिकाइ तथा सिप र सिकाइका लागि उपयुक्त भौतिक तथा शैक्षिक वातावरणबिना नै विद्यार्थीहरू माध्यमिक शिक्षामा स्थानान्तरण हुन्छन्। माध्यमिक विद्यालयहरूमा सक्षम तथा योग्य विषय शिक्षकहरूको आवश्यक सङ्ख्यामा व्यवस्था गर्न सकिएको छैन।

यस पालिकामा जम्मा सञ्चालित ५४ विद्यालयमध्ये सामुदायिक विद्यालय सङ्ख्या ५१ रहेको छ । माध्यमिक तह सञ्चालन हुने विद्यालय सङ्ख्या १७ रहेको छ । पालिकाको माध्यमिक शिक्षासँग सम्बन्धित प्रमुख शैक्षिक सूचकहरु तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**माध्यमिक शिक्षा कक्षा (९-१२) सम्बन्धी सूचकहरु**

| सि.नं. | विवरण | सङ्ख्या/दर | कैफियत |
|---|---|---|---|
| १. | कुल भर्नादर (९-१०) | ९५.३ | |
| २. | खुद भर्नादर(९-१०) | ७३.० | |
| ३. | कुल भर्नादर (९-१२) | ६८.७ | |
| ४. | खुद भर्नादर(९-१२) | ५२.४ | |
| ५. | कक्षा १० पूरा गर्ने दर | ९१.१ | |

| | | | |
|---|---|---|---|
| ६. | कक्षा १० को टिकाउदर | ६८.६ | |
| ७. | शिक्षक विद्यार्थी अनुपात (९-१२) | १ : १३ | |
| ८. | विद्यालयबाहिर रहेको माध्यमिक तह उमेर समूहको जनसङ्ख्या दर | ५ | |
| ९. | कक्षा दोहोऱ्याउने दर (९-१०) | १.९ | |
| १०. | कक्षा छाड्ने दर (९-१०) | ७.० | |
| ११. | TPD तालिम प्राप्त माध्यमिक शिक्षक प्रतिशत | ६० | |

स्रोत : Flash Report 2081/082

माथिका तालिकाबाट हेर्दा माध्यमिक तह (९-१२) को कुल भर्ना दर ६८.७, खुद भर्नादर ५२.४ प्रतिशत रहेको छ। यो दर आधारभूत तहको भन्दा तुलनात्मक रूपमा कम छ। यस पालिकाको कक्षा १० पूरा गर्ने दर ९१.१ प्रतिशत रहेको छ।

**३.३.३ उद्देश्य**

१. माध्यमिक शिक्षालाई निशुल्क, बालमैत्री, प्रविधिमैत्री र समावेशी बनाई उमेर समूहका सबै बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
२. माध्यमिक शिक्षाको गुणस्तर र सान्दर्भिकता अभिवृद्धि गरी विद्यार्थीको सिकाइ उपलब्धि सुधार गर्नु,
३. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गर्नु र विद्यालय शिक्षा पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउनु।

**३.३.४ रणनीतिहरू**

उपर्युक्त उद्देश्यहरू हासिल गर्नका लागि निम्नलिखित रणनीतिहरू अपनाइने छ:

१. निर्धारित मापदण्डका आधारमा विद्यालय नक्साङ्कन गरी विद्यालयको समायोजन तथा पुनर्वितरण गरी माध्यमिक शिक्षाको उमेर समूहका सबै बालबालिकाको पहुँच पुऱ्याउने,
२. सबैका लागि निःशुल्क माध्यमिक शिक्षाका साथै विपन्न, सुविधाविहीन, सङ्कटापन्न, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सक्रियरूपमा सहभागी हुन सहयोग हुने गरी छात्रवृत्ति तथा सहयोग प्रणालीलाई सुदृढ बनाउने,
३. बालबालिकामा रहेको विभिन्न प्रकारका अपाङ्गताको पहिचान गरी आवश्यकतानुसार आवासीय वा गैरआवासीय सुविधासहितको बैकल्पिक समावेशी वा विशेष सिकाइको प्रबन्ध गर्ने,
४. शिक्षण सिकाइमा सूचना प्रविधि तथा डिजिटल सामग्रीको प्रयोगलाई बढवा दिन डिजिटल तथा विद्युतीय सामग्री सर्वसुलभ बनाउने,
५. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनका लागि व्यवहारकुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्न प्रयोगात्मक अभ्यास, परियोजना कार्य तथा सामुदायिक कार्यमा जोड दिने,
६. शिक्षक तयारी, विकास र सहायता प्रणालीलाई पुनर्संरचित गर्ने र मापदण्डअनुसार विषयगतरूपमा आवश्यक सङ्ख्यामा योग्य र सक्षम शिक्षक व्यवस्थापन गर्नुका साथै शिक्षण पेसालाई आकर्षक र मर्यादित बनाउने,
७. विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा उल्लेख्यरूपमा सुधार ल्याउने,
८. विद्यालयलाई शुद्ध पिउने पानी, सरसफाइ, निःशुल्क स्यानिटरी प्याडको व्यवस्थापन, स्वास्थ्य तथा शारिरिक व्यायाम, योग, ध्यान, खेलकुद र अतिरिक्त क्रियाकलापको अवससर सुनिश्चित गर्ने,
९. निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी नतिजाप्रति जबाफदेहिता सुनिश्चत गर्ने
१०. आपत्कालीन तथा सङ्कटको परिस्थितिमा सिकाइका लागि वैकल्पिक व्यवस्था गर्ने,
११. पातला बस्ती र जनसङ्ख्या कम भएका क्षेत्रमा एकीकृत आावासीय विद्यालयको प्रबन्धसमेत गरी माध्यमिक शिक्षाको पहुँच र सहभागिता सुनिश्चित गर्ने,
१२. शैक्षिक निकायको व्यवस्थापकीय पद्धतिमा सुधार गरी विद्यार्थीको नतिजाप्रति जवाफदेही बनाउन विद्यालयहरूको व्यवस्थापकीय क्षमतामा सुधार गर्ने,

१३. माध्यामिक शिक्षामा सिपलाई श्रम, श्रमलाई उत्पादन र उत्पादनलाई समृद्धिमा जोड्न प्राविधिक तथा व्यवसायिक शिक्षालाई जोड दिने,

१४. शिक्षण सिकाइलाई प्रभावकारी र स्तरीय बनाउन विषयगत प्रयोगशाला तथा सुविधासम्पन्न पुस्तकालय निर्माणमा जोड दिने,

१५. संघीय र प्रादेशिक सरकारसँग सहयोग, समन्वय र सहकार्य गरी शिक्षकहरूलाई पेशागत र पुनर्ताजगी तालिमको व्यवस्था गरिने,

१६. सिकाइ उपलब्धि कम भएका विद्यार्थी पहिचान गरी अतिरिक्त कक्षा सञ्चालनको व्यवस्था गर्ने,

१७. सूचना प्रविधिको अधिकतम उपयोग गर्दै स्टिम (STEM) को अवधारण अनुसार शिक्षण क्रियाकलाप सञ्चालन गर्ने,

१८. घेराबार, स्वच्छ खानेपानी, शौचालय, खेलमैदान र हरित विद्यालय व्यवस्थापनमा जोड दिइने,

१९. विद्यालय अनुगमन, कक्षा अवलोकन, सुपरिवेक्षण र शिक्षक सहायताजस्ता कार्यलाई प्रभावकारी बनाइने ।

### ३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**(क) उपलब्धि**

१. निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भएको हुने,

२. माध्यमिक तहमा भर्नादर वृद्धि हुने र भर्ना भएका विद्यार्थीमध्ये उक्त तहको शिक्षाको चक्र पूरा गर्ने दरमा उल्लेख्य रूपमा सुधार भएको हुने,

३. सबै माध्यमिक विद्यालयहरूमा विषय शिक्षकको व्यवस्था भएको हुने,

४. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुने,

५. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिलगायत अन्य प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग पुग्ने,

६. सबै माध्यमिक विद्यालयका एक शिक्षक एक ल्यापटपको व्यवस्था भएको हुने,

७. सबै विद्यार्थीहरूले माध्यमिक तहका लागि निर्धारित न्यूनतम शैक्षिक उपलब्धि हासिल गरेका हुने र विद्यार्थीको शैक्षिक उपलब्धिमा उल्लेख्य सुधार भएको हुने,

८. कम्तीमा एउटा माध्यमिक विद्यालय आवासीय विद्यालयका रूपमा विकसित हुने,

९. शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता तथा वृत्ति विकास भई पेसाप्रति उत्प्रेरित हुने,

१०. विद्यार्थी, शिक्षक, प्रशासक, सरोकारवालाहरूको जवाफदेहीतामा अभिवृद्धि हुने ।

**(ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १. | माध्यमिक तह (कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | ६७२ | ७०० | ७२५ | ७५० | ७७५ | ८०० |
| २. | माध्यमिक तह (कक्षा ११-१२) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | २०६ | २२० | २४५ | २६० | २८० | ३०० |
| ३. | विज्ञान विषयमा अध्ययनरत विद्यार्थी सङ्ख्या | ० | ० | ० | २५ | ३० | ३५ |
| ४. | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड (PMEC) पूरा गरेका माध्यमिक विद्यालय सङ्ख्या | १० | ११ | १३ | १५ | १६ | १७ |
| ५. | कक्षा ९-१० को कुल भर्नादर | ९५.३ | ९६ | ९६.५ | ९७ | ९७.५ | ९८ |
| ६. | कक्षा ९-१० को खुद भर्नादर | ७३.० | ७४ | ७५ | ७६ | ७७ | ७८ |
| ७. | कक्षा ९-१२ को कुल भर्नादर | ६८.७ | ६९.४ | ७०.३ | ७१.२ | ७२.४ | ७३.५ |
| ८. | कक्षा ९-१२ को खुद भर्नादर | ५२.४ | ५३ | ५४ | ५५ | ५६ | ६० |
| ९. | कक्षा ११-१२ को कुल भर्नादर | ३४.६ | ३५ | ३५.५ | ३६ | ३६.५ | ३७ |
| १०. | कक्षा ११-१२ को खुद भर्नादर | २६.० | २६.५ | २७ | २७.५ | २८ | २८.५ |
| ११. | कक्षा ९-१२ को खुद भर्नादरमा लैङ्गिक समता | ०.८६ | ०.८९ | ०.९२ | ०.९५ | ०.९८ | १.० |
| १२. | गाँउपालिकामार्फत् न्यूनतम दरबन्दी सुनिश्चित गर्नका लागि थप शिक्षक व्यवस्थापन सङ्ख्या | १ | १ | १ | १ | १ | १ |
| १३. | छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी | ३० | ३५ | ३८ | ४० | ४२ | ४५ |
| १४. | पाठ्यपुस्तक प्राप्त गर्ने बालबालिका प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० |
| १५. | प्राविधिक धारका विद्यालय सङ्ख्या | १ | १ | १ | १ | १ | १ |
| १६. | नमुना विद्यालय सङ्ख्या | १ | १ | १ | १ | १ | १ |
| १७. | आदर्श विद्यालय सङ्ख्या | १ | २ | २ | २ | २ | २ |
| १८. | अगुवा (Lead) विद्यालय सङ्ख्या | ० | १० | १० | १० | १० | १० |
| १९. | आवासीय विद्यालय | ३ | ३ | ४ | ४ | ४ | ४ |

### (ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | |
| १. | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | विद्यालय | हरेक वर्ष नक्साङ्कन गरी आवश्यकताअनुसार पुनर्वितरण तथा थप गरिने | | | | | | नक्साङ्कन, तथा पुनर्वितरण तथा समायोजन भएको हुने |
| २. | मापदण्डअनुसार शिक्षक व्यवस्थापन | सङ्ख्या | सङ्घीय र प्रादेशिक नीतिअनुसार भूगोल, विद्यार्थी सङ्ख्या र आवश्यकता समेतका आधारमा व्यवस्थापन गरिने | | | | | | मापदण्ड अनुसार शिक्षक व्यवस्थापन भएको हुने |
| ३. | विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास (कक्षाकोठा, फर्निचर, खानेपानी, खेलमैदान, घेरावार, शौचालय, प्रयोगशाला आदि) | कार्यक्रम | २ | २ | २ | २ | २ | १० | न्यूनतम भौतिक पूर्वाधार विकास भएको हुने |
| ४. | स्यानिटरी प्याड प्राप्त गर्ने छात्रा (९-१२) | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | कक्षा ९-१२ का छात्राहरूले स्यानिटरी प्याड प्राप्त गरेको हुने |
| ५. | माध्यमिक शिक्षा परीक्षा (SEE) कक्षा १० | प्रतिशत | ८०.९ | ८५ | ८९ | ९२ | ९४ | ९७ | सबै विद्यार्थी माध्यमिक तह कक्षा १० उत्तीर्ण भएको हुने |
| ६. | विषयगत उत्तीर्ण ( SEE) | प्रतिशत | (आधार वर्ष २०८१ मा ८०.९) | | | | | | |
| | (क)अङ्ग्रेजी | % | ८९.१८ | ९१ | ९२ | ९४ | ९६ | ९७ | हरेक वर्ष अपेक्षित दरमा उत्तीर्ण प्रतिशत वृद्धि भएको हुने |
| | (ख) नेपाली | % | ९८.६८ | ९९ | ९९ | ९९ | ९९ | १०० | |
| | (ग) गणित | % | ९३.११ | ९३.८ | ९४.२ | ९४.६ | ९४.८ | ९७ | |
| | (घ) विज्ञान | % | ९२.७८ | ९३ | ९३.५ | ९४.० | ९४.५ | ९७ | |
| | (ङ) सामाजिक | % | ९८.३६ | ९९ | ९९ | ९९ | ९९ | १०० | |
| ७. | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, उपकरणको व्यवस्था तथा क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ८. | शिक्षकको पेसागत क्षमता अभिवृद्धि | सङ्ख्या | ३० | ३० | ३० | ३० | ३२ | १५२ | शिक्षकको पेसागत क्षमता अभिवृद्धि भएको हुने |
| ९. | उत्कृष्ट शिक्षक, वि.व्य.स. तथा शि.अ.सं का पदाधिकारी र विद्यार्थीलाई सम्मान | पटक | १ | १ | १ | १ | १ | ५ | विद्यालय सम्बद्ध सरोकारवाला उत्प्रेरित भएको हुने |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १०. | विद्यालय सम्बद्ध पदाधिकारीहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | विद्यालय सम्बद्ध पदाधिकारीको क्षमता विकास भएको हुने |
| ११. | अभिभावक अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | अभिभावक अभिमुखिकरण भई सक्रिय भएको हुने |
| १२. | अपाङ्गता भएका तथा विपन्न विद्यार्थीलाई सहयोग/ छात्रवृत्ति | जना | ५० | ५० | ५० | ५० | ५० | २५० | अपाङ्गता भएका तथा विपन्न विद्यार्थीलाई सहयोग/ छात्रवृत्ति प्रदान भएको हुने |
| १३. | समयमै पाठ्यपुस्तक तथा अन्य शैक्षणिक सामग्रीको व्यवस्था | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | समयमा पाठ्यपुस्तक वितरण भएको हुने |
| १४. | अतिरिक्त क्रियाकलाप सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | अतिरिक्त क्रियाकलाप सञ्चालन भएको हुने |
| १५. | आवासीय छात्रवृत्ति | जना | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ | कोटा अनुसार वितरण भइरहेको हुने |
| १६. | विद्यार्थी सिकाइ उपलब्धि तथा विद्यालय कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | सबै विद्यालयमा विद्यार्थी सिकाइ उपलब्धि तथा विद्यालय कार्यसम्पादन परीक्षण भएको हुने |
| १७. | कार्य सम्पादनका अधारमा प्रोत्साहन अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | कार्य सम्पादनका आधारमा प्रोत्साहन अनुदान दिने |
| १८. | विद्यालय अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | सबै अभिभावक अभिमुखीकृत भएको हुने |
| १९. | प्रकोप, बिपद् तथा महामारीमा विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन भएको हुने |
| २० | सिकाइ सामाग्री तथा विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै विद्यालयले सञ्चालन अनुदान प्रात गरेको हुने |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### ३१ परिचय.४.

नेपालमा माध्यमिक तहमा साधारण र प्राविधिक गरी दुवै धारको शिक्षा प्रदान गरिन्छ । प्राविधिक धारको कक्षा ९-१२ मा बाली विज्ञन, पशु विज्ञान ,कम्प्युटर इन्जिनियरिङ ,सिभिल इन्जिनियरिङ ,इलेक्ट्रिकल इन्जिनियरिङ र सङ्गीत गरी ६ विषय क्षेत्रहरू रहेका छन् । माध्यमिक शिक्षाअन्तर्गतका प्राविधिक धारका अतिरिक्त प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सम्बन्धन प्राप्त प्राविधिक शिक्षा प्रदायक संस्थाहरूद्वारा एसइइपश्चात् तीन वर्षे प्राविधिक शिक्षा कार्यक्रम पनि सञ्चालन भइरहेका छन् । यस्ता कार्यक्रमले मूलतः श्रमबजारको मागबमोजिमका प्राविधिक जनशक्ति उत्पादन गर्दछन् ।

नेपालको संविधान, शिक्षा ऐन र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०७५ ले प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्राथमिकतामा राखेको छ । प्राविधिक तथा व्यावसायिक शिक्षाको माध्यमबाट न्यून मध्यमस्तरका दक्ष जनशक्ति उत्पादन गरी रोजगारी सिर्जना गर्ने तथा व्यक्तिलाई आत्मनिर्भर बनाउने उद्देश्य राखेको छ । प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रभावकारिता उपलब्ध जनशक्ति, पूर्वाधार, विद्यार्थी, रोजगारी, पाठ्यसामग्री, आर्थिक लगानी जस्ता कुरामा भर पर्ने गरेको छ । यस योजनामा कक्षा ९-१२ को प्राविधिक धारका केही कार्यक्रम समेटिएको छ ।

### ३.४.२ वर्तमान अवस्था

प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमा पहुँचको अवस्था केलाउँदा वर्तमान परिवेशमा विद्यार्थीहरूलाई आवश्यक पर्ने सक्षमतालाई ध्यान दिई कक्षा ९ देखिको प्राविधिक कार्यक्रमलाई पुनर्संरचित गर्नु आवश्यक छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले माध्यमिक विद्यालयहरूमा सञ्चालन गरिएको प्राविधिक धार ३ वर्षको हुनुपर्ने र यसका व्यावहारिक तथा प्रयोगात्मक अनुभवसहितको अन्तर्राष्ट्रिय असल अभ्याससँग तादात्म्य भएको हुनुपर्ने उल्लेख गरेको छ । शिक्षा नीतिमा व्यवस्था भएअनुसार व्यावहारिक तथा प्रयोगात्मक अनुभव आर्जन गर्न प्रोत्साहन गर्नका लागि यस पालिका अन्तर्गतका केही विद्यालयमा बुक फ्री फ्राइडे कार्यक्रमसँग जोडी छोटो अवधिका प्राविधिक तथा व्यवहारिक सिप विकास तालिमका अवसर उपलब्ध गराउन प्रयास गरिएको छ । यी कार्यक्रमहरूमा कला, सङ्गीत, गायन, दैनिक व्यवहारमा प्रयोगमा आउने हाउस वाइरिङसँग सम्बन्धित ज्ञान सिप, प्लम्बिङ, सिलाइकटाई, वाद्यवादन जस्ता सिपहरू प्रदान गर्ने प्रयत्न गरिएको छ ।

यस पालिकामा एक सामुदायिक विद्यालयमा प्राविधिक धारतर्फ इन्जिनियरिङतर्फको पढाइ सञ्चालन भएको छ । प्राविधिक शिक्षातर्फ विद्यार्थीको घटदो भर्नादर, दक्ष प्रशिक्षकको अभाव तथा टिकाउ, लगानीको कमी तथा स्रोतको सुनिश्चतता नहुनु आदि प्रमुख समस्याका रूपमा रहेका छन् । त्यस्तै एकातिर व्यावसायिक तालिम लिन चाहने युवाका लागि तालिम प्रदायक संस्थाको अभाव छ भने अर्कोतिर गुणस्तरीय र प्रायोगिक ज्ञान सिप दिई यस्ता कार्यक्रमप्रति विद्यार्थी र अभिभावकका रूचि बढाउँदै जानु अर्को प्रमुख चुनौतीका रूपमा रहेको छ ।

### ३.४.३ उद्देश्य

१. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा समतामूलक पहुँच अभिवृद्धि गर्नु,
२. प्राविधिक तथा व्यावसायिक शिक्षामा गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्नु,
३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाको संस्थागत तथ जनशक्तिगत क्षमता अभिवृद्धि गर्नु,
४. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्राप्त जनशक्तिका लागि स्थानीय स्तरमै रोजगारी र स्वरोजगारीका अवसर प्रदान गर्ने प्रयास गर्नु ।

### ३.४.४ रणनीति

१. स्थानीय तहमा स्थानीय तह प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको अवसर प्रदान गर्ने,
२. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको नियमितता तथा गुणस्तरीय बनाउन सम्बन्धित सरोकारवालासँग समन्वय र सहकार्य गर्ने,
३. नक्शांकनका आधारमा विषयगत र संस्थाको सङ्ख्या निर्धारण गर्ने,
४. स्थानीय तहमा प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिमको अवसर सिर्जना गर्ने,

५. प्राविधिक धारको परिमार्जित पाठ्यक्रम श्रम बजारलाई ध्यानमा राखी कार्यान्वयन गर्ने तथा विद्यालयमा आवश्यक पूर्वाधार र उपयुक्त शिक्षकको व्यवस्थापन गर्ने,

६. राष्ट्रिय योग्यता प्रारूपअनुसार साधारण र प्राविधिक तथा व्यावसायिक शिक्षाबिच गतिशीलता र पारगम्यता सुनिश्चित हुने गरी समतलीय तथा लम्बीय समन्वयात्मक सम्बन्ध विकास गर्ने,

७. दक्ष जनशक्ति टिकाउनका लागि नीतिगत व्यवस्था मिलाउने,

८. माग तथा आवश्यकतामा आधारित सिप विकासका तालिम नियमितरूपमा सञ्चालन र विस्तार गर्ने।

### ३.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**(क) उपलब्धि**

१. माध्यमिक तहमा अध्ययनरत छात्रछात्राहरूमध्ये कम्तीमा २० प्रतिशतले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको अवसर प्राप्त गरेको हुने,

२. माध्यमिक तहमा प्राविधिक शिक्षाको आवश्यकता, औचित्य र सम्भाव्यताको अध्ययन गरी प्राविधिक सिप हासिल गर्न चाहने विशेषरूपमा लक्षित विद्यार्थीहरूका लागि गुणस्तरीय, सान्दर्भिक, श्रम बजारअनुकूल र आवश्यकतामा आधारित प्राविधिक शिक्षा प्रदान गर्न सक्ने गरी क्षमता सुदृढ भएको हुने,

३. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्राप्त उत्पादनशील, रोजगारी र स्वरोजगारी र जीविकोपार्जन क्षेत्रबाट आर्थिक स्तर सुधार भएको हुने।

**(ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १. | नक्शांकनका आधारमा प्राविधिक धारका विद्यालय सञ्चालित विद्यालय सङ्ख्या | १ | १ | १ | १ | १ | १ |
| २. | प्राविधिक धारमा अध्ययनरत विद्यार्थी सङ्ख्या | ६० | ८० | १०० | १२० | १४० | १६० |
| ३. | व्यावसायिक तालिममा सहभागी सङ्ख्या | ० | ३० | ६० | ९० | १२० | १५० |
| ४. | स्थानीय स्तरमा पहिचान भई प्रमाणीकरण तथा प्रवर्धन भएका परम्परागत सिपहरूको सङ्ख्या | ० | ५ | ५ | ५ | ५ | ५ |
| ५. | पढ्दै कमाउँदै कार्यक्रम सङ्ख्या | ४ | ५ | ६ | ७ | ८ | ९ |
| ६. | छोटो अवधिको सिपमूलक तालिम सञ्चालन | ० | ३ | ३ | ३ | ३ | ३ |
| ७ . | स्थानीय स्तरमा रहेका परम्परागत सिपहरूको पहिचान प्रमाणीकरण तथा , स्वरोजगारी सिर्जना | ० | २ | २ | २ | १ | १ |

**(ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | |
| १. | प्राविधिक धारका विद्यालयको नक्साङ्कन | केन्द्र | हरेक वर्ष नक्साङ्कन गरी आवश्यकताअनुसार थप गरिने | | | | | | नक्साङ्कन अनुसार थप भएको हुने |
| २. | मापदण्डअनुसार शिक्षक व्यवस्थापन | सङ्ख्या | सङ्घीय र प्रादेशिक नीतिअनुसार र आवश्यकतासमेतका आधारमा न्यूनतम सङ्ख्यामा व्यवस्थापन गरिने | | | | | | मापदण्डअनुसार शिक्षक व्यवस्थापन भएको हुने |
| ३. | प्राविधिक धारतर्फ शिक्षक वृत्ति विकास पद्धति विकास र शिक्षक तालिम सञ्चालन | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | प्राविधिक धारतर्फ शिक्षक वृत्ति विकास पद्धति विकास र शिक्षक तालिम सञ्चालन भएको हुने |
| ४. | प्राविधिक धारका विद्यालयमा भौतिक संरचना र प्रयोगात्मक सामग्री व्यवस्थापन | सङ्ख्या | १ | १ | १ | १ | २ | २ | प्राविधिक धारका विद्यालयमा भौतिक संरचना र प्रयोगात्मक सामग्री व्यवस्थापन भएको हुने |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५. | व्यावसायिक तालिम सञ्चालन | सङ्ख्या | २० | ४० | ६० | ८० | १०० | १०० | व्यावसायिक तालिम सञ्चालन भएको हुने |
| ६. | ल्याब सुदृढीकरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ल्याब सुदृढीकरण भएको हुने |
| ७. | न्यून आय भएका विद्यार्थीलाई सहयोग | जना | २ | २ | २ | २ | २ | १० | न्यून आय भएका विद्यार्थीलाई सहयोग उपलव्ध भएको हुने |
| ८. | प्रशिक्षक र विद्यार्थी सम्मान | जना | २ | २ | २ | २ | २ | १० | उत्कृष्ट नतिजा ल्याउने प्रशिक्षक र विद्यार्थी सम्मान भएको हुने |
| ९. | छात्राबास निर्माण | सङ्ख्या | | १ | | | | १ | संघीय अनुदानमा छात्राबास निर्माण भएको हुने |
| १०. | स्थानीय स्तरमा रहेका परम्परागत सिपहरूको पहिचान, प्रमाणीकरण भएका सिप सङ्ख्या | सङ्ख्या | २ | २ | २ | १ | १ | ८ | स्थानीय स्तरमा रहेका परम्परागत सिपहरूको पहिचान, प्रमाणीकरण भएको हुने |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.५.१ परिचय

सिकाइ जीवनपर्यन्त चल्ने प्रक्रिया हो। यसका लागि सिकाइका औपचारिकका अतिरिक्त अनौपचारिक तरिकाले पनि महत्त्वपूर्ण भूमिका खेल्छ । अनौपचारिक तरिकाबाट व्यक्तिले वैयक्तिक तथा सामाजिक विकास, जीविकोपार्जन तथा रोजगारीका लागि आवश्यक पर्ने ज्ञान, सिप तथा सक्षमताहरूको विकास गर्छ। सिकाइ समय, विधि वा माध्यममा मात्र सीमित हुन हुँदैन। जीवनपर्यन्त शिक्षा औपचारिक शिक्षा पद्धतिभन्दा भिन्न प्रकृतिको हुन्छ। विगतका दशकहरूमा औपचारिक शिक्षा पद्धति बाहिर/सँगै सिकाइलाई सहजीकरण गर्न धेरै प्रकारका कार्यक्रमहरू स्थापित भएका छन्।

अनौपचारिक शिक्षा कार्यक्रमले निरक्षरका लागि साक्षरता तथा साक्षरताको माथिल्लो तहमा जान चाहने र आफ्नो पेसागत तथा व्यावसायिक सिपको विकास गर्न चाहनेका लागि साक्षरोत्तर शिक्षा दुवैलाई समेट्छ । यस उपक्षेत्रले अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइमा पहुँच पुर्याउने तथा सिकाइ संस्कृतिको प्रवर्धन गर्ने रणनीति, प्रतिफल तथा कार्यक्रम प्रस्तुत गर्छ । यसले विद्यालय प्रणाली छोड्ने बालबालिका तथा किशोर किशोरीहरूका लागि निरन्तर तथा जीवनपर्यन्त सिकाइका लागि मार्ग प्रदान गर्छ।

### ३.५.२ वर्तमान अवस्था

विक्रम सम्बत् २०७८ को जनगणना अनुसार यस अन्नपूर्ण गाँउपालिकाको साक्षरता दर ७९.२ प्रतिशत रहेको छ । साक्षरमध्ये महिलाको साक्षरता दर ७२.२ रहेको छ भने पुरूपको ८६.८ रहेको छ। पुरूषको तुलनामा महिला साक्षरता दर कम रहेको छ।

यस पालिकामा २ वटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेका छन्। गाँउपालिकामा भएका २ वटा सिकाइ केन्द्रलाइ खुला तथा अनौपचारिक विद्यालयबाट नियमित विद्यालय भर्ना हुन समस्या रहेका बालवालिका एवं युवा तथा प्रौढ लक्षित कार्यक्रम सञ्चालन गरी सिकाइ केन्द्रलाई सक्रिय बनाउन सकिएको खण्डमा त्यस्ता व्यक्तिहरूका लागि शिक्षा हासिल गर्ने वातावरणको सिर्जना हुने गर्छ । यद्यपि यस पालिका क्षेत्रमा विविध कारणबाट विद्यालय भर्ना हुन नसकेका बालबालिका तथा पढ्न चाहने युवाहरूको पहिचान गरी उनीहरूको आवश्यकताअनुसारको शैक्षिक कार्यक्रम सञ्चालन गर्न चुनौतीपूर्ण रहेको छ।

### ३.५.३ उद्देश्य

१. यस पालिकाका सबै युवा तथा प्रौढहरूलाई साक्षरताको सिप प्रदान गर्नु,

२. कार्यमूलक साक्षरता, खुला तथा जीवनपर्यन्त सिकाइका अवसरहरूको विस्तार तथा विविधीकरण गर्नु,

३. सिकाइ स्थानीय परिवेश र संस्कृति सान्दर्भिक भएको सुनिश्चित गर्न अनौपचारिक शिक्षा, जीवनपर्यन्त तथा खुला सिकाइका लागि संस्थागत सुदृढीकरण गर्नु।

### ३.५.४ रणनीति

१. साक्षर नेपाल अभियान पूरा गर्न सामुदायिक सिकाइ केन्द्र, विद्यालय, गैरसरकारी क्षेत्र, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक र अन्य साझेदारहरू परिचालन गर्ने,

२. साक्षरता सिकाइमा स्थानीय रेडियो, टेलिभिजन, मोबाइल, अनलाइनजस्ता सञ्चार प्रविधि, सामुदायिक पुस्तकालय तथा सहभागीमैत्री सामग्री तथा विधिसमेतका आधारमा पहुँचको अभिवृद्धि गर्ने,

३. मौलिक एवम् परम्परागत ज्ञान तथा सिपको पहिचान, संरक्षण, प्रवर्धन, आधुनिकीकरण एवम् हस्तान्तरण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने,

४. सामुदायिक सिकाइ केन्द्रहरूको आवश्यकतानुसार समायोजन, पुनर्संरचना तथा पुनर्वितरण गरी सामुदायिक सिकाइ केन्द्रलाई सुदृढ गर्ने,

५. साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गर्नुका साथै सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न बनाई समावेशी एवम् समतामा आधारित जीवनपर्यन्त सिकाइ थलोका रूपमा विकास गर्ने,

६. सार्बजनिक पुस्तकालयलाई सामुदायिक सिकाइ केन्द्रसँग आवद्ध गरी सामुदायिक सिकाइ तथा स्रोत केन्द्रको रूपमा विकास गर्ने,

७. अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको मापदण्ड निर्धारण तथा संस्थागत सुदृढीकरण गर्ने,

८. तीनै तहका सरकार तथा अन्य सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा समुदायमा आधारित शिक्षा, स्वास्थ्य, कृषि, वन तथा वातावरणसम्बन्धी संस्थाहरू एवम् जनशक्तिका लागि सामुदायिक सिकाइ केन्द्रलाई परिचालन गर्ने नीति निर्माण गर्ने ।

### ३.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**(क) उपलब्धि**

१. सबै युवा तथा प्रौढहरू कार्यमूलक हिसाबले साक्षरता हासिल गरेको हुने,
२. अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि भएको हुने ।

(ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १. | साक्षर पालिका घोषणा | भएको | भएको | भएको | भएको | भएको | भएको |
| २. | निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन | कार्यक्रम | २ | २ | २ | २ | २ |
| ३. | सामुदायिक सिकाइ केन्द्र | २ | २ | २ | २ | २ | २ |
| ४. | सामुदायिक पुस्तकालय/ डिजिटल पुस्तकालय वा वाचानालय | ० | १ | १ | १ | २ | २ |
| ५. | बालमैत्री उद्यान | ० | ० | १ | १ | १ | १ |

(ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | |
| १. | निरन्तर तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २. | सामुदायिक सिकाइ केन्द्रको सबलीकरण | सङ्ख्या | २ | २ | २ | २ | २ | | |
| ३. | स्थानीय तहमा रहेका समुदायमा आधारित संस्थासँग साझेदारी तथा सहकार्य | सङ्ख्या | ८ | ८ | ८ | ८ | ८ | | निरन्तर सहकार्य भएको हुने |
| ४. | सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिवृद्धि | पटक | १ | १ | १ | १ | १ | ५ | आवश्यकता अनुसार कार्यक्रम तय भएको हुने |
| ५. | सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | वार्षिकरूपमा अनुदान व्यवस्थापन भएको हुने |
| ६. | विद्यालय बाहिर रहेका बालबालिकाको तथ्याङ्क सङ्कलन | पटक | १ | १ | १ | १ | १ | ५ | वार्षिक रूपमा खोजी गरी निरन्तर शिक्षा प्राप्त गरेका हुने |
| ७. | सिकाइ केन्द्रको तथ्याङ्क व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | इमिसमा अद्यावधिक भएको हुने |

## ३.६ उच्च शिक्षा

### ३.६.१ परिचय

उच्च शिक्षा भन्नाले माध्यमिक तहपश्चात् विश्वविद्यालय क्याम्पस वा प्राविधिक संस्थाहरूद्वारा प्रदान गरिने विशिष्टीकृत र स्वैच्छिक अध्ययनलाई बुझिन्छ। यसले स्नातक, स्नातकोत्तर र अनुसन्धान तहका शैक्षिक कार्यक्रमहरूलाई समेट्छ। यसको मुख्य उद्देश्य बौद्धिक विकास, व्यावसायिक सिप वृद्धि, अनुसन्धान र जनशक्ति निर्माण गर्नु हो। उच्च शिक्षा ले समाजमा चेतना फैलाउन राष्ट्रिय आर्थिक प्रगतिमा योगदान पुर्याउन र विश्वव्यापी प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्न निर्णायक भूमिका खेल्दछ। यस विषयलाई दृष्टिगत गरी अन्नपूर्ण गाउँपालिकामा पनि उच्च शिक्षाका कार्यक्रम सञ्चालन गर्ने प्रयत्न गरिएको छ।

### ३.६.२ वर्तमान अवस्था

अन्नपूर्ण गाउँपालिकामा एउटा मात्र स्नातक तहको क्याम्पस सञ्चालनमा रहेको छ, जसमा ४१ जना विद्यार्थी अध्ययनरत छन्। उक्त क्याम्पस शिक्षाशास्त्रतर्फ चार वर्षे कार्यक्रम अन्तर्गत गणित, अङग्रेजी, नेपाली, स्वास्थ्य तथा शारीरिक शिक्षाजस्ता विषय अध्ययन अध्यापन भएका छन्। यस क्याम्पसमा एक जना क्याम्पस प्रमुख, छ जना आंशिक प्राध्यापक र दुई जना कर्मचारी सहित जम्मा नौ जना कार्यरत रहेका छन्। पूर्ण रूपमा सूचना प्रविधिको प्रयोग भई अध्ययन अध्यापन भएता पनि आर्थिक, भौतिक जस्ता समस्या रहनुका साथै पर्याप्त विद्यार्थी भर्ना तथा टिकाउमा समस्या तथा चुनौतीका रूपमा रहेको छ। यस क्याम्पसलाई व्यवस्थित गर्न दिगो आयस्रोतको खोजी गर्ने, छुट्टै भवन निर्माण गर्ने र आवश्यक भौतिक सुविधा परिपूर्ति गर्नुपर्ने देखिन्छ। त्यस्तै शैक्षिक गुणस्तरमा अभिवृद्धि गर्दै विद्यार्थीको आकर्षण बढाउन र टिकाउदर उच्च बनाउन आवश्यक देखिन्छ।

### ३.६.३ उद्देश्य

१. माध्यमिक तह पूरा गरेका विद्यार्थीलाई उच्च शिक्षाको अवसर प्रदान गर्ने,
२. न्यूनतम पूर्वाधारसहितको भवन निर्माणका लागि आवश्यक सहकार्य तथा समन्वय गर्ने।

### ३.६.४ रणनीति

१. माध्यमिक तह पूरा गरेका विद्यार्थीलाई गाउँठाउँमा उच्च शिक्षा अध्ययन गर्न प्रोत्साहन गर्ने,
२. शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधिमैत्री वातावरणको निर्माण गर्ने,
३. शिक्षक पेसागत दक्षता अभिवृद्धि गर्ने,
४. पालिकाभित्र र छिमेकी पालिकाहरूमा सञ्चालित माध्यमिक विद्यालयहरू र उच्च शिक्षा प्रदायक संस्थाहरूसँग शैक्षिक सम्बन्ध कायम गर्ने,
५. अद्यावधिक स्रोत तथा सन्दर्भ सामाग्रीहरूसहितको पुस्तकालयको प्रबन्ध गर्ने,
६. उच्च शिक्षा प्रदायक संस्थालाई अनुदान उपलब्ध गराउने।

### ३.६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**(क) उपलब्धि**

१. उच्च शिक्षामा विद्यार्थी भर्नामा वृद्धि भएको हुनेछ।
२. विद्यार्थीहरूको शैक्षिक उपलब्धि स्तरमा सुधार भएको हुनेछ।
३. उच्च शिक्षामा सुशासन र व्यवस्थापन पद्वति सुदृढ भएको हुनेछ।

**(ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/ ८३ | २०८३/ ८४ | २०८४/ ८५ | २०८५/ ८६ | २०८६/ ८७ |
|---|---|---|---|---|---|---|---|
| १. | विद्यार्थी भर्ना सङ्ख्या | ० | ६५ | ८० | १०० | १२० | १२० |
| २. | विद्यार्थी उत्तीर्ण प्रतिशत | ० | ८० | ८२ | ८४ | ८५ | ८७ |

**(ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | |
| १. | यस गाउँपालिकामा रहेका उच्च शिक्षा प्रदायक संस्थाहरूमा भर्ना भएका विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्थापन | सङ्ख्या | ७ | ९ | १० | १२ | १४ | १७ | लक्षित बिपन्न विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध भएको हुने |
| २. | अन्य उच्च शिक्षा प्रदायक संस्थासँग सहकार्य र समन्वय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | अन्य उच्च शिक्षा प्रदायक संस्थासँग सहकार्य र समन्वय भएको हुने |
| ३. | शिक्षण सिकाइ प्रभावकारीका लागि शैक्षिक तथा भौतिक सहयोग | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | भौतिक र शैक्षिक सहयोग भएको हुने |
| ४. | क्षमता विकास कार्यक्रम | आवश्यकता बमोजिम | | | | | | | आवश्यकता बमोजिम क्षमता विकास भएको हुने |

## परिच्छेद चार: अन्तर सम्बन्धित विषयक्षेत्रहरू

यस परिच्छेदमा आधारभूत तथा माध्यमिक शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइमा पहुँच, सहभागिता, समता, समानता तथा सक्षमतालाई सुनिश्चित गर्ने महत्त्वपूर्ण अन्तरसम्बन्धित विषय क्षेत्रका रणनीति तथा कार्यक्रमहरू रहेका छन् । यी विषय क्षेत्र निम्नअनुसार छन्-

(क) पाठ्यक्रम र मूल्याङ्कन (ख) शिक्षक व्यवस्थापन तथा विकास
(ग) शैक्षिक समानता तथा समावेशीकरण (घ) विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम
(ङ) विद्यालय सुरक्षा, विपत् व्यवस्थापन तथा उत्थानशीलता (च) विद्यालय पूर्वाधार विकास
(छ) शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग (ज) युवा, खेलकुद तथा अतिरिक्त क्रियाकलाप

यस परिच्छेदमा उपर्युक्त विषयक्षेत्र विद्यमान अवस्था, उद्देश्य, रणनीति, अपेक्षित उपलब्धि तथा तिनको तिनको नतिजा तथा लक्षय प्राप्तिका लागि अपनाउनुपर्ने क्रियाकलापहरू यहाँ प्रस्तुत गरिएको छ ।

### ४.१ पाठ्यक्रम र मूल्याङ्कन

#### ४.१.१ परिचय

पाठ्यक्रम शिक्षाको उद्देश्य प्राप्तिका लागि बनाइएको शैक्षिक कार्यक्रम हो । यसले तहगत र कक्षागत सक्षमता / उद्देश्य, सिकाइउपलब्धि, सिकाइ अनुभव, विषयवस्तु र शिक्षणसिकाइ कार्यकलापका माध्यमबाट शिक्षाका लक्ष्य र उद्देश्य पूरा गराउन सहयोग पुर्याउँछ । यसले शिक्षण सिकाइ प्रक्रियालाई योजनावद्ध र व्यवस्थित तुल्याउन मार्गप्रशस्त गर्छ । साथै यसले शिक्षक, विद्यार्थी र व्यवस्थापकलाई आफ्नो गन्तव्य निर्धारण गर्न तथा उक्त गन्तव्यमा पुर्‍याउन पथप्रदर्शनको भूमिका निर्वाह गर्छ । साथै शिक्षण सिकाइका क्रममा गरिने विद्यार्थी मूल्याङ्कनका साधन निर्माण प्रयोग गर्ने आधार पनि प्रदान पाठ्यक्रमले गर्छ । त्यसैगरी यसले शिक्षणपूर्वका विद्यार्थीको पूर्व क्षमता पहिचान गर्न, शिक्षण सिकाइका क्रममा सिकाइ अवस्था आकलन गरी पृष्ठपोषण र सुधारात्मक शिक्षण गर्न तथा शैक्षिक कार्यक्रमको उपलब्धिको मूल्याङ्कन गर्ने आधार प्रदान गर्छ ।

पाठ्यक्रमले बालबालिकाहरूको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक तथा बौद्धिकलगायत चौतर्फी विकासका सिकाइका विषयहरू, शिक्षण सिकाइ क्रियाकलाप, मूल्याङ्कन तथा सिकाइ उपलब्धिको प्रारूप प्रदान गर्छ । राम्रो पाठ्यक्रमले सैद्धान्तिक तथा प्राज्ञिक र व्यावहारिक पक्षबिच सन्तुलन कायम राख्छ । यसले विषयवस्तु मात्र नभई सिप तथा सक्षमताको समेत व्यवस्था गरेको हुन्छ । पाठ्यक्रमले शिक्षकलाई बालबालिकाको सर्वाङ्गीण विकास गराई वैयक्तिक जीवनका साथै सामाजिक प्रक्रियमा सहभागी हुन सक्षम बनाउन मार्ग निर्देशित गर्दछ । यसले अर्थपूर्ण रोजगारी, आर्थिक कार्यमा संलग्नतासहित दिगो रूपमा जीविकोपार्जन गर्न अगुवाइ गर्छ । पाठ्यक्रमले विविध सामाजिक बनोट तथा संस्कृतिको संरक्षण गर्दै महिला, बालिका र सङ्कटापन्न एवम् सुविधाविहीन समुदायका लागि गलत संस्कार तथा परम्परा रूपान्तरण गर्न पनि मद्दत गर्छ ।

#### ४.१.२ वर्तमान अवस्था

नेपालमा २०२८ सालदेखि देशभर राष्ट्रिय पाठ्यक्रम लागु भए पनि नेपालमा राष्ट्रिय पाठ्यक्रम प्रारूप आउनु अघि पाठ्यक्रम विकास र परिमार्जन हुँदा खास कुनै सैद्धान्तिक तथा अन्य ठोस आधारबिना पाठ्यक्रमको ढाँचामा पटक पटक परिवर्तन गरिने अभ्यास रहेकको थियो । यस्तो अवस्था हटाउन वि.सं. २०६३ सालमा विद्यालय शिक्षाको पाठ्यक्रम सम्बन्धी मूल दस्तावेजका रूपमा राष्ट्रिय पाठ्यक्रम प्रारूप लागु गरिएको थियो । यो राष्ट्रिय पाठ्यक्रम प्रारूप विद्यालय शिक्षाको पाठ्यक्रम सम्बन्धी मूल दस्तावेज हो । यसले पाठ्यक्रमसम्बद्ध नीति, क्षेत्र तथा शिक्षण सिकाइ क्रियाकलाप, अनुगमन तथा मूल्याङ्कनलाई मार्गनिर्देश गर्न आधार प्रदान गर्छ । यसले विद्यालय तहको शिक्षालाई दीर्घकालीन दृष्टिकोणसहित दिशा निर्दिष्ट गरेको छ । संघीयता कार्यान्वयनसँगै हाल विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ कार्यान्वयनमा रहेको छ । उक्त प्रारूप कार्यान्वयन वि.सं. २०७७ सालबाट कक्षा १ देखि सुरु भई कक्षा १२ सम्म एक चरण पूरा भएको छ ।

यस प्रारूपले निर्देशित गरे अनुसार कक्षा कक्षा १-३ मा एकीकृत पाठ्यक्रम लागु गरिएको छ भने सोभन्दा माथिल्ला कक्षामा विषयगत पाठ्यक्रमको व्यवस्था छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार प्रारम्भिक बालविकास र शिक्षाका लागि एक शैक्षिक सत्रमा वार्षिक जम्मा ५७६ घण्टा दैनिक सिप सिकाइ क्रियाकलाप र विषयगत सिप सिकाइ क्रियाकलाप सञ्चालन हुने व्यवस्था छ । यसै

गरी वार्षिक २५६ घण्टासम्मको मनोरञ्जन, बाह्य खेल र आराम गर्ने तथा खाजा खाने समय हुने प्रावधान छ । उक्त समयले बालबालिकाले प्रारम्भिक बालविकास केन्द्रमा बिताउने पूरा अवधिलाई बुझाउँछ ।

प्रारूपले विद्यालय शिक्षाको सबै कक्षाका लागि एक शैक्षिक वर्षमा कम्तीमा २०५ दिन पठनपाठन सञ्चालन हुने व्यवस्था गरेको छ । कक्षा १ देखि ३ सम्म जम्मा २६ पाठ्यघण्टा अर्थात् वार्षिक ८३२ कार्यघण्टाको पठनपाठन गर्नुपर्ने व्यवस्था छ भने कक्षा ४ देखि १० सम्म जम्मा ३२ पाठ्यघण्टा अर्थात् वार्षिक १०२४ कार्यघण्टा र कक्षा ११ र १२ मा कम्तीमा २७ पाठ्यघण्टा अर्थात् ८६४ कार्यघण्टादेखि बढीमा ३२ पाठ्यघण्टा अर्थात् १०२४ कार्यघण्टा पठनपाठन गर्नुपर्ने प्रावधान रहेको छ ।

विद्यालय तहमा अन्तर्राष्ट्रिय अभ्यास र राष्ट्रिय अनुभवसमेतका आधारमा अक्षराङ्कन पद्धतिअनुरूप विद्यार्थीको सिकाइ उपलब्धि प्रमाणीकरण गर्ने व्यवस्था छ । यसका लागि पाठ्यक्रम संरचनामा नै पाठ्यघण्टा समेटी एक पाठ्यघण्टा (Credit hour) बराबर ३२ कार्यघण्टा (Working hour) हुने व्यवस्था छ । कक्षा एकदेखि तीनसम्मका प्रत्येक कक्षाका लागि वार्षिक २६ पाठ्यघण्टा र कक्षा चारदेखि दशसम्मका लागि प्रत्येक कक्षाका लागि वार्षिक ३२ पाठ्यघण्टाको विषयवस्तु रहेको छ । त्यसै गरी कक्षा ११ र १२ प्रत्येकमा वार्षिक कम्तीमा २७ देखि बढीमा ३२ पाठ्यघण्टाको विषयवस्तु रहेको छ ।

पाठ्यक्रम कार्यान्वयनका लागि विद्यार्थीमैत्री पाठ्यपुस्तक विकास गरी रङ्गीन पाठ्यपुस्तकको विकासमा जोड दिइएको छ भने राष्ट्रिय पाठ्यक्रम प्रारूपको खाकाभित्र रही बहुपाठ्यपुस्तक विकास एवम् प्रयोग गर्ने नीति अपनाइएको छ । साथै शिक्षणमा सहयोग गर्न शिक्षक निर्देशिका रहने व्यवस्था पनि गरिएको छ । सामुदायिक विद्यालयको कक्षा १-१२ मा अध्ययन गर्ने सबै विद्यार्थीले निशुल्क रूपमा पाठ्पुस्तक पाउने व्यवस्था गरिएको छ । सामुदायिक विद्यालयहरूले पाठ्यक्रम विकास केन्द्रले प्रकाशन गर्ने पाठ्यपुस्तकहरू प्रयोग गर्छन् तथापि संस्थागत तथा केही सामुदायिक विद्यालयहरूले निजी क्षेत्रबाट प्रकाशित र पाठ्यक्रम विकास केन्द्रले सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्ने प्रयोजनका लागि सूचीकृत पुस्तकमध्येबाट छनोट गरी पाठ्यपुस्तकका रूपमा प्रयोग गर्छन् । सबै विद्यार्थीलाई समयमै पाठ्यपुस्तक उपलब्ध गराउने व्यवस्था स्थानीय तहबाट हुँदै आएको छ ।

विद्यालय शिक्षामा विद्यार्थीहरूको मूल्याङ्कन र प्रमाणीकरण गर्ने सन्दर्भमा विद्यालय स्तरीय परीक्षा र बाह्य सार्वजनिक परीक्षा सञ्चालन गर्ने व्यवस्था छ । विद्यालयमा आधारित परीक्षाअन्तर्गतको कक्षा १ देखि ७ तथा कक्षा ९ को परीक्षाको सम्पूर्ण जिम्मा स्वयम् विद्यालयको हुने छ । यसका लागि कक्षा ८ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अवलम्बन गरिने छ । आधारभूत शिक्षाको कक्षा १–३ मा पूर्ण रूपमा निरन्तर मूल्याङ्कन पद्धति अवलम्बन गरिने छ । कक्षा ४–५ मा ५० प्रतिशत भारको निरन्तर मूल्याङ्कन पद्धति र ५० प्रतिशत भारको आवधिक परीक्षाका लागि छुट्याई विद्यार्थीको उपलब्धिको लेखाजोखा गर्नुपर्ने व्यवस्था छ । कक्षा ६, ७ र ८ मा ५० प्रतिशत आन्तरिक मूल्याङ्कन तथा ५० प्रतिशत भारको बाह्य परीक्षाबाट विद्यार्थीको मूल्याङ्कन हुने प्रावधान छ । निरन्तर मूल्याङकन पद्धतिमा विद्यार्थीको नियमितता वा हाजिरी, कक्षाकार्य तथा सहभागिता, परियोजना तथा प्रयोगात्मक कार्य, सिर्जनात्मक कार्य, सिकाइ व्यवहारमा आएको परिवर्तन र उपलब्धि परीक्षा जस्ता पक्षहरूलाई समावेश गरिएको छ । सबै विषयमा आन्तरिक र बाह्य मूल्याङ्कन पद्धति रहेको छ । माध्यमिक विद्यालय तहमा विद्यार्थी उपलब्धि मूल्याङ्कनका लागि निरन्तर तथा निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन प्रक्रियालाई अवलम्बन गर्नुपर्ने व्यवस्था छ । माध्यमिक निर्माणात्मक मूल्याङ्कनबाट प्राप्त नतिजाका आधारमा आन्तरिक मूल्याङ्कनबाट २५ प्रतिशत भार र अन्तिमवा बाह्य परीक्षाको ७५ प्रतिशत भार कायम गरी निर्णयात्मक मूल्याङ्कन हुने व्यवस्था गरिने छ । साधारण धारतर्फ सार्वजनिक परीक्षाका प्रत्येक विषयमा २५ प्रतिशत भारको आन्तरिक र ७५ प्रतिशत भारको बाह्य मूल्याङ्कन हुने छ भने यसमा विषयवस्तुको प्रकृतिअनुसार सैद्धान्तिक तथा प्रयोगात्मक दुवै पक्ष समावेश हुन्छन् । विद्यालय शिक्षाका सबै कक्षामा अक्षराङ्कन पद्धतिको कार्यान्वयन गरिएको छ । यसरी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा मानिएको छ र सिकाइका लागि निरन्तर रूपमा पृष्ठपोषण प्रदान गर्न मूल्याङ्कन एक माध्यम रूपमा रहने पाठ्यक्रमको नीतिगत व्यवस्था छ ।

पाठ्यक्रम प्रारूपले मातृभाषा तथा बहुभाषिक सन्दर्भमा सिकाइ सहजीकरणका लागि स्थानीय भाषामा सिकाउने प्रावधान गरेको छ । यसले कक्षाकोठामा प्रयोग गरिने भाषा र सिकारुको घरमा बोल्ने भाषाबिच तादात्म्यता राख्न सहयोग गर्छ।जसले सिकाइमा आउने बाधालाई पनि हटाउन सहयोग गर्छ । यसैगरी पाठ्यक्रम प्रारूपले स्थानीय पाठ्यक्रमसम्बन्धी जिम्मेवारी स्थानीय तहलाई प्रदान गरे अनुसार यस पालिकाले स्थानीय पाठ्यक्रम तयार गरी कार्यान्वयनमा ल्याएके भए पनि स्थानीय पाठ्यपुस्तक विकास गर्न सकिएको छैन ।

पाठ्यक्रमबाट भएका नीतिगत तथा संरचनागत व्यवस्था कार्यान्वयनमा अपेक्षित रूपमा प्रभावकारिता आउन सकेको पाइँदैन। मूलतः पाठ्यक्रम विकास तथा परिमार्जन भएपछि तसबै शिक्षकलाई त्यसको प्रबोधीकरण हुन नसक्दा पठनपाठन प्रक्रिया सही ढङ्गले हुन सकेको छैन। यसको ज्वलन्त उदाहरणका रूपमा कक्षा १ देखि ३ सम्मको एकीकृत पाठ्यक्रम सम्बन्धी अवधारणागत स्पष्टता शिक्षकसम्म पुग्न नसक्दा त्यसको मर्मअनुसार कार्यान्वयन हुन सकेको छैन। त्यस्तै माध्यमिक तहमा प्राविधिक धारको कार्यान्वयनमा देखा परेको जटिलतालाई हेर्दा बजारको मागअनुसारका सिप हासिल हुने गरी यसमा रहेका अन्तरको विश्लेषण गरी पाठ्यक्रममा सुधार तथा समायोजन/ पुर्नसमायोजन गर्नुपर्ने देखिन्छ। त्यसैगरी विद्यालयमा आधारित परीक्षाका साधन निर्माण र प्रयोग तथा नतिजाको विश्लेषण गर्न र तिनलाई व्यवस्थित रूपमा सिकाइ सुधारमा प्रयोग गर्न शिक्षकहरूलाई उपयुक्त किसिमले गहिरो किसिमको तालिम दिनु आवश्यक छ।

यस पालिकाको घान्द्रुक गाँउमा गुरूङ्ग भाषी जनसङ्ख्याको वाहुल्यता रहेकोले श्री मेश्रम बराह माध्यमिक विद्यालयमा गुरूङ्ग भाषा मातृभाषाको रूपमा अध्ययन अध्यापनको लागि १ जना शिक्षकको व्यवस्था मिलाइएको छ। सीमित स्रोतसाधन तथा सम्बन्धित भाषाका दक्ष जनशक्तिको उपलब्धता मातृभाषाका सामग्रीको विकास र प्रयोगका लागि चुनौतीका रूपमा रहेको छ। बालबालिकाको सिकाइलाई माध्यम भाषाका कारण अवरोध नहुने गरी उपयुक्त माध्यम भाषा छनोट तथा प्रयोग गर्ने कार्य पनि चुनौतीको रूपमा रहेको छ। । घान्द्रुक पर्यटकीय क्षेत्र भएकाले त्यहाँ होटल व्यवसाय मुख्य पेशाको रूपमा रहेको हुँदा होटल म्यानेजमेन्ट विषय थप गरी पठनपाठनको व्यवस्था मिलाइएको भने पनि दिगो रूपमा सञ्चालन गर्न निकै कठिन महसुस गरिएको छ। यस्तै विद्यालय तहमा अपाङ्गता भएका बालबालिकाका लागि समायोजित पाठ्यक्रम तथा सिकाइ सामग्रीमा अपाङ्गताको प्रकृतिअनुसार अधिकतम लचकता प्रदान गर्ने कार्य पनि चुनौतीपूर्ण भएको छ।

**४.१.३ उद्देश्य**

यस योजनामा पाठ्यक्रम तथा मूल्याङ्कन क्षेत्रका निम्न उद्देश्यहरू तय गरिएको छ :

१. पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङ्कन प्रकृयाको प्रभावकारी कार्यान्वयन गर्नु,
२. स्थानीय परिवेशमा आधारित व्यावहारिक, सीपमूलक तथा जीवनोपयोगी पाठ्यक्रम तथा पाठ्यसमग्री विकास गरी कार्यान्वयन गर्नु,
३. सिकाइका लागि मूल्याङ्कनमार्फत परीक्षा एवं मूल्याङ्कन पद्धतिको सुदृढीकरण गर्नु ।

**४.१.४ रणनीतिहरू**

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप ,२०७६ अनुरूप पाठ्यक्रम कार्यान्वयन गर्ने
२. पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रबोधीकरण गर्ने
३. पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धि गर्ने
४. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वअध्ययन तथा सन्दर्भ सामग्री उपलब्ध हुने व्यवस्थाको सुनिश्चितता गर्ने
५. माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा प्रयोग गर्ने
६. स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्यसामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने
७. विद्यालयमा आधारित विद्यार्थी सहयोग पद्धति विकास गर्ने
८. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने
९. स्थानीय पाठ्यक्रम निर्माण गर्दा समावेशिता, लैङ्गिक पक्ष, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन, पर्यटन, सांस्कृतिक, धार्मिक, नैतिक मूल्यमान्यता, स्थानीय परम्परागत प्रविधि तथा सीप प्राकृतिक सम्पदा र वातावरण संरक्षण जस्ता विषयवस्तुलाई प्राथमिकताका साथ समावेश गर्ने
१०. विद्यार्थीमा व्यवहारकुशल सिपहरूको विकास गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गर्ने
११. निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा प्रयोग गर्ने
१२. विद्यार्थी मूल्याङ्कनका लागि आवश्यक संरचना तयार गरी मूल्याङ्कनका साधन निर्माण तथा प्रयोग गर्दै नतिजा विश्लेषण र पृष्ठपोषण गर्ने।

### ४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**(क) उपलब्धि**

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ।

२. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि पाठ्यक्रमलगायत शिक्षक निर्देशिका, स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वअध्ययन तथा सन्दर्भ सामग्री उपलब्ध भएको हुनेछ।

३. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ।

४. निरन्तर, आवधिक तथा स्तरीय मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ।

**(ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सङ्ख्या | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ | |
| २. | स्तरीय प्रश्नपत्र निर्माण तथा प्रयोग | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३. | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय | १ | १ | १ | १ | १ | १ | |
| ४. | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ | |
| ५. | जलवायु परिवर्तन तथा उत्थानशीलतासम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ० | १७ | १७ | २२ | ५४ | ५४ | |
| ६. | पाठयक्रम प्रवोधीकरण | ५४ | आवश्यकता अनुसार | | | | | |
| ७. | स्थानीय पाठ्यक्रम निर्माण (कक्षा) | १–५ | ६–८ | १–८ | १–८ | १–८ | १–८ | |
| ८. | स्थानीय पाठ्यपुस्तक विकास | ० | १–५ | १–८ | १–८ | १–८ | १–८ | |
| ९. | निरन्तर विद्यार्थी मूल्याङ्कन तथा परीक्षा सञ्चालन | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ | |

**(ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | |
| १. | पाठ्यक्रमको प्रभावकारी रूपमा कार्यान्वयनका लागि अभिमुखीकरण विद्यालय | सङ्ख्या | आवश्यकता बमोजिम अभिमूखिकरण गर्ने | | | | | | अभिमुखीकरण भएको हुने |
| २. | कक्षाकोठामा आधारित विद्यार्थी मूल्याङ्कन | विद्यालय | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ | कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन सबै विद्यालयमा हुने |
| ३. | स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन | कक्षा | १–५ | ६–८ | १–८ | १–८ | १–८ | १–८ | आधारभूत तहमा लागू भएको हुने |
| ४. | पुस्तकालय व्यवस्थापन तथा बुक कर्नर निर्माण | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | प्रत्येक वर्ष थप भएको हुने |
| ५. | निरन्तर विद्यार्थी मूल्याङ्कन तथा परीक्षा सञ्चालन | कक्षा | १–८ | १–८ | १–८ | १–८ | १–८ | १–८ | निरन्तर विद्यार्थी मूल्याङ्कन तथा परीक्षा सञ्चालन भएको हुने |
| ६. | सूचना प्रविधिको प्रयोग | विद्यालय | ३० | ३५ | ४० | ४५ | ५० | ५४ | सबै विद्यालयमा प्रयोग भएको हुने |
| ७. | समयमै निःशुल्क पाठ्यपुस्तक वितरण | विद्यालय | ५१ | ५१ | ५१ | ५१ | ५१ | ५१ | सबै सामुदायिक विद्यालयमा समयमै पा.पु. उपलब्ध हुने |
| ८. | माध्यम भाषाको रूपमा मातृभाषाको प्रयोग | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | मेश्रमबराह मा.वि.मा सञ्चालन भएको हुने |
| ९. | अनुगमन तथा सुपरिवेक्षण | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | सबै विद्यालयमा अनुगमन भएको हुने |
| १०. | स्थानीय पढाइ सामग्री र अन्य शैक्षणिक सामग्री निर्माण तथा प्रयोग | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | | शैक्षिक सामाग्री निर्माण र प्रयोग भएको भएको हुने |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ शिक्षकहरूको सक्षमता तथा आवश्यकता निर्धारण गर्ने समग्र प्रारूप हो । योग्य, व्यावसायिक दृष्टिले सक्षम, उत्प्रेरित, प्रतिबद्ध तथा जिम्मेवार शिक्षक शैक्षिक प्रणालीका मुख्य खम्बा हुन् । नेपालमा शिक्षकको उत्पादन विश्वविद्यालय तथा माध्यमिक तहको कक्षा ११ र १२ सञ्चालित विद्यालयहरूले गर्छन् भने शिक्षक सेवा आयोगले अध्यापन अनुमतिपत्र प्रदान गर्नुका साथै रिक्त स्थानमा नियुक्तिका लागि सिफारिस गर्दछ । आयोगले सिफारिस गरेका व्यक्तिलाई शिक्षा विकास तथा समन्वय इकाइले नियुक्ति र स्थानीय तहसँगको समन्वयमा पदस्थापन गर्छन् । आयोगले शिक्षकको बढुवासम्बन्धी कार्य पनि गर्छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षक पेसागत विकासका लागि नीति निर्माण गर्छ भने शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रमाणीकरण र कष्टमाइज्ड तालिमका पाठ्यक्रमहरू विकास गर्नुका मुख्य प्रशिक्षक प्रशिक्षणलगायत व्यवस्थापन तालिम पनि प्रदान गर्छ । प्रदेश शिक्षा तालिम केन्द्रहरूले शिक्षकको क्षमता विकासका तालिम सञ्चालन गर्छन् ।

यस पालिकाले संघीय प्रादेशिक तथा स्थानीय शिक्षा सम्बन्धी नीति तथा कार्यक्रम अन्तर्गत रही शिक्षकहरूको क्षमता विकासका लागि विभिन्न अभिमुखीकरण, प्रवोधिकरण, छोटो अवधिका तालिम, गोष्ठी, सेमिनार आदि सञ्चालन गर्दै आइरहेको छ । यसका साथै शिक्षक दरबन्दी मिलान, पदस्थापन, सरुवा, वृत्तिविकास, विषयगत तालिम, अनुगमन र कार्यसम्पादनको कार्य समेत हुँदै आएको छ । यस्ता कार्यले विद्यालय तहको शैक्षिक विकासमा महत्त्वपूर्ण योगदान प्रदान गरेको देखिन्छ ।

### ४.२.२ वर्तमान अवस्था

यस पालिकामा स्वीकृत दरबन्दी र राहत अनुदान गरी जम्मा ३०३ दरबन्दी रहेको छ । शिक्षण सहयोग अनुदानमा (अङ्ग्रेजी,गणित र विज्ञान विषयका) लागि आधारभूत ६-८ मा ३ जना र माध्यमिक तह ९-१० मा ८ जना गरी जम्मा ११ जना रहेका छन् । स्थानीय स्रोतमा आधारभूत कक्षा १-५ मा गुरुङ भाषा शिक्षक १ जना र होटल व्यवस्थापन विषयका लागि माध्यमिक तहमा १ जना गरी जम्मा २ दरबन्दी रहेको छ । सामुदायिक विद्यालयतर्फ आधारभूत तह  कक्षा १-८ मा शिक्षक विद्यार्थी अनुपात १:११ रहेको, कक्षा ९-१२ मा शिक्षक विद्यार्थी अनुपात १:१३ रहेको छ । माध्यमिक तह र आधारभूत तहको कक्षा ६-८ मा आवश्यक न्यूनतम विषयगत शिक्षक दरबन्दी पुग्न सकेको छैन । शिक्षकको तहगत दरबन्दी विवरण देहाय बमोजिम तालिकामा प्रस्तुत गरिएको छः

**तहगत दरबन्दी विवरण**

| क्र.सं. | तह | स्वीकृत दरवन्दी | संघीय अनुदान | राहत अनुदान | स्थानीय तहबाट थप | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| १. | बालविकास सहजकर्ता | ४९ | - | - | ८ | ५७ |
| २. | आधारभूत कक्षा १-५ | १७१ | | १६ | १ | १८८ |
| ३. | आधारभूत कक्षा ६-८ | ३९ | ३ | २२ | ० | ६४ |
| ४. | माध्यमिक कक्षा ९-१० | २८ | ९ | २० | ० | ५७ |
| ५ | माध्यमिक कक्षा ११-१२ | - | - | ७ | १ | ८ |
| ६ | प्राविधिक धारतर्फ (प्रशिक्षक) | | | | | ८ |
| | जम्मा | २८७ | १२ | ६५ | १० | ३८२ |

सङ्घीय संरचना कार्यान्वयनमा आएपछि विगतमा कार्यथलो वा कक्षाकोठामा शिक्षकहरूलाई पेसागत सहयोग उपलब्ध गराउन स्थापना गरिएका स्रोतकेन्द्रहरू खारेज गरिए । यी स्रोतकेन्द्रहरूको बिकल्पको रूपमा शिक्षकहरूलाई पेसागत सहयोग गर्न र कार्यरत शिक्षकहरूको अनुभव साटासाट गर्ने कार्यको जिम्मेवारी स्थानीय तहमा सरेको छ । त्यसैले पालिकाले एक गतिशील शिक्षक पेसागत सहयोग प्रणालीको स्थापना गरी शिक्षक पेसागत सहायताको पद्धति कार्यान्वयनमा ल्याउनु आवश्यक छ । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ तथा मेन्टरिङ पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याउन आवश्यक छ ।

विद्यालय शिक्षा क्षेत्र योजनाले स्थानीय तहमा शिक्षकहरूलाई पेसागत सहयोग गर्न शिक्षकहरूको रोष्टर तयार गरी परिचालन गर्ने कार्यक्रम रहेको छ । शिक्षकको पेसागत सहायतासम्बन्धमा मार्गदर्शनहरू तय भएका छन् । गुणस्तरीय शिक्षाको निर्धारणमा

प्रधानाध्यापकको सक्षम नेतृत्व पहिचान गरिएको सन्दर्भमा विद्यालय क्षेत्र शिक्षा योजनामा शिक्षकहरूलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउन प्रधानाध्यापकलाई अझै जिम्मेवार बनाउने लक्ष्य राखेको छ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा सञ्चालन गरिने विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणले नेपाली र गणित विषयमा विद्यार्थीहरूको उपलब्धि सन्तोषजनक नभएको देखाएको छ भने यस पालिकाको शैक्षिक उपलब्धि पनि धेरै उत्साहजनक रहेको छैन।

शिक्षक व्यवस्थापन तथा विकासको चुनौतीपूर्ण कुरा भनेको शिक्षणलाई आकर्षक पेसाका रूपमा विकास गर्न नसक्नु हो। हाल प्रतिभावान् व्यक्तिहरूलाई यस पेसामा आकर्षित गर्न तथा टिकाउन सकिएको छैन। विश्वविद्यालयका अधिकांश शिक्षक तयारीका कार्यक्रमहरूले पर्याप्त विषयवस्तु तथा शिक्षण सिपयुक्त जनशक्ति उत्पादन गर्न नसक्दा क्षमतावान् शिक्षकहरूको आपूर्ति गर्न सकिएको छैन। विद्यमान सेवाकालीन तालिम तथा पेसागत विकासका कार्यक्रमले पनि शिक्षकहरूमा ज्ञान तथा सिप पूर्ण रूपमा सिकाउन सकेको छैन। सङ्घीयता कार्यान्वयनपश्चात् स्थानीय शिक्षक पेसागत सहयोग प्रणालीको पनि अभाव देखिएको छ। शिक्षा तालिम केन्द्रहरूको सङ्ख्यामा भएको कटौती तथा पर्याप्त क्षमता नहुनुले पनि चुनौती थपेको छ। शिक्षक पदस्थापनामा रहेको भिन्नता तथा विद्यार्थीको सिकाइ र शिक्षकको कार्यसम्पादन तथा वृत्ति विकासबिच सम्बन्ध कायम गर्न नसक्नुका कारण शिक्षकको उत्प्रेरणा, वृत्ति विकास तथा उत्तरदायित्वमा चुनौती छ।

### ४.२.३ उद्देश्यहरू

१. तहगत, कक्षागत, तथा विषयगत रूपमा शिक्षकको व्यवस्थापन गर्नु,
२. शिक्षक तालिम तथा निरन्तर पेसागत विकास कार्यक्रम प्रभावकारी कार्यान्वयन गर्नु,
३. शिक्षकको कार्यसम्पादनको मूल्याङ्कन प्रणालीलगायत प्रोत्साहन तथा वृत्ति विकासका अवसरहरूमा सुधार गर्दै सक्षम, प्रतिबद्ध र अभिप्रेरित हुन प्रोत्साहन गर्नु,
४. विद्यार्थीको सिकाइप्रति जबाफदेही हुने पद्धतिको विकास गर्नु।

### ४.२.४ रणनीतिहरू

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा व्यवस्थापन गर्ने
२. रिक्त दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकको व्यवस्थापन गर्ने
३. शिक्षकको निरन्तर पेसागत विकासका लागि सङ्घ तथा प्रदेशसँगको समन्वयमा शिक्षण सिप विकासलगायतका विषयमा तालिम सञ्चालन गर्ने
४. शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने
५. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने
६. शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बद्ध गराइ नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने
७. शिक्षक नियुक्ति, सरूवा तथा तालिम र पेसागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गर्ने
८. निश्चित मापदण्ड/कार्यविधि तयार गरी विद्यालयको आवश्यकतालाई अध्ययन गरी पालिकाअन्तर्गतका विद्यालयहरूमा शिक्षक सरुवा तथा व्यवस्थापन गर्ने।
९. मुख्य विषयको (गणित, विज्ञान र अंग्रेजी) शिक्षक अभाव कम गर्न शिक्षक बैक निर्माण गर्ने

### ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**(क) उपलब्धि**

१. सबै विद्यालयमा पर्याप्त सङ्ख्यामा योग्य, तालिम प्राप्त, सक्षम, उत्साहित तथा पेसाप्रति प्रतिबद्ध तथा कार्यसम्पादनप्रति जिम्मेवार शिक्षकको व्यवस्था भएको हुने
२. दरवन्दी मिलान गरी विषयगत र कक्षागत रूपमा शिक्षकको व्यवस्थापन भएको हुने
३. शिक्षकहरूलाई निरन्तर पेसागत विकासका अवसर प्राप्त भएको हुने

**(ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| **क्र.सं.** | **सूचक** | **आधार वर्ष (२०८१/८२)** | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | **२०८५/८६** | **२०८६/८७** |
|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | ४९ | ५८ | ५८ | ५८ | ५८ | ५८ |
| २. | आधारभूत तहमा कार्यरत शिक्षक मध्ये TPD तालिम प्राप्त शिक्षक प्रतिशत | ६० | ७० | ८० | ९० | ९५ | १०० |
| ३. | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत शिक्षक मध्ये  TPD तालिम प्राप्त शिक्षक प्रतिशत | ६० | ७० | ८० | ९० | ९५ | १०० |
| ४. | सूचना तथा प्रविधिसम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षक (%) | ५० | ६० | ७० | ८० | ९० | १०० |
| ५. | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | ० | ५ | १० | २० | ३० | ४० |

**(ग)  प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| **क्र.सं.** | **प्रमुख क्रियाकलाप** | **एकाइ** | **भौतिक लक्ष्य (पाँच वर्ष)** | | | | | | **भौतिक लक्ष्य (५ वर्ष)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/ ८३ | २०८३/ ८४ | २०८४/ ८५ | २०८५/ ८६ | २०८६/ ८७ | जम्मा | | |
| १. | तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान र पुनर्वितरण | सङ्ख्या | आवश्यकताको आधारमा मिलान र पुनर्वितरण | | | | | | तहगत रूपमा दरबन्दी मिलान भएको हुने | |
| २. | स्थानीय तहमा शिक्षक पेसागत सहयोग सञ्जाल गठन तथा तिनको कार्य प्रक्रिया निर्धारण | पटक | सञ्जाल गठन र कार्यप्रक्रिया निर्धारण | निरन्तर कार्य सञ्चालन | | | | | सञ्जाल गठन भई कार्य सञ्चालन भएको हुने | |
| ३. | विद्यालयमा आधारित शिक्षक पेसागत सहयोग | विद्यालय | ५ | १० | २० | ३० | ४० | ४० | क्रमश सबै विद्यालयमा पेसागत सहयोग प्राप्त भएको हुने | |
| ४. | सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइका लागि  शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | आवश्यकता अनुसार तालिम प्राप्त भएको हुने | |
| ५. | प्रारम्भिक बालविकासमा कार्यरत शिक्षकका लागि क्षमता विकास तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | प्रारम्भिक बालविकास शिक्षकका लागि क्षमता विकास तालिम प्राप्त भएको हुने | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/ ८३ | २०८३/ ८४ | २०८४/ ८५ | २०८५/ ८६ | २०८६/ ८७ | जम्मा | | |
| ६. | एकीकृत पाठ्यक्रम कार्यान्वयनसम्बन्धी तालिम सञ्चालन | विद्यालय | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ | एकीकृत पाठ्यक्रम कार्यान्वयन भएको हुने | |
| ७. | शिक्षक नियुक्ति र सरूवा | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर भइरहने | |
| ८. | विषयगत समिति गठन | | हरेक दुई वर्षमा गठन गर्ने | | | | | | गठन भई कार्य सञ्चालन भइरहेको हुने | |
| ९. | उपचारात्मक शिक्षण पद्धति लागु गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | उपचारात्मक शिक्षण पद्धति लागु भएको हुने | |
| १०. | सहपाठी कक्षा अवलोकन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ११. | परीक्षाको नतिजा विश्लेषण | पटक | २ | २ | २ | २ | २ | १० | १० | |
| १२. | विषय विज्ञ समूह गठन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १३. | शिक्षक अभिलेखीकरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १४. | उत्कृष्ट शिक्षक छनोट र सम्मान | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १५. | प्रसुती सट्टा शिक्षक व्यवस्थापन | सङ्ख्या | ५ | आवश्यकता बमोजिम व्यवस्थापन गर्ने | | | | | आवश्यकताअनुसार व्यवस्थापन भएको हुने | |
| १६ | प्र अ नियुक्ती | पटक | | निश्चित मापदण्ड तयार गरी नियमानुसार नियुक्ती भएको हुने | | | | | | |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ परिचय

नेपाल सामाजिक-सांस्कृतिकरूपमा विविधता भएको मुलुक हो । यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातीय समुदायहरूको बसोबास छ। भौगोलिक तथा क्षेत्रगत, आर्थिक तथा लैङ्गिक, सामाजिक तथा सांस्कृतिक विविधताका कारणले पनि शैक्षिक पहुँच, सहभागिता र नतिजामा प्रभाव पर्ने गरेको देखिन्छ। विभिन्न किसिका अपाङ्गता भएका बालबालिकाहरू तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूको शिक्षामा पहुँच र सहभागिता तुलनात्मक रूपमा कमजोर छ।

विद्यालयमा भर्ना भएका बालबालिकाहरूलाई भयरहित र सुरक्षित वातावरणमा स्वागत गर्दै विद्यालयको सामाजिक तथा शैक्षिक प्रक्रियामा सुरक्षित भावनाका साथ सहभागी बन्ने अवसर सिर्जना गर्नु आवश्यक हुन्छ । विभेदका कारक तत्त्व (लिङ्ग, जाति, स्थान,क्षमता, सामाजिक-आर्थिक अवस्था आदि) लाई सम्बोधन गर्न तथ्यमा आधारित तथा सन्दर्भअनुसारको अनुकुलित विधि अपनाई बालबालिकाहरूले पहुँच, सहभागितातथा सिकाइमा भोग्नु परेका बाधालाई न्यूनीकरण गर्दै जानु परेको छ। सो कार्यका लागि एकीकृत समता रणनीति २०१४ ले शैक्षिक उपलब्धिमा हुने विभेद हटाउन स्थानीय तहमा विद्यमान असमानता र यसको तीव्रताको मापन गर्नका लागि समता सूचकाङ्कसहित अवधारणात्मक कार्यढाँचा प्रदान गरेको छ। यसमा विविधताको सम्मान र समता तथा समावेशिता अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच, सहभागिता तथा सिकाइका लागि नेपालको विद्यालय शिक्षा पद्धतिमा हालसम्मका कार्य तथा प्रगतिको सङ्क्षिप्त समीक्षा गरिएको छ । त्यस्तै जातिगत तथा भाषिक, लैङ्गिक अपाङ्गता, विपन्नता, भौगोलिक कठिनाइ, बिपन्न परिस्थितिमा रहेका तथा अन्य विविध कारणले शिक्षामा पछि परेका बालबालिका तथा समुदायलाई समेटिएको छ।

### ४.३.२ वर्तमान अवस्था

यस पालिकामा अध्ययनरत कुल विद्यार्थीमध्ये दलित विद्यार्थी ४७ प्रतिशत, जनजाति विद्यार्थी १७.७ प्रतिशत, अपाङ्गता भएका विद्यार्थीको सङ्ख्या ३३ जना रहेको छ । कुल विद्यार्थीमध्ये छात्रा ४६.८ प्रतिशत रहेको छ । विभिन्न प्रकारका छात्रवृत्ति तथा विद्यार्थी प्रोत्साहनमूलक कार्यक्रम जस्तै दिवा खाजा, स्यानिटरी प्याड वितरण, निःशुल्क शिक्षाको प्रावधान कार्यान्वयन गरिएको छ ।

सामाजिक सचेतनासँगै विद्यालय सङ्ख्यामा भएको विस्तार, माध्यमिक तहसम्म निशुल्क शिक्षा तथा निशुल्क पाठ्यपुस्तकको प्रबन्ध, प्रारम्भिक बाल विकास तथा शिक्षादेखि कक्षा ५ सम्म दिवा खाजा कार्यक्रम जस्ता विभिन्न लक्षित कार्यक्रमहरूका कारण भर्ना दरमा उत्साहजनक प्रगति सम्भव भएको हो।

नेपालको संविधानले नेपाललाई समावेशी बनाउने दृष्टिकोणलाई मार्गनिर्देश गरेको छ । संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकका रूपमा लिँदै आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुने र सबै भाषिक समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरेको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले पनि शिक्षामा समता र समावेशिता अभिवृद्धिका लागि विभिन्न नीतिहरू तय गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली २०७७ ले अपाङ्गता भएका व्यक्ति तथा आर्थिक सामाजिक रूपले पछाडि परेका समुदायलाई छात्रवृत्तिका साथै नेपाल सरकारले निर्धारण गरेबमोजिम शैक्षिक संस्थाद्वारा निःशुल्क रूपमा विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा उपलब्ध गराउने प्रावधान राखेको छ।

आर्थिक रूपले विपन्न तथा दुर्गम हिमाली क्षेत्रमा आवासीय विद्यालय सञ्चालनसमेत सञ्चालनमा ल्याइएको छ। पहुँचमा वृद्धि भए तापनि विभिन्न सामाजिक समूह तथा क्षेत्रमा अझै पनि असमानता घटाउने कार्य चुनौतिपूर्ण रहेको छ।

### ४.३.३ उद्देश्य

१. लक्षित समूहका बालबालिकाको शिक्षामा समावेशी रूपमा समतामूलक पहुँच सुनिश्चित गर्नु,
२. लक्षित समूहका बालबालिकाको सिकाइ सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु,
३. विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु ।

### ४.३.४ रणनीति

१. विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्था पूरा गरी अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउने । यसका लागि बालमैत्री विद्यालय प्रारूप (CFSF) तथा निर्धारित सिकाइका लागि आवश्यक पूर्वाधार पूरा गर्ने

२. अपाङ्गताको प्रारम्भिक लेखाजोखा (Disability Screening) गर्दै अपाङ्गताका किसिम तथा स्वरूप पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यकतानुसार विशेष विद्यालयको प्रबन्ध गर्ने

३. छात्रवृत्तिका लागि विपन्न लक्षित गरी आर्थिक रूपले विपन्न, सुविधाविहीन, कठिन परिस्थतिमा रहेका र अपाङ्गता भएका बालबालिका सहभागी हुने व्यवस्था गर्ने

४. कार्यविधि तयार गरी आवश्यकताअनुसार थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्ने व्यवस्था गर्ने

५. विद्यालयमा सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरीलक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा प्रदान गर्ने

६. आाधारभूत तहमा मातृभाषा सिकाइको अवसर प्रदान गर्न प्राथमिकता दिने

७. शिक्षण सिकाईमा स्थानीय भाषा, संस्कृति, भूगोल, वातावरण, इतिहास तथा नागरिक ज्ञान तथा सिपका साथै बृहत यौनिकता शिक्षा तथा प्रजनन स्वास्थ्यसम्बन्धी विषयवस्तु समावेश गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गर्ने

८. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधताका आधारमा विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, बहिष्करण र हेपाइ नहुने सुनिश्चिततासहित बालमैत्री वातावरण सिर्जना गर्ने ।

### ४.३.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप र लक्ष्य

**(क) उपलब्धि**

१. लैङ्गिकता, सामाजिक-आर्थिक अवस्था, अपाङ्गता, जातीय, प्रादेशिक, भाषिक पृष्ठभृमि आदिका आधारमा विद्यार्थी भर्ना, कक्षा सहभागिता तथा सिकाइ उपलब्धिजस्ता शैक्षिक सूचकमा हुने विद्यमान असमानताहरू घटेको हुने,

२. लक्षित समूहका बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भई सिकाइ उपलब्धिमा सुधार भएको हुने,

३. अपाङ्गता,गरिव, विपन्न,अभिभावकविहिन, सडकमा हिड्ने बेसहारा बालबालिकाहरूको अभिलेख अद्यावधिक हुने,

४. लक्षित समूहले तोकिएबमोजिम छात्रवृत्ति एवम् प्रोत्साहन प्राप्त गरेको हुने ।

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १. | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ०.८७ | ०.७ | ०.५ | ०.३ | ०.१ | ०.० |
| २. | आधारभूत तहमा लैङ्गिक समता सूचक | १ | १ | १ | १ | १ | १ |
| ३. | माध्यमिक तहमा लैङ्गिक समता सूचक | ०.८६ | | | | | १ |
| ४. | बालबालिकाको अपाङ्गताको परीक्षण वर्गीकरण र उपयुक्त शिक्षाको प्रबन्ध | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ५. | अपाङ्गतामैत्री विद्यालय सङ्ख्या | ० | ० | ० | १ | १ | १ |
| ६. | छात्रा,दलित,अपाङ्गता भएका तथा विपन्न लक्षित छात्रावृत्ति (जना) | १२५० | १२६० | १२७० | १२८० | १२९० | १३०० |
| ७. | गैरसरकारी संस्थाबिच जवाफदेही सहितको कार्यगत समन्वय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

**(ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/ ८३ | २०८३/ ८४ | २०८४/ ८५ | २०८५/ ८६ | २०८६/ ८७ | जम्मा | |
| १. | बालबालिकाको अपाङ्गताको लेखाजोखा गरी सोका आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | पटक | १ | १ | १ | १ | १ | ५ | हरेक वर्ष अभिलेखिकरण गरिएको हुने |
| २. | विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चित गर्न संयन्त्र स्थापना | ० | १७ | २३ | ३० | ४० | ५४ | ५४ | सम्पूर्ण विद्यालयमा संयन्त्र स्थापना भई सक्रिय भएको हुने |
| ३. | यौनिक, नैतिक समविकास सचेतनामूलक कार्यक्रम सञ्चालन | १ | १ | १ | १ | १ | १ | १ | वार्षिकरूपमा सचेतनामूलक कार्यक्रम सञ्चालन भएको हुने |
| ४. | सिकाइ प्रक्रिया र सामग्रीलाई अपाङ्गमैत्री तथा लैङ्गिक उत्तरदायी बनाउने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सिकाइ प्रक्रिया र सामग्री अपाङ्गमैत्री तथा लैङ्गिक उत्तरदायी भएको हुने |
| ५. | शिक्षा मातृभाषा/ बहुभाषामा पाउने व्यवस्था गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सम्बन्धित समुदायको आवश्यकताको आधारमा व्यवस्था भएको हुने |
| ६. | मातृभाषाका पाठ्यपुस्तक विकास, निर्माण र परिमार्जन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सम्बन्धित समुदायको आवश्यकताको आधारमा व्यवस्था भएको हुने |
| ७. | दुर्गम क्षेत्रका तथा अन्य लक्षित समूहका लागि आवासीय सुविधाको व्यवस्था | सङ्ख्या | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | लक्षित समूहका लागि आवासीय सुविधाको व्यवस्था भएको हुने |
| ८. | विपन्न लक्षित छात्रावृत्ति | सङ्ख्या | २५ | ३० | ३० | ३० | ३० | ३० | निर्दिष्ट छात्रवृत्ति प्राप्त भएको हुने |
| ९. | गुनासो सुन्ने अधिकारीको व्यवस्था | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | सबै विद्यालयमा गुनासो सुनुवाई भएको हुने |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय

नेपालमा सन् १९७४ देखि केही सीमित आधारभूत विद्यालयमा विश्व खाद्य कार्यक्रमको सहयोगमा दिवा खाजा कार्यक्रम प्रारम्भ भएको थियो । यो कार्यक्रम विशेषगरी कर्णाली र सुदूरपश्चिम क्षेत्रमा केन्द्रित रहेकोमा आर्थिक वर्ष २०७७।७८ मा कर्णाली र सुदूरपश्चिमका ८ जिल्लामा निरन्तर सञ्चालित छ । सन् २००८ देखि छनोट गरिएका प्राथमिक विद्यालय तथा समुदायमा प्रारम्भ गरिएको सरकारको नगद अनुदानमा आधारित दिवा खाजा कार्यक्रमलाई विस्तार गरी आर्थिक वर्ष २०७७/७८ मा सामुदायिक विद्यालयमा पूर्व प्राथमिकदेखि कक्षा ५ सम्मका सबै विद्यार्थीलाई दिवाखाजाको व्यवस्था गरिएको छ ।

### ४.४.२ वर्तमान अवस्था

सामुदायिक विद्यालयको प्रारम्भिक कक्षादेखि कक्षा ५ सम्मका विद्यार्थीका लागि संघीय सरकारको ससर्त अनुदानबाट दिवाखाजाका लागि बजेट प्राप्त हुँदै आएको छ । स्थानीय उत्पादनलाई प्रोत्साहन हुने गरी खाद्य सामग्रीको व्यवस्थाका लागि यस पालिकाले पढ्दै कमाउँदै कार्यक्रम केही विद्यालयमा प्रारम्भ भएको छ । विद्यार्थीको स्वास्थ्य तथा सरसफाइका लागि अधिकांश विद्यालयमा स्वच्छ पिउने पानी, शौचालय तथा स्वच्छताका कार्यक्रम सञ्चालन भएको छ ।

सरकारले प्रारम्भिक बालविकास तथा शिक्षादेखि कक्षा ५ सम्मका सार्वजनिक विद्यालयमा अध्यनरत सबै विद्यार्थीका लागि दिवा खाजाको प्रबन्धका लागि बजेट छुट्याएर महत्त्वपूर्ण उपलब्धि हासिल गरेको भए तापनि नीति तथा कानुनी व्यवस्था, वित्तीय पर्याप्तता तथा दिगोपन, कार्यक्रमका लागि उपयुक्त सङ्गठनात्मक व्यवस्था, उपयुक्त कार्यक्रम विकास र कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका क्षेत्रमा विभिन्न चुनौती देखिएका छन् । अझै पनि केही विद्यालयमा स्वच्छ पिउने पानी तथा सरसफाइयुक्त शौचालयको व्यवस्था अपेक्षित रूपमा हुन सकेको छैन ।

### ४.४.३ उद्देश्य

१. बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त तथा रैथाने पौष्टिक दिवाखाजा प्राप्तिको सुनिश्चितता गर्नु,
२. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु,
३. विद्यालयमा प्राथमिक उपचार, सुरक्षा मापदण्ड, नियमित खोप तथा स्वास्थ्य प्रवर्द्धन, आवधिक स्वास्थ्य परीक्षण मनोसामाजिक परामर्श सेवालाई प्रभावकारी बनाउनु ।

### ४.४.४ रणनीति

१. अभ्यासमा रहेको दिवा खाजा कार्यक्रमलाई थप पोषणयुक्त बनाउन स्थानीय उत्पादनमा आधारित खाद्यवस्तुलाई प्राथमिकता दिई विद्यालयलाई आवश्यक पर्ने थप सुविधा विस्तार गर्ने,
२. दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै अभिभावकको संलग्नता तथा संघसस्थाको सहयोगबाट आधारभूत तह ६-८ सम्मका सम्पूर्ण बालाबालिकालाई विद्यालयमा खाजाको प्रबन्ध गर्ने, साथै क्रमश विद्यालय तहका सबै १ देखि १२ कक्षामा खाजाको प्रबन्ध मिलाउने,
३. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध, फोहोर व्यवस्थापन र सुरक्षित तथा हरित घेराबारको व्यवस्था गर्ने,
४. विद्यालयका शिक्षकलाई प्राथमिक उपचार र मनोसामाजिक परामर्श सम्बन्धी तालिम प्रदान गरी क्षमता विकास गर्ने,
५. विद्यालयमा प्राथमिक उपचार किट, बालबालिकाको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा सूक्ष्मपोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने,
६. दिवा खाजासहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनका लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने,

७. दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरवलोकन गरी थप प्रभावकारी बनाउने

८. बालबालिका तथा शिक्षकको स्वास्थ्य प्रवर्धन गर्न मनोसामाजिक परामर्श सेवा, योग ध्यान, खेलकुद तथा सङ्गीत जस्ता क्रियाकलापमा जोड दिने ।

**४.४.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप र लक्ष्य**

**(क) उपलब्धि**

१. पर्याप्त पोषणका साथ बालबालिकाहरू स्वस्थ रूपमा विद्यालयमा सहभागी भएको हुने,

२. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने ।

**(ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १. | प्राथमिक उपचार किट; जुकाका चक्की वितरण गर्ने विद्यालय | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ |
| २. | पिउने पानी तथा स्वच्छता सहितको शौचालय भएका विद्यालय सङ्ख्या | ४० | ४५ | ५० | ५४ | ५४ | ५४ |
| ३. | दिवा खाजा प्राप्त गर्ने कक्षा | बालकक्षा देखि ५ सम्म | बालकक्षा देखि ५ सम्म | बालकक्षा देखि ५ सम्म | बालकक्षा देखि ६ सम्म | बालकक्षा देखि ७ सम्म | बालकक्षा देखि ८ सम्म |
| ४. | त्रैमासिक रूपमा विद्यार्थीको स्वास्थ्य परीक्षण तथा प्राथमिक स्वास्थ्य सेवा प्राप्त गर्ने विद्यालय सङ्ख्या | २० | २५ | ३५ | ४५ | ५४ | ५४ |
| ५. | HPV खोप लगाउने छात्रा प्रतिशत | ९५ | ९५ | ९५ | ९८ | १०० | १०० |

**(ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १. | दिवा खाजाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | सङ्ख्या | ५१ | ५१ | ५१ | ५१ | ५१ | ५१ | सबै सामुदायिक विद्यालयमा प्रबन्ध भएको हुने | |
| २. | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | सङ्ख्या | ५१ | ५१ | ५१ | ५१ | ५१ | ५१ | सबै सामुदायिक विद्यालयमा प्रबन्ध भएको हुने | |
| ३. | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय | सङ्ख्या | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ | सबै विद्यालयमा व्यवस्थापन भएको | |
| ४. | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताका लागि स्यानीटरी प्याडको व्यवस्था | विद्यालय सङ्ख्या | २२ | २२ | २२ | २२ | २२ | २२ | कक्षा ६...१२ अध्ययनरत सबै विद्यालयमा व्यवस्थापन भएको | |
| ५. | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र सूक्ष्मपोषक तत्त्व प्रदायक ट्याबलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान) | सङ्ख्या | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ | सबै विद्यालयमा | |
| ६. | विद्यालयलाई प्राथमिक उपचारको किट व्यवस्थापन | सङ्ख्या | ४० | ४५ | ५० | ५४ | ५५ | ५५ | सबै विद्यालयमा किट व्यवस्थापन भएको हुने | |
| ७. | विद्यालयमा मनोसामाजिक परामर्श सेवा सम्बन्धी क्षमता विकास कार्यक्रम | विद्यालयगत शिक्षक सङ्ख्या | ३ | ५ | ८ | १० | १२ | २३ | शिक्षा तालिम केन्द्र तथा गाउँपालिका मार्फत क्षमता विकास हुने | |
| ८. | विद्यालयमा मनोसामाजिक परामर्श सेवा | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | आवश्यकता अनुसार | |
| ९. | योग ध्यान केन्द्र निर्माण | सङ्ख्या | ० | १ | | १ | १ | ३ | योग ध्यान केन्द्र निर्माण भएको हुने | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/ ८३ | २०८३/ ८४ | २०८४/ ८५ | २०८५/ ८६ | २०८६/ ८७ | जम्मा | | |
| १०. | खुल्ला व्यायामशाला वा बाल उद्यान निर्माण | सङ्ख्या | ० | | १ | | १ | ३ | खुल्ला व्यायामशाला वा बालउद्यान निर्माण भएको हुने | |

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ परिचय

नेपाल सरकारले युद्ध, द्वन्द्व, महामारी वा प्राकृतिक प्रकोपजस्ता आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाहरूको शिक्षा प्राप्त गर्ने हक सुरक्षित गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। आपत्कालीन अवस्थामा दिइने शिक्षाको मुख्य लक्ष्य विभिन्न कारणले उत्पन्न सङ्कटकालीन अवस्थामा बालबालिकालगायत परिवार तथा समुदायको जीवनरक्षा, प्रकोपबाट सिर्जित सङ्कटको व्यवस्थापन, सामाजिक द्वन्द्व तथा हिंसा र दुरूपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । भूकम्प, बाढीपहिरो, हावाहुरी, हिमपात, हिमपहिरो, आगलागी, चट्याङ, खडेरी, अति चिसो वातावरण जस्ता आपतकालीन अवस्थामा सुरक्षा तथा सिकाइको निरन्तरता आवश्यक हुन्छ।

यस अवधारणाअन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपत्कालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको प्रतिकार्य गर्ने र आपत्कालपश्चात् क्षतिको पुनर्लाभ गर्ने कार्यढाँचा समेटिने गरिन्छ।

### ४.५.२ वर्तमान अवस्था

राष्ट्रिय शिक्षा नीति, २०७६ ले विपद्को पूर्वतयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्लाभसम्बन्धी कार्यक्रमलाई विद्यालय सुधार कार्यक्रममा राख्ने कुरा उल्लेख गरेको छ। सुरक्षित सिकाइ वातावरणका लागि भौतिक तथा मानवीय प्रतिकार्यको व्यवस्थापन एवम् कार्यान्वयनका मापदण्ड तयार गर्ने, सरोकारवालाहरूलाई विपद् व्यवस्थापनसम्बन्धी सैद्धान्तिक एवम् व्यवहारिक ज्ञान दिई विद्यालयमा हुन सक्ने हेपाइ, हिंसा, असुरक्षा, भय, त्रास, गाली-बेइज्जती, विभेदलागयतका गैरसंरचनात्मक विपद् तथा जोखिमहरूको न्यूनीकरणका लागि विद्यार्थी, शिक्षक र समुदायका सदस्यहरूको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्दै विद्यालयहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री तथा सुरक्षित, हिंसारहित र भयरहित सिकाइ केन्द्रका रूपमा विकास गरिने उल्लेख गरिएको छ।

कोभिड-१९ लगायत भूकम्पजस्ता विपतका कारण विद्यालय शिक्षामा सिर्जना भएका चुनौतीहरूमा बालबालिकाको सिकाइ क्षतिलाई कम गर्ने, शिक्षकहरूको अभिप्रेरणा र प्रतिबद्धतालाई कायम राख्ने, विभिन्न समूहका लागि उपयुक्त वैकल्पिक सिकाइका माध्यमहरू प्रयोग गरी सिकाइलाई निरन्तरता दिने र सबै तहमा विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक क्षमता विकास गर्ने प्रमुख रहेका छन्। कोभिड-१९ र भूकम्प आदिबाट भएको क्षतिलाई कम गर्न, क्षतिको आपूरण गर्न र शिक्षण सिकाइलाई निरन्तरता दिन शिक्षा क्षेत्रमा ती घटनाबाट परेको प्रभाव एवं सोका कारण विद्यर्थीमा भएको सिकाइ क्षतिको लेखाजोखा गरी आपूरणको योजना निर्माण तथा कार्यान्वयन आवश्यक हुन्छ। यस वाहेक यस पालिका क्षेत्रमा प्रमुखरूपमा बाढी, चट्याङ, पहिरो लगायतका विषयहरू बढी जोखिमपूर्ण रहेको छ।

यस्ता अवस्थामा आइपर्ने प्रमुख चुनौतीहरूमा आपत्कालीन अवस्थामा दिइने शिक्षालाई अन्तर सम्बन्धित विषयका रूपमा वा छुट्टै विधाका रूपमा सम्बोधन गर्ने वा विपत् व्यवस्थापनका लागि छुट्टै योजना बनाउने वा अन्य योजनाको हरेक अवयवमा समावेश गर्ने आदि जस्ता द्विविधा हुन सक्छन्।

यस योजनामा प्राकृतिक प्रकोप मात्र सीमित हुने वा महामारी र सामाजिक तथा राजनीतिक द्वन्द्वले सिर्जना गर्ने अवरोधको समेत सावधानी अपनाउने, योजनालाई अल्पकालीन बनाउने वा दीर्घकालीन बनाउने भन्ने विषय रहेका छन्। यस पालिकाको शिक्षा क्षेत्रमा विभिन्न दैविक प्रकोपले पारेको प्रभाव कम गर्न, क्षतिको आपूरण गर्न र सोका लागि योजनाको निर्माण गर्ने विषय चुनौती रहेको छ।

### ४.५.३ उद्देश्य

१. विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु,
२. सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु,
३. विपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु।

### ४.५.४ रणनीति

१. विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापनासम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार गर्ने,

२. सम्भावित प्रकोप तथा विपत्सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी गराउने,
३. दैवी प्रकोप र महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने,
४. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिन वैकल्पिक उपायहरूको तयारी गर्ने,
५. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने,
६. विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्न स्थानीय स्तरमा समूह (Cluster) निर्माण तथा परिचालन गर्ने,
७. शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने,
८. विपत् व्यवस्थापनका लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने,
९. हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने ।

**४.५.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप र लक्ष्य**

**(क) उपलब्धि**

१. विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुने,
२. सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुने,
३. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुने ।

**(ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १. | बालबालिकालाई आधारभूत जीवन-सिपसहित महामारी तथा विपत् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सङ्ख्या | ० | १७ | १७ | १७ | १७ | १७ |
| २. | हरित विद्यालय सङ्ख्या | ० | २ | ४ | ६ | ८ | १० |
| ३. | जलवायु परिवर्तन तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | ० | २ | २ | २ | २ | १० |
| ४. | सिकाइ क्षति आपूरण तथा द्रुत सिकाइ कार्यक्रम सञ्चालन भएका विद्यालय सङ्ख्या | ५१ | ५१ | ५१ | ५१ | ५१ | ५१ |

**(ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १. | विपद् तथा प्रकोप व्यवस्थापन नीति पुनरवलोकन तथा निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | नीति पुनरावलोकन तथा निर्माण भएको हुने | |
| २. | स्थानीय तह र विद्यालयको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | क्षमता विकास भएको हुने | |
| ३. | विपत् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताका लागि सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | सचेतनामूलक कार्यक्रम सञ्चालन भएको हुने | |
| ४. | विपत, प्रकोप र महामारी व्यवस्थापन सम्बन्धी शिक्षक तथा विव्यस तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | विपत् व्यवस्थापन सम्बन्धी क्षमता विकास भएको हुने | |
| ५. | विपद् प्रतिरोधी विद्यालय सङ्ख्या | सङ्ख्या | ० | ३ | ४ | ४ | ६ | १७ | माध्यमिक तहमा केन्द्रित गरिने | |
| ६. | जोखिम क्षेत्र पहिचान | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | जोखिम क्षेत्र पहिचान भएको हुने | |
| ७. | विद्यार्थीका लागि स्वास्थ्य तथा मनोवैज्ञानिक परामर्श सेवा उपलब्धता | पटक | १ | १ | १ | १ | १ | १ | स्वास्थ्य तथा परामर्श सेवा उपलब्ध भएको हुने | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

शिक्षण सिकाइको लागि सुरक्षित विद्यालय भवन र कक्षाकोठासहित, खेलमैदान, शौचालय तथा सुरक्षित पानी तथा स्वच्छताको सुनिश्चिततताको आवश्यकता पर्दछ । शिक्षा नियमावली, २०५९ ले एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी हुनका लागि प्रारम्भिक बाल शिक्षा तथा विकास र आधारभूत तहका प्रारम्भिक कक्षा (१-५) का लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र आधारभूत तह कक्षा (६-८) तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड तोकेको छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयका साथै विपद् जोखिममा उत्थानशील बनाउने नीतिगत व्यवस्था गरिएको छ। राष्ट्रिय शिक्षा नीतिले आत्मसात् गरेका सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति र हालसम्मको अभ्यास र सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यस योजनामा भौतिक पूर्वाधार विकासको कार्यक्रम तर्जुमा गरिएको छ।

### ४.६.२ वर्तमान अवस्था

यस पालिकामा सञ्चालित ५४ सामुदायिक विद्यालयहरूमध्ये अधिकांश विद्यालयमा समुचित भौतिक सुविधा पुगेका छन् । सुविधा पुगेका विद्यालयमा कक्षाकोठा, कार्यालय कक्ष, पुस्तकालय, प्रयोगशाला कक्ष लगायतका भौतिक सुविधा उपलब्ध छन् । तर अझै पनि केही विद्यालयमा आवश्यकताअनुसार विद्यालय भवन/कक्षाकोठा पुगेका छैनन् । विगतमा बाढी तथा पहिरोबाट १० वटा विद्यालय क्षति भएका छन् । सबै विद्यालयका भवन भूकम्प प्रतिरोधि प्रविधिमा निर्माण भएका छैनन् । आगामी ५ वर्षमा भौतिक सुविधा पूरा नभएका विद्यालयमा भवन कक्षाकोठा फर्निचर जस्ता सुविधा थप गर्नुपर्ने अवस्था रहेको छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले गरेको नीतिगत प्रावधान कार्यान्वयन गर्दा विद्यालयमा तहगत एवम् विद्यार्थी सङ्ख्याका आधारमा बन्नुपर्ने भौतिक पूर्वाधार (शिक्षण सिकाइ कक्ष, कार्यशाला/प्रयोगशाला, पुस्तकालय, अतिरिक्त क्रियाकलाप एवम् खेलकक्ष, विद्यालय सभा हल, मञ्च, बगैँचा, कम्प्युटर कक्ष, शिक्षक कक्ष, प्रधानाध्यापक कक्ष) को आवश्यकता पहिचान गरी पूर्वाधार निर्माणका लागि तीनै तहका सरकारको जिम्मेवारी स्पष्ट पार्नु अर्को चुनौती रहेको छ ।

भवन संहिताअनुरूप विद्यालय भवनहरू निर्माण गर्नुपर्ने विषय अर्को चुनौतीका रूपमा रहेको छ । विद्यालयको भौतिक पूर्वाधार निर्माण पूर्णताको अवधारणाअनुरूप हुन नसक्दा कतिपय विद्यालयहरूका कक्षाकोठा नै आंशिक मात्र बनेका छन् भने कतिपयमा प्रयोगशाला बनाउनु पर्ने तथा जीर्ण शौचालय मरमत वा निर्माण गर्नुपर्ने अवस्था रहेको छ । त्यस्तै खानेपानी तथा सरसफाइका लागि संरचना नबनेका वा उपयुक्त नभएका विद्यालयमा स्वच्छ खानेपानीको प्रबन्ध गर्नुपर्ने, घेराबारा तथा खेल मैदान नभएका विद्यालयहरूमा तिनको निर्माण गर्नुपर्ने र विद्यालयमा रहेका संरचनाहरू समावेशी तथा अपाङ्ता मैत्री नभएका ठाउँमा अपाङ्ता मैत्री बनाउनु पर्ने चुनौती रहेका छन् ।

### ४.६.३ उद्देश्य

१. विद्यालय पूर्वाधारका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु,
२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधाहरू सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत सम्भार तथा सबलीकरण गर्नु,
३. विद्यालयका भौतिक संरचना बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित बनाउनु ।

### ४.६.४ रणनीति

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने,
२. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने प्रयास गर्ने,
३. विद्यालय पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने,
४. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुनर्निर्माण एवम् मर्मत सम्भार गर्ने,

५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीमा आबद्ध गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने,
६. भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकारबिच समन्वय कायम गरी एकद्वार प्रणालीको अपनाउने,
७. विद्यालय भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय, सरकारी एवम् गैरसरकारी तथा समुदायमा आधारित सङ्घसंस्थाको परिचालन गरी साझेदारीमा निर्माण कार्य गर्ने,
८. एक भौतिक सुविधा सम्पन्न विद्यालयका लागि आवश्यक पूर्वाधारहरू जस्तैः कक्षाकोठा, कार्यालय, पुस्तकालय, प्रयोगशाला, छात्रावास, शौचालय, चमेना गृह, खेलकुद मैदान, सभा हल, प्रार्थना मन्दिर, सङ्गीत तथा कला कक्ष आदि प्राथमिकताका आधारमा निर्माण गर्दै जाने,
९. मर्मत सम्भार कोष निर्माण गरी विद्यालयलाई आवश्यकताका आधारमा मर्मत सम्भारका लागि अनुदानको व्यवस्था गर्ने ।

### ४.६.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप र लक्ष्य

**(क) उपलब्धि**

१. विद्यालय पूर्वाधारका लागि आवश्यक मापदण्ड विकास भई व्यवहारमा कार्यान्वयन भएको हुने,
२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक भौतिक संरचना बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षितरूपमा बनेका हुने ।

**(ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १. | भूकम्प प्रतिरोधी विद्यालय | ३० | साझेदारी संस्थाका सहयोगमा आवश्यकता अनुसार निर्माण गर्ने | | | | |
| २. | नयाँ निर्माण भएका कक्षाकोठा सङ्ख्या | ५० | साझेदारी संस्थाका सहयोगमा आवश्यकता अनुसार निर्माण गर्ने | | | | |
| ३. | सबलीकरण भएका कक्षाकोठा सङ्ख्या | ० | १ | २ | २ | १ | २ |
| ४. | नयाँ निर्माण भएका शौचालय सङ्ख्या | ५ | आवश्यकता अनुसार निर्माण गर्ने | | | | |
| ५. | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य भएका विद्यालय सङ्ख्या | १० | आवश्यकता अनुसार कार्य गर्ने | | | | |

**(ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/ ८३ | २०८३/ ८४ | २०८४/ ८५ | २०८५/ ८६ | २०८६/ ८७ | जम्मा | | |
| १ | विद्यालय भवन निर्माण | पटक | लागत साझेदारी संस्थाका सहयोगमा आवश्यकता अनुसार निर्माण गर्ने | | | | | | | |
| २ | विद्यालयको सबलीकरण | सङ्ख्या | ० | १ | २ | २ | १ | २ | | |
| ३ | विद्यालयमा बनेका संरचनाको सम्वर्द्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापनसमेत | विद्यालय सङ्ख्या | २ | २ | २ | २ | २ | १० | आवश्यकता बमोजिम गर्ने | |
| ४ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | विद्यालय सङ्ख्या | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ | सबै विद्यालयमा भएको | |
| ६ | आवासीय छात्रावास निर्माण | विद्यालय | १ | | | | | १ | विरेठाँटी मा वि | |
| ७ | विज्ञ समूहमार्फत् स्थलगत अनुगमनमा विनियोजित रकमको कार्यान्वयन र मूल्याङ्कन | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | सबै विद्यालयको अनुगमन भएको हुने | |

## ४.७ शिक्षामा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न र शैक्षिक व्यवस्थापनमा सुधार गरी सुशासन कायम गर्न सहयोग पुग्दछ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याई यसको प्रयोगमा भएको विभेद (डिजिटल डिभाइड) कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइमा सुधार गर्ने, सबैका लागि शिक्षामा समतामूलक पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सहयोग पुऱ्याउँदछ (शिक्षा मन्त्रालय, २०१३)। शिक्षामा सूचना तथा सञ्चार प्रविधि गुरु योजना, २०१३ ले चार ओटा प्राथमिकताका क्षेत्रहरू: (क) सूचना तथा सञ्चारका लागि संरचना (जडान, सामग्री, तथ्याङ्क) निर्माण (ख) मानव संशाधनको विकास (ग) डिजिटल सामग्रीको विकास र (घ) शिक्षण विधि र व्यवस्थापनको सुधार, पहिचान गरेको छ। उक्त गुरु योजनाले यी चार ओटा क्षेत्रका रणनीति, क्रियाकलाप र लक्ष्यहरू निर्धारण गरेको छ। यी क्षेत्रहरू हालको परिस्थितिमा पनि उत्तिकै सान्दर्भिक रहेकाले वर्तमानको आवश्यकता अनुकूल रणनीति, क्रियाकलाप तथा लक्ष्यहरू अद्यावधिक तथा परिमार्जन गरी यस योजनामा समावेश गरिएको छ ।

कोभिड-१९ को महामारीले विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ। सूचना तथा सञ्चार प्रविधिले विभिन्न प्रकारका विपद् तथा महामारीमा पनि शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा महत्त्वपूर्ण सहयोग गर्न सक्दछ। सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी सिकाइ (अनलाईन र अफलाइनसमेत) लाई निरन्तरता दिने प्रयत्नहरू गरिए तापनि पर्याप्त क्षमता तथा संरचनाको अभावले सबैलाई समेट्न सकिएको छैन। यस्तो अवस्थामा सबैका लागि सहज पहुँच पुग्ने गरी शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास गर्नु आवश्यक भएको छ ।

### ४.७.२ वर्तमान अवस्था

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगसम्बन्धी कतिपय नीति तथा कार्यक्रमहरू सञ्चालन गरिएका छन् । विद्युत र कम्प्युटरमा पहुँच, इन्टरनेट कनेक्टिभिटी, डिजिटल सिकाइ सामग्रीको विकास तथा ती सामग्रीमा पहुँच, शिक्षकको क्षमता समेतका आधारमा मानव संशाधनको विकास र शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिसहित सूचना तथा सञ्चार प्रविधिको संरचनामा केही प्रगति भएको भए तापनि सुधारहरू आवश्यक छन् ।

विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधारको विकासमा वर्षैपिच्छे सुधार हुँदै गएको र धैरैजसो माध्यमिक विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार भए तापनि यी सुविधाहरू पर्याप्त छैनन् र ज्यादै कम विद्यालयले मात्र शिक्षण सिकाइमा प्रयोग गर्ने गरेका छन् । कतिपय विद्यालयहरूले विभिन्न व्यक्ति तथा सङ्घसंस्थाबाट पनि यस्ता सूचना तथा सञ्चार प्रविधिसम्बन्धी उपकरण प्राप्त गर्ने गरेका छन् ।

शैक्षिक तथ्याङ्क २०८२ को प्रतिवेदन अनुसार यस पालिकामा सञ्चालित ५४ वटै विद्यालयमा विद्युत सुबिधा पुगेको छ । १७ विद्यालयमा कम्प्युटर ल्यावको व्यवस्था रहेको छ भने ५४ विद्यालयमा इन्टरनेट जडान गरिएको छ । इन्टरनेट जडान भए तापनि चट्टयाङ बढी पर्ने हुनाले वर्षातको समयमा इन्टरनेट अवरोध हुने समस्या रहेको छ । इन्टरनेट जडानसहित कम्प्युटर ल्याव स्थापना भएका विद्यालयमा डिजिटल सिकाइ सामग्रीको व्यवस्था, कम्प्युटरसम्बन्धी ज्ञान भएका शिक्षकहरूको कमी तथा शिक्षण सिकाइमा प्रविधिको प्रयोगको अवस्था कमजोरीका रूपमा रहेको छ । सबै शिक्षकहरूलाई कम्प्युटरसम्बन्धी ज्ञान, सिप प्रदान गर्नु, नियमित विद्युत आपूर्ति तथा कक्षाकोठामा प्रविधिको प्रयोगलाई प्रभावकारी बनाउने कार्य चुनौतीपूर्ण रहेको छ ।

### ४.७.३ उद्देश्य

यस योजनाले शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी कार्यक्रमका निम्नलिखित उद्देश्यहरू लिएको छ :

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुऱ्याउनु
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी क्षमता विकास गर्नु
३. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु

### ४.७.४ रणनीति

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने,
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्बन्धमा सबै शिक्षकको क्षमता अभिवृद्धि गर्ने,
३. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,
४. शैक्षिक स्रोत सामग्रीमा इन्टरनेटको सुविधामार्फत विद्यालय, शिक्षक र विद्यार्थीको पहुँच विस्तार गर्ने,
५. कम्प्युटर ल्याव तथा डिजिटल पुस्तकालयको माध्यमबाट दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृश्य तथा श्रव्य सामग्रीको उचित प्रबन्ध र प्रयोग गर्ने ।

**४.७.५ उपलब्धि, प्रमुख क्रियाकलाप, नतिजा र लक्ष्य**

**(क) उपलब्धि**

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढङ्गबाट सिकाइमा सहजीकरण भएको हुने,
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुने ।

**(ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १. | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ |
| २. | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | २२ | २५ | ३० | ३५ | ४० | ४५ |
| ३. | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | १७ | २० | २२ | २४ | २६ | ३० |
| ४. | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | ४२ | ४५ | ५४ | ५४ | ५४ | ५४ |
| ५. | विद्युत्को पहुँच पुगेका विद्यालय सङ्ख्या | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ |

(ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | विद्यालयमा ICT संरचना विस्तार भएको हुने | |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | प्रत्येक विद्यालयमा Internet Connectivity भएको हुने | |
| ३ | शिक्षकको ICT सम्बन्धी क्षमता विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | शिक्षकको ICT सम्बन्धी क्षमता विकास भएको हुने | |
| ४ | IEMIS व्यवस्थापन र सत्यापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | नियमित IEMIS व्यवस्थापन र सत्यापन भएको हुने | |
| ५ | विद्यालयमा इ हाजिरी व्यवस्थापन | वटा | १७ | २३ | ३५ | ४५ | ५४ | ५४ | सबै विद्यालयमा इ हाजिरी व्यवस्थापनभएको हुने | |
| ६ | कम्प्यूटर प्रिन्टर मर्मत | वटा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | आवश्यकता बमोजिम मर्मत भएको हुने | |

## ४.८ युवा, खेलकुद तथा अतिरिक्त क्रियाकलाप

### ४.८.१ परिचय

बाल्यकाल पछाडि र प्रौढ अगाडिको जीवनकाल युवा अवस्था हो । यो जीवनको सबैभन्दा उर्जाशील सिर्जनशील र सक्रिय उमेर हो । सामान्यतया १६-४० वर्षको उमेर अवधि यसअन्तर्गत पर्दछ । समाज विकासको भूमिकामा रहने युवाहरू नयाँ सोच र परिवर्तनका संवाहक हुन् । युवा शक्तिलाई सक्षम र क्रियाशील बनाउन स्थानीय सरकारको दायित्वभित्र पर्दछ । त्यसैगरी विद्यालय तहमा पूर्ववाल्यावस्था देखि किशोरावस्थासम्मको बालबालिकाको उमेर समूह रहने गर्दछन् । यो उमेर उनीहरूको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकासको सबैभन्दा महत्त्वपूर्ण समय हो । विद्यालय तहमा खेलकुदको माध्यमबाट बालबालिकाको उज्जवल भविष्य निर्धारण गर्न सकिन्छ । स्वस्थ्य शरीरमा स्वस्थ्य दिमाग हुन्छ भने स्वस्थ्य दिमागले सिकाइमा मदत गर्दछ । त्यसैले शैक्षिक विकासका लागि पनि बालबालिका खेलकुदमा सहभागी हुनुपर्दछ । खेलकुदको माध्यमबाट बालबालिकालाई सामाजिकीकरण गराउन र जीवनपयोगी सिप विकास गराउन सकिने हुँदा विद्यालय तहमा यो अपरिहार्य छ । त्यसैगरी बालबालिकामा सिर्जनशीलता, समसामायिक ज्ञान तथा पाठ्यक्रमले तोकेका सक्षमता हासिल गर्न विभिन्न अतिरिक्त क्रियाकलापहरूमा पनि सहभागिता सुनिश्चित गर्नुपर्दछ । युवा तथा बालबालिकाको सर्वाङ्गीण विकासका लागि खेलकुद तथा अतिरिक्त क्रियाकलाप नियमित र निरन्तर रूपमा विद्यालय तथा समुदायमा सञ्चालन गर्न तीनै तहका सरकार र समुदायको अहम् भूमिका रहन्छ ।

### ४.८.२ वर्तमान अवस्था

युवा र खेलकुदको समानुपातिक विकासको लक्ष्य पूरा गर्न यस गाउँपालिकाले विभिन्न युवा लक्षित कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । यस कार्यक्रमअन्तर्गत युवा क्लब, खेलकुद विकास समिति गठन, खेलकुद सदस्य सचिवको नियुक्ति, खेलकुद ऐकाडेमी गठन तथा तालिम सञ्चालन गर्न प्रोत्साहन गर्ने र आवश्यकता अनुसार उक्त सङ्गठनहरूलाई आर्थिक तथा नैतिक सहयोग समर्थन गर्दै आइरहेको छ ।

विभिन्न युवा क्लब तथा खेलकुद समितिले सञ्चालन गरेको खेलकुद प्रतियोगिताहरू र मेलाहरूमा आर्थिक सहयोग गर्दै आएको छ । वार्षिक रूपमा खेलकुद तथा अतिरिक्त क्रियाकलाप अनिवार्यरूपमा सञ्चालन गर्न पालिकामार्फत् तयार गरिएको शैक्षिक क्यालेण्डरमा वार्षिक योजना समावेश गर्ने गरेको छ । पालिकाले वार्षिकरूपमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको आयोजना गरी एथ्लेटिक्स तथा अन्य खेलहरूको विकासमा योगदान गर्दै आएको छ । त्यसैगरी अध्यक्ष कप खेलकुदअन्तर्गत फुटबल प्रतियोगिता, भलिबल प्रतियोगिता, बास्केटबल प्रतियोगिता जस्ता कार्यक्रमहरू सञ्चालन हुँदै आइरहेका छन् । अन्नपूर्ण गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाले आधारभूत र माध्यमिक तहका लागि विभिन्न सह तथा अतिरिक्त क्रियाकलापको आयोजना साविक गा वि स अन्तर्गतका विद्यालयहरूबिच र समग्र पालिकाअन्तर्गतका विद्यालयहरूबिच प्रतियोगिताहरू गराई विद्यार्थीको सर्वाङ्गीण विकास गर्न विद्यालयलाई उत्साहित गरेको छ । विद्यालयहरूमा जु.रे.स, यु.रे.स,बालक्लब, इको क्लब, स्काउट जस्ता सामाजिकीकरणको अभ्यास गराउने संस्था गठन गरी सक्रिय तुल्याउने गरिएको छ । तथापि प्रशिक्षक व्यवस्थापन, खेलाडीको क्षमता विकास र खेल सञ्चालन गर्न अपर्याप्त साधन स्रोतले चनौती सिर्जना गरेको छ ।

### ४.८.३ उद्देश्य

१. समुदाय तथा विद्यालयमा नियमित खेलकुद र अतिरिक्त क्रियाकलापको आयोजना गरी युवा तथा विद्यार्थीको सर्वाङ्गीण विकास, अन्तर्निहित प्रतिभाको पहिचान र प्रस्फुटनको अवसर प्रदान गर्ने,

२. युवा तथा विद्यार्थीमा सिर्जनशीलता, अनुशासन, नेतृत्वसिप, सहभागिता तथा स्वस्थ्य प्रतिस्पर्धात्मक भावनाको विकास गरी स्वस्थ्य र सक्षम जनशक्ति निर्माण गर्ने,

३. राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्ने खेलाडी उत्पादन गर्ने ।

### ४.८.४ रणनीति

१. विभिन्न खेलकुद विकासका लागि खेलकुद विकास समिति, खेलकुद एकाडेमी र खेलकुद क्लबको स्थापना र विकास गर्ने,

२. समुदाय र विद्यालयमा नियमित खेलकुद र अतिरिक्त/सहक्रियाकलाप सञ्चालन गर्न वार्षिकरूपमा विद्यालय र पालिकास्तरमा योजना निर्माण र कार्यान्वयन गर्ने,

३. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन कार्यविधि अनुसारका खेलकुदहरूको वार्षिक प्रतिस्पर्धा गराई जिल्ला, प्रदेश र राष्ट्रियस्तरमा उत्कृष्ट नतिजा ल्याउन प्रयास गर्ने,
४. स्थानीय खेलकुद क्लब, खेलकुद एकाडेमी तथा विभिन्न खेल विकास समिति सँग सहकार्य र समन्वय गरी खेलकुद प्रशिक्षण कार्यक्रमको आयोजना गर्ने,
५. खेलकुद क्लब र विद्यालयलाई खेलकुद सामाग्री र खेलकुद पूर्वाधार विकासका लागि सहयोग गर्ने,
६. खेल तथा अतिरिक्त क्रियाकलापमा जिल्ला प्रदेश र राष्ट्रिय स्तरका प्रतिस्पर्धामा अब्बलता प्रदर्शन गर्न सक्ने युवा तथा विद्यार्थी लक्षित कार्यक्रम तय गरी कार्यान्वयन गर्ने,
७. युवाको क्षमता विकास गर्न विभिन्न सिपमूलक र सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,
८. विद्यालयमा बालक्लब, स्काउट, यु.रे.स, जु.रे.स., खेलकुद क्लब, साहित्यिक तथा सांस्कृतिक समूह गठन तथा क्षमता विकास गरी विभिन्न खेलकुद तथा सामाजिक सांस्कृतिक गतिविधिका कार्यक्रम सञ्चालन गर्ने,
९. विद्यालयमा बुक फ्री फ्राइडे कार्यक्रम लागु गर्ने ।

**४.८.५ उपलब्धि, प्रमुख क्रियाकलाप, नतिजा र लक्ष्य**

**(क) उपलब्धि**

१. खेलकुद विकास समिति, खेलकुद एकाडेमी र खेलकुद क्लबको स्थापना र विकास भएको हुने,
२. युवा तथा विद्यार्थीको सर्वाङ्गीण विकास र प्रतिभा पहिचान भई व्यवसायिक रूपमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन भएको हुने ।
३. युवा तथा विद्यार्थीको खेल लगायतका विभिन्न सामाजिक सांस्कृतिक गतिविधिमा सक्रिय सहभागिता वृद्धि भएको हुने,
४. समुदाय तथा विद्यालयमा युवा तथा खेलकुद सम्बन्धी सामाजिक इकाइको गठन भई क्रियाशील भएको हुने,
५ बुक फ्री फ्राइडे कार्यक्रम कार्यान्वयन भएको हुने ।

**(ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/ ८३ | २०८३/ ८४ | २०८४/ ८५ | २०८५/ ८६ | २०८६/ ८७ |
|---|---|---|---|---|---|---|---|
| १. | विभिन्न खेलका खेलकुद संघ र समिति गठन | ८ | ११ | १३ | १५ | १७ | १९ |
| २ | पालिकास्तरीय खेलकुद विकास समिति | १ | १ | १ | १ | १ | १ |
| ३. | युवा क्षमता विकास तालिम (पटक) | ० | ० | १ | १ | १ | १ |
| ४. | खेल तथा अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्ययोजना निर्माण (पटक) | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ५. | बुक फ्री फ्राइडे कार्यक्रम लागु भएका विद्यालय सङ्ख्या | कार्ययोजना तयार गरी माग र आवश्यकताका आधारमा सहयोग गर्ने कार्यान्वयन गर्ने | | | | | |
| ६. | खेलकुद इकाइ अभिलेखीकरण | खेलकुद विकास समिति, युवा क्लब, खेलकुद एकाडेमीको विवरण अद्यावधिक गरिने | | | | | |

(ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | | |
| १. | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | पटक | २ | २ | २ | २ | २ | १० | १० | पालिकास्तर रनिङ शिल्ड प्रतियोगिता भएको हुने |
| २. | युवा तथा विद्यार्थीको प्रतिभा पहिचान कार्यक्रम | पटक | २ | २ | २ | २ | २ | १० | १० | युवा तथा विद्यार्थीको प्रतिभा पहिचान कार्यक्रम सञ्चालन भएको हुने |
| ३. | विद्यालयमा खेल तथा अतिरिक्त क्रियाकलाप सम्बन्धी सामाजिक इकाइ गठन | विद्यालय | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ | सबै विद्यालयमा गठन भई सक्रिय भएको हुने |
| ४.. | विद्यालय खेलकुद विकास समिति तथा युवा क्लबलाई खेलकुद सामाग्री, खेल पूर्वाधार विकास र खेलकुद सञ्चालनका लागि सहयोग | सङ्ख्या | माग र आवश्यकताका आधारमा सहयोग गर्ने | | | | | | | विभिन्न प्रकारका सहयोग भएको हुने |
| ५. | अतिरिक्त क्रियाकलाप सञ्चालन | पटक | १० | १० | १० | १० | १० | ५० | ५० | साविक गाविसस्तर र पालिकास्तरमा अतिरिक्त क्रियाकलाप सञ्चालन भएको हुने |

# परिच्छेद पाँच: सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो सार्वजनिक सेवालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ। सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्व, जिम्मेवारी बोध, पारदर्शिता, जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्य प्राप्तिमा सहयोग पुर्याउन तयार गरिएका संरचना तथा प्रक्रियाहरू जनाउँछ। सुशासनको प्रत्याभूतिका लागि सहभागिता र सहमतिमा निर्णयन तथा कार्यान्वयन गर्ने, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्ने, कार्यसम्पादनमा प्राथमिकता दिन, उत्तरदायित्व वहन गर्ने, प्रभावकारी ढङ्गले कार्यकुशलता कायम गर्ने, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता प्रदर्शन गर्न समुचित संरचना तथा कार्य प्रक्रिया व्यवस्थित गरिनुपर्छ। शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकायको भूमिका महत्त्वपूर्ण रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ।

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ। विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारीसहितको व्यवस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्न आवश्यक हुन्छ। यस परिच्छेदमा सुशासन तथा व्यवस्थापनअन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याङ्कन जस्ता क्षेत्र समावेश गरिएको छ।

## ५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता

### ५.१.१ परिचय

नेपालको शिक्षा क्षेत्रको वर्तमान सस्थागत संरचना संघीय स्वरूपमा तीनै तहमा प्रवाह गरी व्यवस्थापन गरिएको छ। बदलिदो परिवेशअनुसार शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय सरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व; शिक्षामा भएको सङ्ख्यात्मक विस्तार; ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्न आवश्यक देखिएको छ।

योजना कार्यान्वयनका लागि गाउँ कार्यपालिका, गाउँसभा, गाउँ शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, विद्यालय, नागरिक समाज जस्ता मुख्य संयन्त्रका रूपमा रहेका छन्। शिक्षा योजनामा उल्लेख नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सरोकारवालाको क्षमता विकास हुन जरुरी हुन्छ। त्यसका लागि सहभागितामूलक योजना निर्माण, सुझाव सङ्कलन र प्रबोधीकरणमार्फत् कार्यान्वयन संयन्त्रको क्षमता विकास गर्न आवश्यक हुन्छ। योजनामा उल्लिखित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि सरोकारवाला संयन्त्रको क्षमता विकास गर्न आवश्यक छ।

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारको व्यवस्था गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ जम्मा स्थानीय तहका २३ वटा अधिकारहरूको व्यवस्था गरेको छ। उक्त अधिकारको कार्यान्वयनमा सहज तुल्याउन विभिन्न ऐन र कानुनमार्फत स्थानीय तहका अधिकार र दायित्वलाई स्पष्ट पारिएको छ।

नेपालमा शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनातर्फ दृष्टिगोचर गर्दा सङ्घमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। सोअन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन्। त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग पनि क्रियाशील छन्। साविकमा शैक्षिक जनशक्ति विकास अन्तर्गत रहेका २९ शैक्षिक तालिम केन्द्रमध्ये ७ वटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन्।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐन बमोजिम तोकिएका २३ वटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा समन्वय र सहजीकरण गर्ने शिक्षा विकास तथा समन्वय इकाइ राखिएको छ। प्रत्येक स्थानीय तहमा शिक्षा युवा तथा खेलकुद महाशाखा / शाखाको व्यवस्था गरिएको छ। त्यसका अतिरिक्त स्थानीय स्तरमा गाउँ शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ जस्ता संयन्त्रको व्यवस्था गरिएको छ।

## ५.१.२ वर्तमान अवस्था

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले शिक्षासम्बन्धी २३ वटा अधिकारहरू तोकेको छ । पालिका, प्रदेश र संघीय तहसँग समन्वय गर्न जिल्ला तहमा शिक्षा विकास तथा समन्वय एकाइ राखिएको छ । प्रदेश सरकारहरूले प्रदेश स्तरका सेवा प्रवाह गर्न शिक्षा विकास निर्देशशनालयका कतिपय प्रदेशले प्रदेशअन्तर्गत डिभिजन कार्यालयका रूपमा जिल्लास्तरमा कार्यालय स्थापना गरेका छन् ।

पालिकास्तरमा शिक्षा सम्बद्ध पर्याप्त जनशक्ति नहुँदाविगतमा  विद्यालय निरीक्षक र स्रोत व्यक्तिले प्रदान गर्दै आएका सेवा निरन्तर हुन नसकेकोले विद्यालयहरूमा सुपरिवेक्षण र शिक्षक पेसागत सहयोग पद्धतिको अभाव खड्केको छ। यसका लागि यस विद्यालय शिक्षा क्षेत्र योजनाले वैकल्पिक शिक्षक पेसागत सहयोग तथा सुपरिवेक्षणका लागि अल्पकालीन तथा दीर्घकालीन संयन्त्र बनाउने प्रस्ताव गरेको छ । शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारीको व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक श्रेस्ता र अभलेखको अभिलेखीकरण गर्ने कार्यमा भएको शिक्षा सेवाका कर्मचारी व्यस्त रहँदा शैक्षिक सुशासन अपेक्षाकृत रूपमा व्यवस्थित बन्न सकेको छैन ।

सरकारका तीनै तहहरूबिच सहजीकरण र समन्वयका पक्षमा सुधार गरी विद्यार्थीको नतिजाप्रतिको जवाफदेहितामा सुधार गर्नु आवश्यक छ । प्रत्येक तहका सरकारले साझा लक्ष्य हासिल गर्न आ-आफ्ना भिन्नभिन्न विशेषता र क्षमतालाई सम्बोधन गर्ने किसिमको संस्थागत व्यवस्था, क्षमता विकास र सोअनुसार कार्यान्वयन गर्ने परिपाटी र संस्कृतिको विकास गर्न आवश्यक छ । सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ कार्यकारी समितिका रूपमा रहेका छन् । सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एकएक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ । विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक अधिकांश विद्यालयमा नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रूपमा बस्न सकेको पाइँदैन । सबै विद्यालयहरूले प्रचलित कानुनी प्रावधान अनुसार सामाजिक परीक्षण र लेखा परीक्षण गर्ने गरिएको भए पनि यसमा महालेखा परीक्षकबाट लेखा परीक्षण हुन सकेको पाइँदैन ।

साबिकका जिल्ला शिक्षा कार्यालयहरू शिक्षा विकास तथा समन्वय एकाइमा रुपान्तरण भएका छन् । यिनले सङ्घीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मातहतमा रही काम गर्छन् । स्थानीय तहमा शिक्षा शाखा रहने व्यवस्था छ । स्थानीय तहको शिक्षा शाखामा शिक्षा सेवाको सीमित मात्रामा कर्मचारीको दरबन्दी निर्धारण गरी पदस्थापन गरिएको छ । यस स्थानीय तहको शिक्षा शाखामा दुई वटा दरबन्दी रहेको छ, जुन पर्याप्त छैन । सङ्घीयताका सन्दर्भमा शिक्षा प्रशासन तथा व्यवस्थापनलाई प्रभावकारी, सक्षम तथा नतिजामुखी बनाउनका लागि तर्तमान संरचना, कार्य विभाजन तथा क्षमताको पुनरावलोकन गर्न आवश्यक छ ।

## ५.१.३ उद्देश्य

१. विद्यालय तथा शैक्षिक निकायमा नियमितता र विधिको शासन, पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व सुनिश्चित गर्नु,
२. शिक्षा प्रशासन, योजना कार्यान्वयन र अनुगमन प्रणाली प्रभावकारी सक्षम र नतिजामुखी बनाउनु,
३. आवश्यक स्रोत साधनको उचित र न्यायोचित व्यवस्थापन गर्नु,
४. शैक्षिक नतिजाप्रति जबाफदेही बनाउन विद्यालयका सबै सरोकारवालाहरूलाई सक्षम बनाउनु ।

## ५.१.४ रणनीति

१. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति नियम तर्जुमा गरी व्यावहारिक र प्रयोगात्मक शिक्षण सिकाइमा जोड दिने,
२. संस्थागत संरचनाअनुसार आवश्यक जनशक्तिको व्यवस्था गरी क्षमता विकास गर्ने,
३. नियमानुसार नियमित सुपरिवेक्षण, मूल्याङ्कन प्रतिवेदन, सामाजिक परीक्षण, लेखापरीक्षण र सार्वजनिक सुनुवाईलाई नियमित र व्यवस्थित गरी पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व सुनिश्चित गर्ने,
४. प्रधानाध्यापक, विद्यालय कर्मचारी, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ समितिलाई थप जिम्मेवार बनाउन क्षमता विकास गर्ने,
५. कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्यसम्पादन गर्न आवश्यक स्रोत साधनहरूको व्यवस्थापन गर्ने ।

## ५.१.५ उपलब्धि, प्रमुख क्रियाकलाप, नतिजा र लक्ष्य

**(क) उपलब्धि**

१. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुने
२. स्थानीय तहमा आवश्यक पर्ने नीति, नियम, संरचनासहित जनशक्तिको व्यवस्थापन भएको हुने,
३. स्थानीय तहका साथै विद्रयालय तहसम्मको संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुने,
४. आवश्यक स्रोत साधनको व्यवस्थापन भई प्रभावकारी रूपमा कार्यसम्पादन भएको हुने,
५. विद्यालय र शिक्षा युवा तथा खेलकुद शाखामा सुशासनका सूचाङ्कहरू स्पष्ट देखिएका हुने ।

**(ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १. | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | ६ | २ | २ | २ | २ | ३ |
| २. | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | ६ | २ | २ | २ | २ | ३ |
| ३. | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ |
| ४. | विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ सक्रिय भएका विद्यालय सङ्ख्या | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ |
| ५. | प्रचलित कानुनमा व्यवस्था भएबमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या | | नियमानुसार सबै विद्यालयमा नियुक्तिका लागि पहल गरिने | | | | |
| ६. | संस्थागत क्षमता विकास कार्यक्रम सञ्चालन | १ | १ | १ | १ | १ | १ |
| ७. | समयमै शैक्षिक तथ्याङ्क भर्ने विद्यालय सङ्ख्या | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ |

**(ग) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/ ८३ | २०८३/ ८४ | २०८४/ ८५ | २०८५/ ८६ | २०८६/ ८७ | जम्मा | |
| १. | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास | सङ्ख्या | आवश्यकता बमोजिम | | | | | | कानुनी प्रबन्ध तथा मापदण्ड उपलव्ध भएको हुने |
| २. | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | सङ्ख्या | नियमानुसार संरचना निर्माण भई आवश्यकता बमोजिम क्षमता विकास हुने | | | | | | संरचना निर्माण तथा क्षमता विकास भएको हुने |
| ३. | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | सङ्ख्या | ५४ | ५४ | ५४ | ५४ | ५४ | ५४ | सूचना तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण भएको हुने |
| ४. | प्रधानाध्यापकलाई कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | सङ्ख्या | | १७ | ५१ | ५१ | ५१ | ५१ | मा.वि. तहमा पूरा भई क्रमश सबै विद्यालयमा लागु भएको हुने |
| ५. | विद्यालय कार्यसम्पादनका आधारमा अनुदान वितरण | सङ्खया | २ | २ | २ | २ | २ | १० | नियमानुसार वितरण गरिएको हुने |
| ६. | पदाधिकारीहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | क्षमता विकास भएको हुने |
| ७. | प्रधानाध्यापक बैठक | सङ्ख्या | ५४ | ५४ | ५४ | ५४ | ५४ | | नियमानुसार व्यवस्थापन गरिएको हुने |
| ८. | विद्यालय कर्मचारी मूल्याङ्कन र प्रोत्साहन | पटक | १ | १ | १ | १ | १ | ५ | हरेक वर्ष प्रोत्साहन गरिएको हुने |
| ९ | अनुगमन मूल्याङ्कन र प्रोत्साहन | | निरन्तर | | | | | निरन्तर | निरन्तर अनुगमन मूल्याङ्कन भएको हुने |
| १० | सार्वजनिक सुनुवाइ र सुझाव सङ्कलन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | चौमासिकरूपमा सार्जनिक सुनुवाइ भएको हुने |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/ ८३ | २०८३/ ८४ | २०८४/ ८५ | २०८५/ ८६ | २०८६/ ८७ | जम्मा | |
| ११ | अभिभावक शिक्षा कार्यशाला | पटक | १ | १ | १ | १ | १ | ५ | अभिभावकलाई सचेत गराईनेछ |
| १२ | योग ध्यान शिविर सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | सरोकारवालाहरूलाई योग ध्यानमा सरिक गराई अनुशासित बन्न सहयोग पुगेको हुने |
| १३ | विद्यालयमा नागरिक वडापत्र | पटक | | | | | | | हरेक विद्यालयमा नागरिक वडापत्र हुनेछ |
| १४ | वडा शिक्षा समिति बैठक | पटक | | | | | | | नियमानुसार बैठक बसेको हुने |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

यस योजनाले प्रस्ताव गरेका उद्देश्य तथा लक्ष्यहरूलाई नतिजा र उपलब्धिमा रूपान्तरण गर्न कार्यान्वयनको उपयुक्त र सबल संरचनात्मक प्रबन्ध आवश्यक हुन्छ। योजनाको कार्यान्वयन प्रबन्धअन्तर्गत आवश्यक सङ्गठन तथा संरचना, जनशक्ति, नीति, कानुन तथा मापदण्ड र जिम्मेवारीसहितको उत्तरदायित्व बहन गर्ने संरचना आवश्यक पर्दछन्। यसअन्तर्गत वार्षिक योजना तथा बजेट तर्जुमाको संयन्त्र, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन पर्दछन्।

### ५.२.२ वर्तमान अवस्था

स्थानीय तहमा शिक्षा विभाग, महाशाखा वा शाखामार्फत् शिक्षासम्बन्धी कार्यहरू भइरहेका छन्। स्थानीय तहका शिक्षा शाखाहरूले सम्बन्धित तहअन्तर्गत विद्यालयस्तरीय शिक्षा योजना निर्माण, कार्यक्रम कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्दछन्। प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ रहनुका साथै शिक्षकमध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ।

स्थानीय तहलाई विद्यालय शिक्षाका सवालहरूमा प्राविधिक सहायता र सहयोग उपलब्ध गराउने र प्रादेशिक तथा सङ्घीय सरकारहरूले स्थानीय तहहरूसँग शिक्षाका विभिन्न विषयहरूमा साझेदारी तथा समन्वयका प्रयास हुने गरेका छन्। स्थानीय तहले शिक्षा क्षेत्र विकासका लागि आवधिक योजना तयार गर्ने, सङ्घीय तथा प्रदेश तहबाट प्राप्त ससर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने, योजना कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, मापदण्ड तथा निर्देशिका विकास गर्ने, शिक्षा शाखाको क्षमता सुदृढ गरी कार्यक्रम कार्यान्वयनका लागि सरोकारवालाहरू संलग्न रहेको विभिन्न समितिहरू निर्माण गर्ने कार्यहरू भइरहेका छन्। साथै शिक्षण सिकाइमा आवश्यक सहयोग आदानप्रदानका लागि स्थानीयस्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने, विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने कार्य हुँदै आएको छ।

विद्यालय सुधार योजना बनाई वार्षिकरूपमा अद्यावधिक गर्ने, स्थानीय तहबाट प्राप्त बजेट तथा आफ्नै स्रोतका बजेट प्रयोग गरी विद्यालय व्यवस्थापन समितिले वार्षिक कार्यक्रम तथा बजेट निर्माण गर्ने र कार्यान्वयन गर्ने, विद्यालय सुधारसँग सम्बन्धित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवार बनाउने, विद्यालय व्यवस्थापनका लागि प्रधानाध्यापकहरूको सशक्तीकरण तथा क्षमता अभिवृद्धि गर्ने, वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षाकोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने, अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र विद्यालयको कार्यसम्पादनका सम्बन्धमा सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने, स्थानीय तहका सम्बन्धित शाखाहरू, स्थानीय सामुदायिक तथा गैरसरकारी संस्थासमेतको सहकार्यमा विद्यार्थीका लागि पोषण, स्वास्थ्य, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा विपद्को अवस्थामा समेत शिक्षाको निरन्तरताका लागि आवश्यक समिति वा संरचना तयार गर्ने जस्ता कार्यहरू विद्यालयस्तरबाट हुँदै आएका छन्।

शिक्षा योजना निर्माण पश्चात् सो योजनाको प्रभावकारी रूपमा कार्यान्वयन गर्नको लागि आवश्यक जनशक्ति व्यवस्थापन कानुन तथा कार्यविधि निर्माण वजेटको सुनिश्चितता गर्ने काम तीन तहका सरकारबिचको समन्वय र सहकार्यबाट कार्यान्वयन योजना निर्माण, अनुगमन योजना निर्माण, कार्यक्रम कार्यान्वयन कार्यविधि तयारी, विभिन्न सरोकारवालाहरूलाई कार्यक्रमहरूको बारेमा प्रबोधीकरण गर्ने जस्ता कार्यक्रमहरू कार्यान्वयन गरिएको छ।

### ५.२.३ उद्देश्य

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु,
२. शिक्षा योजना कार्यान्वयनका लागि आवश्यक साधन स्रोत र संयन्त्रको विकास गर्नु,

३.	अनुगमन र मूल्याङ्कन गरी योजना कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि गर्नु ।

## ५.२.४ रणनीति

१. संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत् प्राप्त ससर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने,

२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका निर्माण गर्ने,

३. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै आइपर्ने समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने,

४. एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत् नियमितरूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने र त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने,

५. समयमै विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गरी सक्रिय बनाउने,

६. विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गर्न लगाई कार्यान्वयनमा सहजीकरण गर्ने,

७. विद्यालय व्यवस्थापनलाई सशक्तीकृत र सुदृढ बनाइ निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने,

८. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षाकोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने,

९. अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने,

१०. सामुदायिक सिकाइ केन्द्रमार्फत् सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा विकास गर्ने ।

### ५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिहरुः**

१.	शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुने,

२.	शिक्षा योजना कार्यान्वयनका लागि आवश्यक साधन स्रोत र संयन्त्रको विकास भएको हुने,

३.	अनुगमन र मूल्याङ्कनका माध्यमबाट शिक्षा योजनाको कार्यान्वयन प्रभावकारी भएको हुने ।

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/ ८३ | २०८३/ ८४ | २०८४/ ८५ | २०८५/ ८६ | २०८६/ ८७ | जम्मा | |
| १. | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| २. | बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक नीति निर्देशिका तथा कार्यविधिको विकास | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ३. | नीति कार्यविधिको निर्देशिका मापदण्डको प्रबोधीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ४. | गाउँ शिक्षा योजना र विद्यालय सुधार योजना निर्माण एवम् समयानुकुल अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ५. | एकीकृत शैक्षिक सुचना प्रणाली सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ६. | स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयनका लागि प्रचलित कानुन बमोजिमको प्रक्रिया अवलम्बन | निरन्तर | | | | | | | नियमानुसार कार्यान्वियन भएको हुने |
| ७. | शैक्षिक गुणस्तर सुधार सम्वन्धी अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ८. | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| ९. | सामाजिक परीक्षणको प्रतिवेदनको आधारमा विद्यालयहरूलाई थप सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ |
| १०. | शैक्षिक क्यालेण्डर निर्माण (कार्यपात्रो) | पटक | १ | १ | १ | १ | १ | ५ | |

## ५.३ अनुगमन तथा मूल्याङ्कन

### ५.३.१ परिचय

कुनै पनि स्वीकृत योजना तथा कार्यक्रम तर्जुमा भएपछि त्यसको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन र मूल्याङ्कनको महत्त्वपूर्ण भूमिका रहन्छ । स्थानीय शिक्षा योजना स्वीकृत भएपछि त्यसको प्रभावकारी कार्यान्वयन गर्न अनुगमन र मूल्याङ्कनलाई यैजना कार्यान्वयनकै अङ्गका रूपमा प्रयोगमा ल्याउनुपर्छ । स्थानीय तहले कार्यक्रम कार्यान्वयन कार्यविधि र स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमबमोजिम कार्यक्रम कार्यान्वयन गर्ने गरिएको छ । स्थानीय तह र  विद्यालय तहमा सञ्चालन हुने कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा अनुगमन र मूल्याङ्कन पनि एक मुख्य कार्यका रूपमा लिइएको छ । प्रत्येक विद्यालय र स्थानीय तहले बजेट र कार्यक्रममा तोकिएको जिम्मेवारीअनुसार कार्यक्रम सञ्चालन गर्नेछन् ।

स्वीकृत कार्यक्रमहरू अपेक्षित समय, परिमाण र गुणस्तरमा कार्यान्वयन भए नभएको अनुगमन मूल्याङ्कन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र विद्यालय तहमा वि.व्य.स र प्र.अ. को नेतृत्वमा प्रभावकारी कार्यान्वयनको अनुगमन गरिने छ । विद्यालयको नियमित अनुगमन र सुपरिवेक्षणका क्रममा पालिकाले समग्र पक्ष (शैक्षिक, प्रशासनिक, व्यवस्थापीय र भौतिक पक्ष) को अवलोकन र निरीक्षण गर्ने छ । अनुगमन र सुपरिवेक्षणापश्चात् सरोकारवालाहरूसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । कार्यक्रम कार्यान्वयनका लागि नीतिगत रूपमा पालिका र विद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समिति बनाई क्रियाशील गराइने छ ।

### ५.३.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरूमा नियमितरूपमा अनुगमन, नियमन र मूल्याङ्कन गर्ने कार्य गाँउ पालिकाको शिक्षा शाखा र अनुगमन समितिका सदस्य तथा जनप्रतिनिधिहरूबाट पनि समय समायमा हुने गरेको छ । स्रोत केन्द्र खारेजीपश्चात् कक्षा अवलोकन तथा सुपरिवेक्षण कार्य भने हुन सकेको छैन । केही सीमित विद्यालयका वि.व्य.स. का पदाधिकारीबाट सीमित मात्रामा विद्यालयको अनुगमन हुने गरेबाहेक वि.व्य.स.बाट खासै अनुगमन र मूल्याङ्कनका कार्य हुने गरेको पाइँदैन । अनुगमन भइहाले पनि पृष्ठपोषण र सुझाव दिने गरेको पाइँदैन । सीमित विद्यालयमा कहिलेकाहीँ गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन । यसरी हेर्दा विद्यालय तहमा प्रभावकारी अनुगमन र मूल्याङ्कनको स्थायी प्रणाली निर्माण र परिचलनमा समस्या छ ।  यसैगरी विद्यालयहरूले गरेका  राम्रा र सफलताका अभ्यासहरू दूताबेजीकरण गरी एकापसमा आदानप्रदान गर्ने परिपाटी पनि अभ्यासमा पाइँदैन ।

यसै गरी मौजुदा प्रयोगमा रहेका ऐन, नियममा उल्लेख भएअनुसार कार्य र जिम्मेवारी पूरा भए नभएको लेखाजोखा गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको  मूल्याङकन गर्ने कार्यहरू नियमित रूपमा हुन सकिरहेका छैनन् । तसर्थ यो योजना कार्यान्वयनका क्रममा पालिका तथा विद्यालय तहको शिक्षा सम्बद्ध सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङकन गर्नुपर्ने देखिएको छ । यसका लागि गाउँ शिक्षा योजनाको कार्यान्वयनका क्रममा यसको प्रबोधीकरणका साथै प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराई, सूचना तथा प्रविधिको अन्य माध्यमबाट पर्याप्त जानकारी गराइनेछ । योजनाको कार्यान्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यका लागि गाउँपालिका तथा सम्वन्धित वडाहरूले यस योजनासँग सम्वन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछन् । योजनाको कार्यान्वयनको क्रममा गाउँपालिका वडाहरू, सम्वन्धित समिति तथा उपसमितिहरूको वैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ ।

### ५.३.३ उद्देश्य

१. अनुगमन तथा मूल्यांकनको लागि संयन्त्रको निर्माण गर्नु,
२. अनुमगन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु
३. योजना कार्यान्वयनको क्रममा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।

### ५.३.४ रणनीतिहरू

१. प्रभावकारी अनुगमन तथा मूल्याङ्कनको लागि संयन्त्र निर्माण गर्ने,
२. शैक्षिक अनुगमन तथा मूल्याङ्कनका कार्यविधि, कार्ययोजना निर्माण गरी प्रयोग गर्ने,
३. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने,
४. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने,

५. पालिका तहमा विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने,
६. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गर्ने,
७. योजनाअन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापहरूको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने ।

**५.३.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**(क) उपलब्धि**

१. प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने,
२. कार्यक्रमको आवधिक समीक्षा भई सफलतालाई निरन्तरता, कमी कमजोरी र असफलतालाई निरुपण, सुधार र पुनर्योजना गर्न, पद्दत हुने,
३. समग्र योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुने ।

**(ख) प्रमुख नतिजाः**

१. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भएको हुने,
२. अनुगमनका आधारमा नतिजा सुधार हुने,
३. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास हुने ।

**(ग) प्रमुख क्रियाकलाप र लक्ष्यः**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | जम्मा | |
| १. | अनुगमन पद्धति विकास तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २. | अनुगमन प्रणालीका लागि मापदण्ड र सूचक तयारी र अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३. | अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण | पटक | नियमित तथा आकस्मिक, त्रैमासिक अर्धवार्षिक र वार्षिक रूपमा | | | | | | |
| ४. | चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| ५. | स्थिति प्रतिवेदन तयारी | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| ६. | शैक्षिक बुलेटिन प्रकाशन | पटक | २ | २ | २ | २ | २ | १० | |
| ७. | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ८. | अनुगमन सम्बन्धी क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ९. | सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १०. | विद्यालयको लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ११ | जवाफदेहिता परिपालना तथा पुरस्कार र प्रोत्साहन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १२. | अनुगमन समिति गठन र क्रियाशीलता | पटक | मापदण्ड अनुसार समिति गठन गरी नियमित रूपमा अनुगमन र प्रतिवेदन गर्ने | | | | | | |

# परिच्छेद छ: लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

देश विकासका लागि शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो भनिन्छ। दिगो विकासका लागि राष्ट्रले प्राथमिकताका साथ शिक्षामा लगानी गर्नुपर्दछ। नेपालले विभिन्न कालखण्डमा शिक्षासम्बन्धी नीति तथा कार्यक्रम तय गर्दा शिक्षामा लगानी वृद्धि गर्ने लक्ष्य लिएको छ।

नेपालमा बजेट निर्माणका चरणमा शिक्षा क्षेत्रको बजेट प्रमुख छलफलको विषय बन्ने गर्दछ। शिक्षामा राष्ट्रिय बजेटको २० प्रतिशत पुऱ्याउने लक्ष्य राखेको भए तापनि अहिलेसम्म उक्त लक्ष्य पूरा भएको पाइँदैन। नेपालको आ. व. २०८२।०८३ को कुल राष्ट्रिय बजेटमध्ये शिक्षा विज्ञान तथा प्रविधिको क्षेत्रमा जम्मा १०.७५% छुट्टाइएको पाइन्छ। संविधानले आधारभूत शिक्षालाई निःशुल्क र अनिवार्य गराउने, माध्यमिक तहको शिक्षा निःशुल्क गर्ने र अपाङ्ग ,महिला ,जात तथा वर्ग विभेद नहुने गरी शिक्षालाई मौलिक हकका रूपमा प्राप्त गर्ने अवसर प्रदान गर्न राज्यको दायित्व हुने कुरा प्रस्ट पारेको छ। शिक्षा ऐन ,नियम ,राष्ट्रिय शिक्षा नीति - २०७६ र वर्तमान विद्यालय शिक्षा क्षेत्र योजनाले पनि यसै कुरालाई पछयाएको छ।

विद्यालय शिक्षामा लगानी गर्नु संघ, प्रदेश र स्थानीय तहको साझा दायित्व भएकाले यस विषयमा विशेष ध्यान पुऱ्याउन आवश्यक छ। तहगत सरकारबाट तोकिएको क्रियालापमा आधारित लगानी नगरी पूरक लगानीको उत्तरदायित्व संयन्त्र विकास गरी कार्यान्वयन गर्नु पर्दछ। परिमाणस्वरूप विद्यालयका शिक्षक तथा कर्मचारीको पारिश्रमिक र भौतिक निर्माणलगायतका कार्यमा सङ्घीय तहबाट वित्तीय हस्तान्तरणमार्फत् उपलव्ध हुने ससर्त अनुदानका अतिरिक्त स्थानीय सरकारले आफ्नै स्रोतबाट समेत बजेट विनियोजन गर्ने अपेक्षा गरिएको छ।

## ६.२ वर्तमान अवस्था

विश्वव्यापी रूपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तीमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिवद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमशः घट्दै गइरहेको पाइन्छ। ससर्त अनुदानका रूपमा प्राप्त हुने केन्द्रीय अनुदानको ९२ प्रतिशतभन्दा वढी रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा, मसलन्द र पाठ्यपुस्तक जस्ता शीर्षकहरूमा खर्च हुने गरेको छ। गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन् । पञ्चवर्षीय गाउँ शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहने छन्। अभिभावक र समुदायको भूमिका परिपूरकको रूपमा रहनेछ।

समग्र वित्तीय व्यवस्थापनअन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलब्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत् वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन्। नतिजामा आधारित स्रोत विनियोजन पद्धतिमार्फत् विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ। स्रोतको आँकलन तपसिल बमोजिम गरिएको छः

| क्र.स. | वित्तीय स्रोतको व्यवस्थापन | कुल बजेट | जम्मा हिस्साको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | सङ्घीय सरकार | १६९५८३७००० | ८५.० | |
| २. | प्रदेश सरकार | २५५००००० | १.० | |
| ३. | स्थानीय सरकार | २०७६१८००० | ११.० | |
| ४. | सङ्घ संस्था तथा दातृ निकाय | ५७०८०००० | ३.० | |
| | जम्मा | १९८६०३५००० | १०० | |

## ६.३ उद्देश्य

- योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्ने,
- पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्ने,
- उपलब्ध स्रोतका आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,
- खर्चको प्रक्रिया र दायित्व स्पष्ट गर्नु।

## ६.४ रणनीतिहरू

- सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी गरिने,
- आफ्नो तहभित्रको लक्षित शैक्षिक पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरिने,
- स्रोतको उपयोग गर्ने विद्यालयलाई जबाफदेही बनाइने,
- शिक्षा क्षेत्रमा हाल भएको लगानीमा वृद्धि गर्ने,
- शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्द्धन गरिने,
- मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने,
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइने।

## ६.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**(क) उपलब्धि**

- शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुने,
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने,
- शिक्षा योजना पूर्णरूपमा सञ्चालन भई समग्र विद्यार्थीको सिकाइ वृद्धि भएको हुने।

## ६.६ विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तरसम्वन्धित विषय क्षेत्र अन्तर्गतका क्रियाकलापहरूको बजेट विवरण

| क्र. स. | शिक्षाका क्षेत्रगत उपक्षेत्र | भौतिक लक्ष्य ५ वर्ष प्रति इकाइ लागत रु हजार( ०००) मा | | | | | | | स्रोत आकलन | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८२/ ०८३ | २०८३/ ०८४ | २०८४/ ०८५ | २०८५/ ०८६ | २०८६/ ०८७ | ५ वर्षको जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य |
| १. | प्रारम्भिक बालविकास र शिक्षा | ३२९१८ | ३३७७८ | ३८४७१ | ३८४७१ | ३८५२१ | १८२१५९ | १११२० | २००० | ६८०३९ | १००० |
| २. | आधारभूत शिक्षा | २१३११० | २१३२६० | २४४२२२ | २४५८२२ | २४५८२२ | ११६२२३६ | ११३९५७१ | ३००० | १७१६५ | २५०० |
| ३. | माध्यमिक शिक्षा | ९५०८५ | ६४८३५ | ७३०१५ | ७५९३० | ७५६३० | ३८४४९५ | ३४४८७५ | ९८०० | २३६२० | ६२०० |
| ४. | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | ६०० | ८०० | ८०० | ११८० | ११८० | ४५६० | १९०० | १५० | १९१० | ६०० |
| ५. | उच्च शिक्षा | १२०० | १२०० | १२०० | १२५० | १२५० | ६१०० | ० | ० | ६१०० | ० |
| ६. | पाठ्यक्रम तथा मूल्याङ्कन | ६३११ | ६८११ | ६८५६ | ७८५६ | ६८५६ | ३४६९० | १८७२५ | १५०० | १४४६५ | ० |
| ७. | शिक्षामा सूचना प्रविधि | ५५१५ | ५५१५ | ५८०० | ६३०० | ६००० | २९१३० | १५०३० | ५००० | ५१५० | ३९५० |
| ८. | युवा, खेलकुद तथा अतिरिक्त क्रियाकलाप | ४०८० | ४०८० | ४१५० | ४९३० | ४९३० | २२१७० | ० | ० | २२१७० | ० |
| ९. | शिक्षक व्यवस्थापन र विकास | २८३३ | ३०३३ | २९३३ | ३८५० | ३७५० | १६३९९ | ३६५० | ० | १२७४९ | ० |
| १०. | समता र समावेशीता | १४०० | १४०० | १४०० | १५९० | १५९० | ७३८० | ० | ० | ६०० | ६७८० |
| ११. | विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम | १२१४० | १४१४० | १३६६२ | १४५४२ | १४५४२ | ६९०२६ | ५०८१६ | ५५० | २९६० | १४७०० |
| १२. | विद्यालय सुरक्षा विपत न्यूनीकरण तथा उत्थानशीलता | ३०० | ५०० | ४०० | ४०० | ४०० | २००० | ० | ० | ९०० | ११०० |
| १३. | विद्यालय भौतिक पूर्वाधार विकास | ७००० | १०००० | ७००० | ८५०० | ८५०० | ४१००० | ० | ३००० | १८००० | २०००० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १४. | सुशासन र व्यवस्थापन | ३६२० | ३६२० | ३७०० | ४००० | ४००० | १८९४० | ७०४० | ५०० | ११९५० | २५० |
| १५. | अनुगमन र मूल्याङ्कन | १०७० | ११७० | १०७० | ११७० | १२७० | ५७५० | ३११० | ० | २६४० | ० |
| | कुल जम्मा | ३८७१८२ | ३६४१४२ | ४०४६७९ | ४१५७९१ | ४१४२४१ | १९८६०३५ | १६९५८३७ | २५५०० | २०७६१८ | ५७०८० |

**६.७ योजनाको वर्षिक बजेट तर्जुमा प्रक्रिया**

योजनामा उल्लिखित परिच्छेद ३, ४, ५ र ६ मा उल्लिखित प्रमुख क्रियाकलाप र लक्ष्यलाई प्रस्तावित भौतिक लक्ष्य मानि वार्षिकरूपमा सो कार्य सम्पादनका लागि आवश्यक बजेट हिसाब गरी एकाइ लागत निर्धारण गरिएको छ । विभिन्न शीर्षकअन्तर्गत रहेर आगामी ५ वर्षको बजेट खाका प्रस्तुत गरिएको छ । यसै योजनालाई आधार बनाएर पालिकाले आफ्नो वार्षिक योजना तथा कार्यक्रमहरू प्राथमिकताका आधारमा निर्धारण गर्नेछ ।

**योजनाका क्षेत्रगत उपक्षेत्र र अन्तरसम्वन्धित विषय क्षेत्र अन्तर्गतका क्रियाकलापगत**

**पञ्चवर्षीय अनुमानित बजेट विवरण**

| क्र. स. | उपक्षेत्रगत कार्यक्रम | लक्ष्य इकाइ | भौतिक लक्ष्य ५ वर्ष प्रति इकाइ लागत रु हजार( ०००) मा | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२/ ०८३ | २०८३/ ०८४ | २०८४/ ०८५ | २०८५/ ०८६ | २०८६/ ०८७ | जम्मा |
| **(क)** | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | |
| १. | बालविकास केन्द्रको नक्साङ्कन तथा पुनर्वितरण | पटक | | ५० | | | | ५० |
| २. | शिक्षक/सहयोगी कार्यकर्ताको क्षमता विकास | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| ३. | सुपरिवेक्षणको लागि अधिकार सम्पन्न संयन्त्रको विकास गर्ने | निरन्तर | | ५० | | | ५० | १०० |
| ४. | न्यूनतम मापदण्डमा सुधार (पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन) | वटा | १००० | १००० | १२०० | १२०० | १२०० | ५६०० |
| ५. | प्रारम्भिक वालविकास तथा शिक्षकको सेवा तथा सुविधामा वृद्धि गर्ने | निरन्तर | १३२३० | १३२३० | १५२१४ | १५२१४ | १५२१४ | ७२१०२ |
| ६. | प्रारम्भिक बालविकास सहजकर्ताको थप कोटाको व्यवस्थापन | रकम | १०४० | १८०० | १८०० | १८०० | १८०० | ८२४० |
| ७. | विद्यालय सहायक र सहयोगी कर्मचारी तलब भत्ता | सङ्ख्या | १७३९८ | १७३९८ | २०००७ | २०००७ | २०००७ | ९४८१७ |
| ८. | उत्कृष्ट सहजकर्तालाई सम्मान | जना | ५० | ५० | ५० | ५० | ५० | २५० |
| ९. | अभिभावक शिक्षा | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| | जम्मा | | ३२९१८ | ३३७७८ | ३८४७१ | ३८४७१ | ३८५२१ | १८२१५९ |
| **(ख)** | **आधारभूत तह** | | | | | | | |
| १. | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | | ५० | | | | ५० |
| २. | मापदण्डअनुसार शिक्षक व्यवस्थापन | जना | २०० | २०० | २०० | ३०० | ३०० | १२०० |
| ३. | शिक्षकको पेसागत क्षमता अभिवृद्धि | जना | २०० | २०० | २०० | ३०० | ३०० | १२०० |
| ४. | आधारभूत तह परीक्षा (कक्षा ५ र ८) | पटक | ५०० | ५०० | ६०० | ६०० | ६०० | २८०० |
| ५. | परीक्षा व्यवस्थापन (कक्षा ४,६,७ र९) | पटक | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० |
| ६. | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वियन | विद्यालय | | १०० | | | | १०० |
| ७. | शिक्षक विकास तथा सहायता प्रणाली | विद्यालय | २०० | २०० | २०० | ३०० | ३०० | १२०० |
| ८. | विव्यस, शिअसंका पदाधिकारीहरूको क्षमता विकास | पटक | १०० | १०० | १०० | २०० | २०० | ७०० |
| ९. | विपन्न दलित छात्रा तथा अपाङ्गता भएका विद्यार्थीलाई सहयोग/ छात्रावृत्ति | सङख्या | १५०० | १५०० | १५०० | २००० | २००० | ८५०० |
| १०. | अभिभावक अभिमुखीकरण र सहभागिता | पटक | १०० | १०० | १०० | २०० | २०० | ७०० |
| ११. | उत्कृष्ट शिक्षक र विद्यार्थीलाई सम्मान | पटक | ५० | ५० | ८० | ८० | ८० | ३४० |
| १२. | उत्कृष्ट विद्यालय अनुदान | सङ्ख्या | २०० | २०० | २०० | २५० | २५० | ११०० |
| १३. | विषयगत तालिम तथा पाठ्यक्रम प्रवोधीकरण | जना | २०० | २०० | २५० | २५० | २५० | ११५० |
| १४. | शैक्षिक महोत्सव | पटक | २५० | २५० | २५० | ३०० | ३०० | १३५० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १५. | कार्यालय व्यवस्थापन | सङ्ख्या | ५०० | ५०० | ६०० | ६०० | ६०० | २८०० |
